मंसिर ७, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# चुनावी अन्योल

राजनीतिक सहमतिको अभावमा अस्पष्ट बनेको संविधानसभाको निर्वाचन निकै महँगो हुने भएको छ ।

■ अपहृत गाडीमा प्रचण्ड सरर...

मूल्य रु. २५




**समय**
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १३१, मंसिर १–७, २०६३




**आवरण :** **सुरक्षा, समयसीमा, नागरिकता, मतदाता नामावली र ठूलो आर्थिक व्ययभारजस्ता चुनौतीहरूले संविधानसभाको निर्वाचन अत्यन्त जटिल बन्न पुगेको छ । अहिले भएको सहमतिअनुसार समयमै निर्वाचन गराउनु फलामको च्यूरा चपाउनुसरह छ ।** २९

**गोर्खाल्यान्डमा सशस्त्र संघर्ष :** युनाइटेड गोर्खा रिभ्युलुसनरी आर्मी नामक दस्ताले पश्चिमबंगाल सरकारविरुद्ध सशस्त्र संघर्ष सुरु गरेको घोषणासँगै सेन्ट्रल रिजर्भ पुलिस फोर्स परिचालित भएपछि दार्जीलिङ क्षेत्रमा त्रासको वातावरण छ । १८


**विशेष रिपोर्ट :** राजधानीबाहिरका अधिकांश जिल्लामा डाक्टरको अभावले कयौंको अकालमा ज्यान गइरहेको छ, तर नेपाली युवा डाक्टरचाहिँ काम, दाम र क्यारिअर खोज्न विदेशतिर भाग्दै छन् । २३

**खेलकुद :** राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले राजाको प्रत्यक्ष शासनकालमा भएका पन्ध्रवटा खेलकुद संघहरूको निर्वाचन बदर गर्ने निर्णय गरेपछि नेपाली खेलकुदमा एकपल्ट फेरि भुइँचालो गएको छ । ४८


तेजबहादुर बस्नेत

**रंग :** **इब्सनको सम्झनामा यो साता राजधानी इब्सनमय भएको थियो ।** ५५

सम्पादकीय ................................ ५
डाँक ......................................... ८
टिपोट ...................................... १०
मुलुक ...................................... १२
साहित्य ................................... ५१
अनुहार .................................... ५७
शून्य समय ................................ ५८



समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# सावधानी र सतर्कताको खाँचो

## सम्पादकीय

**सत्तापक्षीय** सात दल र माओवादीबीच सम्पन्न सहमतिले अवश्य पनि मुलुकमा दीर्घकालीन शान्तिका लागि मार्ग प्रशस्त गरेको छ। विद्रोही पक्ष बन्दुक थन्काउने तयारीमा छ भने सहमतिका दुवै पक्ष चरणबद्ध र संस्थागतरुपमा अगाडि जान उत्सुक रहेको संकेत पनि देखा परेको छ। त्यसमा दुवै पक्षबाट देखाइएका लचकता साँच्चै नै सह्रानीय छ।

तर दुई पक्षबीच सम्पन्न सहमति कयौं अर्थमा अधुरो र प्रतिबद्धताविहीन पनि छ। शान्ति प्रक्रियाका विभिन्न चरणमा संयुक्त राष्ट्रसंघको औपचारिकतापछि ती अपूर्णता प्रक्रियामा बाधक नबन्लान् भन्ने आशा राख्न सकिन्छ। तर यदि हस्ताक्षर गर्ने दुवै पक्षले नियतवश र पछि आ-आफ्ना हिसाबले ती अपूर्णताको रणनीतिक व्याख्या गरे भने त्यसले वार्ता बिथोल्ने सम्भावना बोकेको हुन्छ। अस्पष्ट सहमतिका बुँदाले त्यसको कुव्याख्याको सम्भावनालाई बढाउँछ र त्यसले अन्त्यमा शान्ति प्रक्रियामा तगारो तेर्स्याउन सक्छ। त्यस्तै ती प्रावधानहरू कानुनी सिद्धान्तका आधारमा खरो उत्रलान् वा नउत्रलान् त्यसको पनि समीक्षा जरुरी छ।

अन्तरिम संविधानमा आठ पार्टीभन्दा बाहिरकालाई निषेध गर्ने निर्णय आफैंमा बहिष्कारवादी र गैरप्रजातान्त्रिक मानसिकताको परिचायक हो। यसले गर्दा अन्तरिम संसद् र त्यसप्रति उत्तरदायी सरकारमाथि अनेक आशंका सिर्जना हुनेछन्। योभन्दा बढी कात्तिक २२ गतेको सहमतिमा स्पष्ट बेइमानी र खराब नियतको झल्को छ, खासगरी पीडितहरूका सम्बन्धमा। सहमति पीडितहरूलाई 'राहत दिलाउने' बारेमा केन्द्रित छ, जब कि आन्तरिक रुपमा विस्थापितहरू तथा माओवादीद्वारा जबरजस्ती जफत गरिएका घरजग्गा, चल-अचल सम्पत्ति उनीहरूलाई फर्काइनेबारे कुनै स्पष्ट प्रतिबद्धता जनाइएको छैन। पीडितहरूको पीडा र उनीप्रति भएको अत्याचारलाई बेवास्ता गरेर दीर्घकालिन शान्ति स्थापना हुन सक्तैन। त्यस्तै बालसेनालाई तत्काल स्वतन्त्र गराउनेबारे पनि पक्षहरू चुप छन्।



लामो बहस र छलफलपछि न्यायपालिकामा पुनर्नियुक्तिको माग तथा औचित्यलाई सहमति पत्रमा अस्वीकार गरिए पनि कार्यपालिकाको डरको छायाँबाट न्यायपालिका अझै पनि मुक्त छैन। 'स्वतन्त्र न्यायपालिकाको अवधारणा र मूल्य मान्यतालाई अनुसरण गर्ने' वाक्यांश सहमति पत्रमा सामेल गरिए पनि न्यायपालिकालाई जनआन्दोलनको भावना, लोकतन्त्र र अन्तरिम संविधानप्रति प्रतिबद्ध बनाउने संकल्पले 'कमिटेड जुडिसिबरी'को अवधारणा लाद्न खोजिएको देखिन्छ। न्यायपालिका भावनाबाट हैन कानुन, नियम, संविधान र परम्पराबाट निर्देशित हुन्छ। न्यायपालिकामाथि कुनै किसिमको अंकुश वा तरवार यो सहमतिले तेर्स्याएको सन्देश जानु नै प्रजातन्त्रका लागि भएको जनआन्दोलनको सबभन्दा ठूलो उपहास हो। स्वतन्त्र र अंकुशरहित न्यायपालिकाको अभावमा प्रजातन्त्र शासक वा कार्यपालिकाको राजनीतिक महत्त्वाकांक्षाको औजार बन्न सक्छ।

त्यस्तै असावधानी 'राजतन्त्र'को भाग्य फैसला र राजाको सम्पत्तिको 'जफ्ती'सम्बन्धी प्रावधानमा देखिएको छ। 'ह्विप' प्रणाली र आठ दलको बाहुल्य रहने प्रबल सम्भावना भएको संविधानसभाले किन दुई तिहाइको साटो 'सामान्य बहुमतद्वारा राजाको भविष्य टुंगो लगाउने अठोट गऱ्यो ? जब कि महत्त्वपूर्ण मुद्दा र संविधान संशोधन दुई तिहाइ बहुमतबाट हुने संसदीय परम्परा छ। त्यस्तै सरकारले स्पष्ट के पनि पार्नु आवश्यक छ भने के अबको संविधानमा सम्पत्तिमाथिको अधिकारलाई मौलिक हकको सूचीबाट निकालिएला ? कुन सम्पत्ति कानुनसम्मत वा विपरीत तरिकाबाट राजा ज्ञानेन्द्रले लिए, त्यसको छानबिन नगरी र अर्कोतिर स्वर्गीय राजा वीरेन्द्रको सम्पत्तिको हकदार ज्ञानेन्द्र नभएर वीरेन्द्रका सन्तानलाई त्यसबाट वञ्चित गर्नु कानुनसम्मत होला वा नहोला, त्यता ध्यान नदिई ट्रस्टको घोषणा हुँदा त्यसले भविष्यमा जन्माउने जटिलता सरकारका लागि भालुको कम्पट सावित हुनसक्छ।

यी विकृति र हतारमा क्रान्तिकारी देखिने प्रावधानमा समीक्षाको आवश्यकता हुँदाहुँदै पनि सहमति पत्रको 'अन्तिम अपेक्षा' शान्ति र प्रजातन्त्रको पक्षमा देखिएकोले त्यो स्वागतयोग्य नै मानिनु पर्छ। तर, सहमतिका विविध पक्षका आचरण र प्रतिबद्धताले अपेक्षित उपलब्धि ल्याए मात्र त्यो ऐतिहासिक भएको ठहरिनेछ। ■




## समय साता

**सहयोग**

विश्व बैंकद्वारा नेपालको गरिबी निवारण कोषका लागि २ करोड ५० लाख अमेरिकी डलर दिने घोषणा । उक्त रकम सामुदायिक संरचनाको सुधार, रोजगार र आय आर्जन योजनाहरूमा खर्च गरिने ।

**आदेश**

राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारलाई जनकपुरमा गोली हानी हत्या गरेका प्रहरी निरीक्षक प्रकाशराज शर्मा सहितको टोलीलाई कारबाही नगर्नुको जवाफ १५ दिनभित्र पेस गर्न सर्वोच्च अदालतद्वारा सरकारलाई आदेश ।

**हस्तान्तरण**

एघार वर्षको युद्ध अन्त्य भएको व्यहोराको शान्ति सम्झौताको मस्यौदा शान्ति सचिवालयद्वारा सरकारलाई हस्तान्तरण ।

**बदर**

राष्ट्रिय खेलकुद परिषद्द्वारा शाही शासनकालमा भएका परिषद्का सबै संघको चुनाव बदर । एन्फाद्वारा सोको विरोध ।

**संशोधित**



बलात्कारको अपराधमा चारजना पुरुष साक्षी चाहिनेजस्ता प्रावधान रहेको इस्लामिक कानुनको पाकिस्तानको संसद्द्वारा संशोधन, यौन स्वच्छन्दतालाई बढावा दिएको आरोपमा कट्टरपन्थी धार्मिक पार्टीद्वारा संसद् बहिष्कार ।

**विजयी**



कंगोमा भएको राष्ट्रपतीय निर्वाचनमा जोसेफ कबिला ५८ प्रतिशतभन्दा बढी मतद्वारा विजयी भएको घोषणा । विपक्षीद्वारा धाँधलीको आरोप ।

**सम्मानित**

गणेशमान सिंह प्रतिष्ठानद्वारा जनआन्दोलनका योद्धाका रूपमा नेपाली कांग्रेसका नेता बलबहादुर राई सम्मानित ।


**सुझाव**

प्रहरीमा रहेको विद्यमान अवकाश सम्बन्धी व्यवस्था परिवर्तन गर्न प्रहरी प्रधान कार्यालयद्वारा गृह मन्त्रालयलाई सुझाव ।

**मृत्यु**

तेह्रथुमको संक्रान्तिमा फालिएको बेवारिसे बम खेलाउँदा तीन बालकको मृत्यु ।

**सुरु**



मुलुकमा शान्तिको वातावरण सुरु हुँदाहुँदै पर्यटकको सम्भावनालाई ध्यानमा राखेर संसारकै प्रतिष्ठित हवाई कम्पनीमा गनिने कोरियाको कोरियन हवाई कम्पनीद्वारा काठमाडौंका लागि उडान सुरु ।

**सहमति**

नागरिकता वितरणका लागि २०४६ साललाई आधार वर्ष बनाउन प्रतिनिधिसभा राज्यव्यवस्था समितिले राजनीतिक दलहरूलाई सहमत बनायो ।

**बेपत्ता**

गणेश हिमाल आरोहणमा गएका चार फ्रान्सेली नागरिक सिज्लर स्टेफन, भिन्सेन्ट भिल्जेडाइट, जाँ बाप्टिस्टो मोरियान र राफेल पेरिसिनफेबेर्ट बेपत्ता ।




## मन बुझाउने कसरी ?

**माओवादी र सात** दलको मिलनले अब देश विकास र शान्ति नयाँ धारमा अगाडि बढेको छ र माओवादी पनि यसैमा व्यस्त रहेका छन् ( 'ऐतिहासिक फड्को' आवरण *समय* वर्ष ३, अंक १३०) । युद्धको अवधिमा ज्यान गुमाएकाहरूप्रति माओवादीको धारणा कस्तो छ, त्यो अहिलेसम्म बुझ्न पाइएको छैन । जनता अहिले माओवादी भड्काउमा लागेर ज्यान गुमाएकाहरूप्रति उनीहरूको कस्तो व्यवहार रहने हो, त्यो जान्न उत्सुक छन् ।

सरकारद्वारा मारिएकालाई सरकारले सहयोग उपलब्ध गराएझैं के माओवादी युद्धमा मारिएकालाई पनि सहयोगको कुनै नयाँ अवधारणा ल्याउला माओवादीले ? होइन भने बन्दुक छोडेको भोलिपल्ट माओवादीलाई आफ्ना सन्तान गुमाउन पुगेकाहरूले प्रश्न नगर्लान् भन्ने के निश्चित ? सरकारको तर्फबाट मरेका प्रहरी जवान अथवा सेनाले सहिदको दर्जा पाउनुका साथै परिवारको भरणपोषणका लागि आर्थिक सहयोग समेतको समेत व्यवस्था भएको छ । माओवादीमा लागेर मर्ने परिवारका लागि भनेर माओवादीले पनि के यस्तै योजना ल्याउला ? होइन भने आफ्ना सन्तान बलि दिएर बसेका दुखी जनताले अब मुलुकमा शान्ति आयो सबैले खुसी मनाइरहेका बेला आफ्नो मुटुमा लागेको घाउलाई दबाएर कसरी सन्तोष लिने ?

■ **अमन ढुंगेल**
सीतापाइला, काठमाडौं ।

## फड्कोको निरन्तरता

**नेपालीहरूले** सात दल र माओवादीबीचको सम्झौतालाई ११ वर्षदेखि भोदै आएको हत्या हिंसाको राजनीतिबाट मुक्त पाउने दिनको सुरुवातका रुपमा मान्न सकिन्छ (आवरण *समय* वर्ष ३, अंक १३०) । अब भावी राजनीतिक कार्यक्रमलाई पनि इमानदारीका साथ ऐतिहासिक फड्कोलाई मूर्तरूप दिनका लागि माओवादीको अनियन्त्रित अहं र छाडातन्त्रलाई लगाम लगाउनै पर्छ । सरकारका गल्तीलाई पनि मनन गर्न पर्छ । उमेरको हिसाबले वृद्ध तर व्यवहार र कार्यशैलीमा स्पष्ट र ठोस देखिएका गिरिजाप्रसाद कोइराला अनि शैली र खुबी भएका नेता प्रचण्डको आगामी पाइलाहरूमा नै नयाँ नेपालको सपना निर्भर हुनेछ ।

■ **सुन्दर तिवारी**
वालिङ-३, स्याङ्जा ।

## खै सरकार संवेदनशील ?

**सेनाले मारेको** पुष्टि भइसकेपछि पनि अबोध बालकहरूका लागि क्षतिपूर्ति मा गरिएको लापरवाहीले चित्त दुख्यो ('पाइएन क्षतिपूर्ति' *समय* वर्ष ३, अंक १३१) । मानवअधिकार आयोगले समेत सिफारिस गरेको अवस्थामा पनि क्षतिपूर्ति नपाउँदा विचरा ती अबोध बालबालिकाको हालत कस्तो होला, यस्तो ठाउँमा सरकार संवेदनशील हुनु पर्छ कि पर्दैन ?

■ **विजय नेपाली**
मीनभवन कमर्स कलेज,
मीनभवन ।

## सच्चरित्रको आवश्यकता

**अख्तियार दुरुपयोग** नियन्त्रण गर्ने काममा सूर्यनाथले नयाँ तरंग ल्याएका हुन् (सूर्यनाथपछिको अख्तियार, *समय* वर्ष ३, अंक १३०) । अहिलेको नेपाली कर्मचारी प्रशासनमा यस्ता थुप्रै सूर्यनाथहरूको खाँचो छ । मुलुकमा युद्ध सकिएको छनक आएको छ । अबको चुनौती भनेको यहाँको प्रशासनलाई दक्ष बनाउनु हो । यो सोचेजति सजिलो छैन । त्यसका लागि चरित्रवान कर्मचारीहरू चाहिन्छ ।

■ **अनुजबाबु श्रेष्ठ**
मैतिदेवी, काठमाडौं ।

## पूर्वाग्रही लाञ्छना

*समय* (वर्ष ३, अंक १२९) मा प्रकाशित मुटुमै प्रहार शीर्षकको समाचारमा हाम्रो ध्यान केन्द्रित भएको छ । बुद्ध अस्पताल एन्ड रिसर्च सेन्टर पोखराका विपन्न परिवालाई सेवा पुऱ्याउनका लागि स्थापना गरिएको हो । तर, समाचारमा एकतर्फी सुनुवाइलाई मात्र प्राथमिकता दिएकोमा हाम्रो आपत्ति छ । जापान निवासी डा. टाकाजी गामागुजी र डा. धर्मराज श्रेष्ठबीच अगस्त २००१, मा पहिलो, जनवरी २००३ मा दोस्रो र मई २००३ मा चौथो सम्झौता भई अस्पताल निर्माण गर्ने निर्णय भएको थियो । अस्पताल निर्माणका लागि डा. धर्मराज श्रेष्ठले जग्गाको व्यवस्था गर्ने र आर्थिक स्रोत यामागुजीले जुटाउने सम्झौता भएको हो । डा. यामागुजीले पटक पटक गरी १ लाख ५० हजार डलर उपलब्ध गराएको र अपुग रकम श्रेष्ठले जम्मा गर्नुपर्ने भएको हुँदा जापानमा सहयोग जुटाउन बुद्ध फाउन्डेसन जापानको जन्म भएको हो । यसरी भएको सम्झौता बिर्सेर समाजसेवामा जुटेका डा. श्रेष्ठको समेत मुटुमा प्रहार भएको देखिन्छ समाचारमा । स्वास्थ्यको माध्यमबाट दीनदुःखीलाई केही सेवा पुऱ्याउन खोज्ने व्यक्तिलाई यसरी लाञ्छना लाउनु पूर्वाग्रह हो र यस्ता समाचारलाई बाहिर ल्याउँदा विशेष ध्यान पुऱ्याइयोस् ।

■ **विष्णुप्रसाद पराजुली**
सचिव, बुद्ध प्रतिष्ठान, पोखरा ।

## जबरजस्ती सहभागिता ?

**बाह्रवर्षे सशस्त्र** द्वन्द्वपछि नेकपा माओवादी पार्टी शान्तिपूर्ण खुला राजनीतिमा आउन थालेको अवस्थामा पनि अझैसम्म पनि उनीहरूमा पुरानो चरित्र देखिएको छ । खासगरी केही समयअगाडि नेकपा माओवादी समर्थित युवा तथा विद्यार्थीहरूको संगठन विस्तारमा पनि स्कुलका विद्यार्थीहरूलाई जबरजस्ती सहभागी गराएको समाचार प्रकाशमा आएको हो ।

त्यसको साथै अझैसम्म कतिपय ग्रामीण क्षेत्रमा माओवादी कार्यकर्ताले जबरजस्ती रुपमा चन्दा तथा कर उठाउने तथा आफ्ना राजनीतिक कार्यक्रम तथा सभामा जबरजस्ती रुपमा सहभागी हुन दबाब दिने जस्ता कार्य रोकिएका छैनन् । यसबाट कतै माओवादी पार्टी अझैसम्म पनि युद्धरत अवस्थाकै मानसिकतामा रहेका त छैनन् भन्न सकिंदैन र ? हैन भने उनीहरूले आफ्नो दबाबमूलक क्रियाकलाप तुरुन्त रोकेर शान्ति प्रक्रियामा आउनको लागि जनताको मत जित्नु जरुरी छैन र ?

■ **सन्तोषी 'प्रिया'**
काभ्रेपलाञ्चोक,
हाल : नैकाप, काठमाडौं ।

## गजल

कसैको नि देश बनाउने आँट देखिएन
राष्ट्रप्रेमी व्यक्तित्वको ललाट देखिएन ।

सत्तामा जो आए पनि गरिबको व्यथा उही छ
मजदुरले गरी खाने फाँट देखिएन ।

भ्रष्टाचारी धन अनेकन् कमाइ लुकाउँछन्
देशरुपी विरुवाको बलियो डाँठ देखिएन ।

■ **अनुराग पन्त**
रम्घा, तनहुँ ।

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

# त्यसो होइन, बरु यसो हो

**आदरणीय दुर्गा** सुवेदीजीको कार्तिक (२४-३०) गतेको *'समय'* साप्ताहिकमा कुराकानीको आधारमा एउटा लेख प्रकाशित भएको छ। उक्त लेखमा वार्ताका प्रारम्भिक चरणका कुराको चर्चा गरिएको छ। निश्चित रुपमा नेकपा (माओवादी) सिद्धान्ततः वार्ताविरोधी नभएको भन्ने व्यहोराको प्रतिक्रिया त्यति बेला वर्तमान पार्टी अध्यक्ष प्रचण्ड तथा अर्का वरिष्ठ नेता डा. बाबुराम भट्टराईबाट आइरहन्थे। त्यसैको आधारमा वार्ताको पहल हुन्थ्यो। कहिले त्यो केही कदम अगाडि बढ्थ्यो त कहिले प्रसंग उठेर मात्र सेलाउँथ्यो। त्यस क्रममा विभिन्न तह तप्काका महानुभावहरूसँग सम्पर्क र कुराकानी हुन्थ्यो।

विशेष गरेर कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्व कालमा दुर्गा सुवेदीजीको तर्फबाट वार्ताका विभिन्न रुपहरूमा विभिन्न खालको सहयोग र सम्पर्क रहेको थियो। त्यस बेला म पनि पार्टीको केन्द्रमा बसेर भूमिका निर्वाह गरेको कारणले पार्टीले खटाएबमोजिम म उनीसँगको सम्पर्कमा थिए। त्यसै दौरानमा मैले पार्टीको सल्लाह र निर्णयबमोजिम प्रचण्डजी र बाबुराम भट्टराईजीलाई भेट गराएको थिएँ। सामान्यतया दुर्गाजीले आफ्नो कुराकानीको दौरानमा व्यक्त गरेका घटनाक्रमहरू सही छन्, तर उनले कुराकानी गरेको लेखमा सम्पर्कसूत्रलाई पार्टीभित्रका नेताहरूको पक्ष वा विपक्षमा उभ्याएकोमा मलाई अत्यन्तै दुःख लागेको छ।

पार्टी र विभिन्न दलका नेताहरू, स्वतन्त्र व्यक्तित्वहरू, व्यापारी र उद्योगपतिहरू, कूटनीतिक नियोगका पदाधिकारीहरू आदिलाई आवश्यकताअनुसार भेटघाट गर्न सकिने पार्टीको निर्णयअनुसार हामीले भेटघाट र छलफल गर्ने गर्थ्यौं। त्यस क्रममा सबभन्दा पहिले माओवादीका उच्च नेतृत्वसँग दुर्गाजीलाई भेटघाट गराउने जिम्मा मैले लिएको थिएँ। उनलाई दुई तीन पटकसम्म मैले माओवादीका अध्यक्ष प्रचण्डजी र डा. बाबुराम भट्टराईजीसँग भेटघाट गराएको हुँ, तर पछिल्लो समयमा म विभिन्न अन्य सांगठनिक काममा पनि व्यस्त रहनु परेकाले उनलाई सम्पर्क गर्नको लागि क्षेत्रीयस्तरमा काम गर्ने मोहन कार्कीलाई जिम्मा दिइएको थियो। यस्तो जिम्मेवारी सामान्यतया पार्टीको सम्बन्धित निकायका सदस्यहरूको बीचमा आपसी अनौपचारिक सहमतिको आधारमा नभएर विषयवस्तुको गम्भीरता बुझ्न सक्ने पार्टीको जो कसैलाई पनि दिइन्थ्यो। त्यसकारण सम्पर्कसूत्रहरू भनौं वा पार्टीको एउटा विश्वासिलो च्यानल आवश्यकताअनुसार फेरबदल भइरहन्थे, तर अनावश्यक रुपमा धेरै व्यक्तिहरूसँग चिनजान गर्दा सम्बन्धित व्यक्तिमाथि आइपर्न सक्ने खतरालाई दृष्टिगत गरेर सकेसम्म एकै व्यक्तिलाई त्यो जिम्मेवारी दिइने गरिन्थ्यो।

दुर्गाजीले जानेर हो वा नजानेर हो, आफ्नो सम्पर्कसूत्रलाई पार्टीभित्रका नेता विशेषको नजिक वा टाढाको रुपमा चित्रित गर्न हुँदैनथ्यो। किनकि कुनै पनि पार्टीको नेता वा कार्यकर्ता अन्तिम रुपमा पार्टीको मुख्य नेतृत्वप्रति नै जिम्मेवार हुन्छन्। हो, कुनै पनि नेता वा कार्यकर्ता आफ्नो आदर्शको रुपमा जो कसैलाई पनि मान्न स्वतन्त्र हुन्छन्। दुर्गाजीसँग लामो सम्पर्क अवधिभरि पनि सामान्य तात्कालिक राजनीतिक परिस्थितिको बारेमा तथा जनयुद्धकै सेरोफेरोमा कुराकानी हुन्थ्यो, तर पार्टीभित्रको कुनै पनि प्रकारको कुराकानी हुँदैनथ्यो, जसले गर्दा कुनै व्यक्तिको गुटगत गन्ध आओस्। तर उनले कयौं पात्रहरूको नाम लिएर एकजना पात्रलाई अध्यक्ष प्रचण्ड नजिक भनिन्छन् भनेर अन्य पात्रहरू तात्कालिक परिवेशमा अध्यक्ष प्रचण्डविरोधी थिए भन्ने स्वतः अर्थ्याइदिएका छन्, जो सोह्रै आना गलत थियो।

दुर्गाजीले गर्ने गरेका पछिल्ला सम्पर्कसूत्रको कारणबाट उनले त्यस्तो धारणा बनाएको भए मलाई थाहा छैन। मबाहेक अर्को सम्पर्क व्यक्तिसँग सम्पर्क गर्नुभन्दा एकैजनासँग सम्पर्क गर्दा उनलाई सजिलो हुने महसुस मैले गरेको थिएँ र उनको पनि करिब करिब त्यस्तै सोचाइ थियो। पछि मैले उनलाई भनेको थिएँ, 'हाम्रो पार्टीमा जसले जोसँग कुरा गरे पनि त्यो हेड क्वाटरकै निर्देशनमा हुने भएकाले जसले कुरा गरे पनि उही हो। किनकि अध्यक्षको निर्देशनविना आफूखुसी कुराकानी गर्ने विषयवस्तु नै हामीसँग हुँदैन। 'मोहन कार्की भन्ने व्यक्ति आउँछन्, अबदेखि म आउन्नँ' भनेको थिएँ। मोहन कार्कीसँग उनको सम्पर्क गराइएको थियो।

माओवादी पार्टीका अध्यक्ष र डा. बाबुराम भट्टराईजीसँग ममार्फत भेट्नुभन्दा अगाडि मैले उनी अध्यक्ष प्रचण्डबारे जान्न उत्सुक भएको पाएको थिएँ। मैले 'बाहिर भनेजस्तो अध्यक्षजी कडा मिजासको होइन, अत्यन्त जीवन्त र जो पनि कमरेड प्रचण्डसँग खुलेर बोल्न सक्छ, वर्षौंदेखि चिनजान भएको व्यक्ति जस्तो लाग्छ' भनेर ब्रिफिङ गरेको थिएँ। साँच्चै नै त्यो भेटपछि उनी प्रचण्डसँग असाध्यै प्रभावित भए। त्यति बेला वर्तमान माओवादी अध्यक्ष प्रचण्डको छवि डरलाग्दो सैनिक तानाशाहको जस्तो थियो, बाहिर। अध्यक्षसँग भेटेपछि दुर्गाजीले मसँग भनेका थिए, 'अत्यन्तै सरल र सामान्य रहेछन्, तर बाहिर बिल्कुलै अलग ढंगबाट चित्रित गरिन्छ।' पछि उनले एउटा लेख पनि प्रकाशित गरेजस्तो लाग्छ। जे होस्, पार्टीको उच्च नेतृत्वसँग भेटघाट गराउँदा कुनै व्यक्ति यो वा त्यो नेताको उद्देश्यबाट भन्दा पनि पार्टीको उद्देश्यअनुरुप गरिन्थ्यो। पछिल्लो चरणमा पार्टी बाहिर रहेका तर आवश्यकताअनुसार सम्पर्क गर्ने गरेका व्यक्तिहरू पनि अध्यक्ष प्रचण्ड र अर्का वरिष्ठ नेता डा. बाबुराम भट्टराईतर्फ बाँडिएको भन्ने एउटा रिपोर्टिङ सुनेपछि काठमाडौंको पार्टीमा असामान्य स्थिति उत्पन्न भएको महसुस भएको थियो। पार्टी बाहिर रहेका व्यक्तिहरूलाई समेत तत्कालीन जिम्मेवार नेताले नै पार्टीको भित्री समीकरण बताएर ठाडै थर्काएको स्थिति पनि पैदा भयो। त्यस्ता सन्की व्यवहारको कारणबाट दुर्गाजीलाई कुनै भ्रम भएको भए अर्कै कुरा, तर मैले उनलाई सम्पर्क गर्दा पार्टीको नीति र निर्देशनबाहेक अन्य कुरा गरिनँ न त त्यहाँभित्रको कुनै गुटको अस्तित्व भएको कुरा। बरु 'तपाईंले प्रचण्डजीलाई एकपटक भेट्नुभयो भने तपाईंबाट अरू धेरैले वहाँबारे थाहा पाउनेछन्' भनेर पहिलोपटक प्रचण्डजीलाई भेटघाट गराउन मैले नै लगेको थिएँ।

■ **मुमाराम खनाल**


# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# राजनीतिकरण भय



यो भवनमा रहेको राष्ट्रिय प्रकृति संरक्षण कोष राजनीतिक अखडा बन्ने भय वातावरणविद्हरूमा छ

तेजबहादुर बस्नेत

**राजा ज्ञानेन्द्रको** राजनीतिक महत्त्वाकांक्षाले उनलाई विवादित नबनाएको भए सम्भवतः उनको पर्यावरण तथा प्रकृति संरक्षण अभियानमा खलल पुग्ने थिएन। विश्वमै मान्यता आर्जित २४ वर्ष पुरानो प्रकृति संरक्षण अभियानबाट उनलाई सरकारले अलग्याएको मात्र होइन, त्यो अभियानको भविष्य पनि अब अनिश्चित बन्न पुगेको छ।

सन् १९८२ मा तत्कालीन राष्ट्रिय पञ्चायतबाट पारित भएको ऐनद्वारा स्थापित महेन्द्र प्रकृति संरक्षण कोष अब नेपाल सरकारको वन मन्त्रालयको एउटा एकाइजस्तो बन्न पुगेको छ।

कात्तिक २० गते वनमन्त्री दिलेन्द्रप्रसाद बडुको निर्देशनमा कोषका सदस्य सचिव अरुप रजौरियाले राजीनामा दिए। त्यसपछि वन मन्त्रालय उक्त पदमा कुनै विशेषज्ञको साटो कुनै कांग्रेस नेताको नियुक्ति र त्यसका यावत् परिणामको पक्षमा छ।

राजा वीरेन्द्र संरक्षक र अधिराजकुमार ज्ञानेन्द्र अध्यक्षका रुपमा स्थापित उक्त कोषमा २०५८ जेठ १९ गतेको दरबार हत्याकाण्डका कारण श्री ५ ज्ञानेन्द्र राजा बनेपछि उनी कोषका नयाँ संरक्षक बनेका थिए र अध्यक्षका रुपमा उनका उत्तराधिकारी बन्न पुगेका थिए, युवराज पारस। कोषको विधानअनुसार विशेषज्ञको रुपमा सदस्य सचिव नै सर्वेसर्वा हुने गर्छ।

'परिवर्तित सन्दर्भमा मैले राजीनामा गरेको छु, तर पर्यावरणीय क्षेत्रबाटै आएकाले त्यसतर्फको प्रतिबद्धतामा कुनै कमी आउनेछैन', अवकाश लिएपछि वर्तमान परिवर्तन र आफ्नो राजीनामाका बारेमा रजौरियाले समयलाई भने।

रजौरियाले केही नभने पनि प्रधानमन्त्री संरक्षक र वनमन्त्री अध्यक्ष बनेपछि नयाँ सन्दर्भमा 'महेन्द्र' नाम हटाएर नयाँ अवतारमा आएको राष्ट्रिय प्रकृति संरक्षण कोष राजनीतिक अखडा बन्ने भय वातावरणविद्हरूमा छ। खासगरी ताप्लेजुङमा हेलिकोप्टर दुर्घटनाका कारण सबैभन्दा ठूलो क्षति व्यहोर्नु परेको पर्यावरण क्षेत्रमा अर्को एउटा सफल प्रयोगको राजनीतिकरणले त्यो भयलाई बढाएको छ।

विगत २४ वर्षमा महेन्द्र प्रकृति संरक्षण कोषले पर्यावरण अभियानमा स्वामित्व र स्थानीयवासीहरूको संलग्नतालाई संस्थागत तुल्याएको छ। 'जैविक विविधता संरक्षणमा स्थानीय ज्ञान र अनुभवलाई प्राथमिकता दिनु पर्ने' मान्यतालाई कोषले व्यवहारमा उतार्न सफल भएको रजौरिया बताउँछन्।

कोषअन्तर्गतका अन्नपूर्ण कन्जरभेसन एरिया प्रोजेक्ट (एक्याप) र चितवनस्थित जैविक विविधता संरक्षण केन्द्रका भूमिकालाई राष्ट्रसंघ लगायत विश्वका विश्वका विभिन्न पर्यावरणीय अगुवा संस्थाहरूले सह्राना गरेका छन्। एक्यापअन्तर्गत कोषले सम्बन्धित क्षेत्रका ऐतिहासिक तथा पुरातात्विक संरचनाहरूको जीर्णोद्धार अभियान पनि चलाएको थियो, जसमा विभिन्न गुम्बाहरू पनि सामेल गरिएको थियो। कोषका राष्ट्रिय च्याप्टरहरू बेलायत, क्यानडा, जापान, अस्ट्रिया, नेदरल्यान्ड र फ्रान्समा समेत स्थापित भएका छन्। ■


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० वजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org




तेजबहादुर बस्नेत

# गरिबमा फैलँदो

**चिनी रोगबाट** पीडित विरामीहरूले १५ वर्षअघि गठन गरेको संजाल 'नेपाल मधुमेही समाज'ले आफ्ना सेवामूलक गतिविधिलाई विस्तार गर्ने घोषणा गरेको छ।

विकासोन्मुख मुलुकहरूमा सलहझैं फैलिरहेको मधुमेह विपन्न वर्गको काल बन्दै गएको अध्ययनहरूले देखाएपछि समाजले यसबारे चेतना जगाउन गरिब समुदायसम्म पुग्ने अठोट गरेको हो।

विश्व मधुमेह दिवसको अवसरमा कात्तिक २५ गते राजधानीमा आयोजित एक कार्यक्रममा समाजका अधिकारीहरूले चिकित्सा र परामर्श सेवालाई विस्तार गर्ने प्रण गरेका हुन्। अधिकांश मधुमेहका विरामी र केही स्वयंसेवीको संयुक्त पहलमा १५ वर्षअघि गठित समाजमा अहिले ८ सय सदस्य छन्।

समाजले रानीपोखरीमा संचालन गरेको क्लिनिकमा दैनिक स्वास्थ्यपरीक्षण र साप्ताहिक रूपमा रक्तपरीक्षण भइरहेको छ। डेढ दशकदेखि दैनिक ३५ देखि ४० विरामीले सेवा पाइरहेका छन् भने क्लिनिकमा विरामीले शुल्क तिर्नुपर्ने बाध्यता छैन।

'समाजका सदस्य बाहेकका विपन्न विरामीलाई पनि हामी निःशुल्क सेवा दिइरहेका छौं', समाजकी सदस्य सचिव भगवती नेपालले समयसँग भनिन्, 'सेवा शुल्कलाई अनिवार्य नभई ऐच्छिक बनाएका छौं।' शुल्कबाट भएको आम्दानी अन्य विरामीको सेवामा नै अर्पण गर्ने गरेको उनको भनाइ छ।

समाजले १५ वर्षदेखि राजधानीको जमलमा संचालन गरेको क्लिनिकमा आइतवारदेखि शुक्रवार साँझसम्म चिकित्सकहरू उपलब्ध हुन्छन्। स्वस्थ व्यक्तिहरूको रक्तपरीक्षण गर्ने कामलाई भने शनिवार बिहान अभियानको रुपमा संचालन गर्ने गरिएको नेपालले जानकारी दिइन्।

समाजको गतिविधिबारे कार्यक्रममा जानकारी दिँदै सदस्य सचिव नेपालले महानगरपालिकाका वडाहरूमा पनि गत वर्षदेखि निःशुल्क स्वास्थ्य शिविर संचालन गरिएको बताइन्। १६ वटा वडामा संचालन भएको शिविरमा १५ सयभन्दा बढीको स्वास्थ्यपरीक्षण भएको छ। तीमध्ये ३० प्रतिशतमा मधुमेह देखिएको छ। विशेषज्ञ चिकित्सकहरूले खानपान, व्यायाम, स्वास्थ्य सुविधा, चेतनाको अभावले गरिब मुलुकमा मधुमेह फैलने क्रम दोब्बर रहेको तथ्य सार्वजनिक गरेपछि यसतर्फ समाजको थप ध्यान आकृष्ट भएको जनाइएको छ।

'मधुमेह रोगीको वृद्धिदर विकसितभन्दा अविकसित मुलुकमा अत्यधिक देखिएको छ', मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीले उक्त कार्यक्रममा भने, 'अविकसित तथा गरिब मुलुकमा मधुमेहको विरामीको वृद्धिदर १ सय ७० प्रतिशतसम्म देखिएको छ।'

चिकित्सकहरू मुटु, मृगौला रोग, मस्तिष्क घात र अन्धोपनाको प्रमुख कारण पनि मधुमेहलाई मान्छन्। घाउ, खटिरा वा अन्य निहुँमा खुट्टा काट्नुपर्नेमध्ये असी प्रतिशत विरामी मधुमेहबाट पीडित नै हुने गरेका छन्।

तर मधुमेहका विरामी पथ परहेजमा बसेर आफ्नो नियमित जीवनशैलीमा शारीरिक र मानसिक खलल नपुर्‍याउने हो भने मानिस झनै दीर्घजीवी भएका उदाहरण प्रशस्त छन्। 'पथ परहेजमा बस्दा जथाभावी खाने सम्भावना रहन्न, त्यसपछि अन्य रोग लाग्ने सम्भावना समेत घटेर जान्छ', आफूले सँगालेको अनुभव बाँड्दै सदस्य सचिव नेपालले भनिन्।

नेपालमा मधुमेह रोगीको आधिकारिक तथ्यांक नभए पनि ४ लाख ३० हजारभन्दा मधुमेह पीडित भएको डा. रेग्मीले बताए।

विश्व स्वास्थ्य संगठनले गरेको अध्ययनअनुसार भारत संसारकै सबैभन्दा बढी मधुमेह रोगीहरूको मुलुक हो। तथ्यांकअनुसार संसारका २३ करोड मधुमेहका विरामीमध्ये साढे ३ करोडभन्दा बढी भारतमा मात्र छन्। संस्कृति, भाषा, जाति, भूगोल लगायतका विद्यमान समानताले नेपाल वा भारतमा कुनै समस्या देखिए अर्को मुलुक उत्तिकै चनाखो हुनु जरुरी छ।

'मधुमेह र यसबाट जोगिने उपायबारे गाउँ-गाउँमा प्रचार-प्रसार अभियान थाल्नुपर्छ', डा. अविनिभूषण उपाध्यायले कार्यक्रममा भने, 'मधुमेह र मुटुरोग सँगसँगै हिँड्छन् भन्ने चेतना मात्र दिन सके यसबाट हुने मानवीय क्षति कम गर्न सकिन्थ्यो।' ■




समय

# जोखिममा महिला

**महिला बेचबिखन** तथा उनीहरूमाथि हुने हिंसा, सुरक्षित बसाइँ सराइ तथा एचआइभी संक्रमणसम्बन्धी तीनदिने कार्यशाला कात्तिक २७ गतेदेखि राजधानीमा सञ्चालन भएको छ। युनिफेम दक्षिण एसियाले आयोजना गरेको उक्त कार्यक्रममा नेपाल, भारत, पाकिस्तान र बंगलादेशका झन्डै एक सय जनाको उपस्थिति रहेको छ। उक्त कार्यक्रममा महिला, बालबालिका तथा समाज कल्याणमन्त्री उर्मिला अर्यालले नेपालले चाँडै नै महिला तथा बालबालिकासम्बन्धी कानुन पारित गर्ने बताएकी थिइन्।

महिला तथा बालबालिका बेचबिखन दक्षिण एसियाको प्रमुख समस्या रहेको र यसले महिलाहरू एचआइभी संक्रमण तथा अन्य जोखिममा रहेको निष्कर्ष उक्त कार्यशालाले निकालेको थियो। समस्याको निकासका लागि अन्तरदेशीय समन्वय हुनु पर्नेमा जोड दिइएको थियो। कार्यक्रमको मुख्य विषय वस्तु महिलाविरुद्ध हुने हिंसा तथा बेचविखनका विरुद्धको अभियानमा धार्मिक संस्था तथा त्यसका नेताको भूमिकाबारे केन्द्रित थियो।

'छोरा र छोरीमा रहेको विभेद यति चरम छ कि गर्भमा छोरी भए त्यसको पतन गरिने गरिएको छ', युनिफेम दक्षिण एसियाका निर्देशक चाँदनी जोशीले भनिन्, 'महिलासम्बन्धी सबै विभेदलाइ मानवअधिकारको आँखाबाट हेरिनु पर्छ।' महिला बेचविखन मानवीय अपराधको पराकाष्ठा रहेको र त्यसको रोकथामका लागि सबै संस्था तथा नागरिक समाज अगाडि बढ्नु पर्नेमा युनिफेम नेपाल अफिसकी प्रमुख संगीता थापाले बताइन्। ■


अर्जुन कुँवरका श्रीमती इन्द्रमाया छोराहरू विष्णु र कुमार

# विस्थापितको विजोग

सात दल र माओवादीबीच भएको सम्झौतालाई ऐतिहासिक विजय भन्दै माओवादी कार्यकर्ताहरूको पनौती बजारमा जुलुस निस्किरहेका बेला पनौतीकै सुब्बा गाउँमा इन्द्रमाया कुँवर बेलुकाको छाक टार्न छिमेकीको खेतमा डल्ला फोर्न गएकी थिइन्।

माओवादीले घरमा तालाबन्दी गरी घर निकाला गरिदिएपछि ०५३ साल जेठदेखि उनीहरू आफ्नो पुर्ख्यौली थलो वनखु गएका छैनन्। अघिल्लो युद्धविरामका बेला माओवादीले घर बस्न दिन्छन् कि भनी घर गएका उनका पति अर्जुन कुँवरको माओवादी कुटाइका कारण ०६२ वैशाख १५ गते मृत्यु भएपछि उनी झनै बेसहारा भएकी हुन्। घरगोठ, ५३ रोपनी जग्गा र वस्तुभाउ फेरि फिर्ता पाउने आशाले गएका अर्जुनलाई माओवादीले कुटेपछि डेढ वर्ष थलिएर उनको मृत्यु भएको थियो। सात र पाँच कक्षामा पढ्ने उनीहरूका छोरा विष्णु र कुमारले पनि त्यसै बेलादेखि पढाइ छोडेका थिए भने कान्छा छोरा केदार पनौतीमै कक्षा आठमा पढ्छन् अहिले।

कामका बेला सुब्बा गाउँमै गाउँलेको काममा जाने र अरू बेला सार्वजनिक भवन, सडक, ढल आदि विकासे काममा ढुंगा, सिमेन्ट र बालुवा बोक्ने काम गर्छिन्, इन्द्रमाया। सुब्बागाउँकै फर्निचर कारखानामा काम पाएका बेला विष्णु र कुमार पनि काम गर्छन्। माओवादीले फर्निचर कारखानासँग चन्दा माग्दै काठ ल्याउन प्रतिबन्ध लगाएपछि त्यो काम पनि छुटेको छ, उनीहरूको। शान्तिवार्ता सफल भएर माओवादी सत्तामा पुग्न लागिसक्दा पनि कुँवर परिवार आफूहरू पुनःस्थापित हुनेमा ढुक्क छैन। इन्द्रमाया भन्छिन्, 'माथि कुरा मिलेर के गर्नु, मेरा तामाका मुनाजस्ता छोराहरू पनि गाउँ लगेर मारिए भने ?' पुनःस्थापित भएर घर जाँदा पनि घरगोठ भत्किएकाले अप्ठ्यारै हुने बताउँछन्, उनीहरू। 'हामी अहिले क्याम्पसमा पढिरहेका हुन्थ्यौं, तर पढ्ने उमेरमा घर छोडेर कतै ज्याला गर्न पाइन्छ कि भनेर हिँड्नु परेको छ', विष्णु र कुमारले पुनःस्थापनाले आफ्नो जीवनमा परिवर्तन नल्याउने उल्लेख गर्दै बताए।

कोशीपारिको पोखरीचौरीबाट विस्थापित भई बनेपामा बस्दै आएका आश्विन चौलागाईले भने, 'कि मलाई लगाइएको अभियोग पुष्टि गर्नु पर्‍यो, कि अभियोग गलत थियो भनेर माफी माग्नु पर्‍यो।' उनले भने, 'जसले अन्याय गर्‍यो उसैकोमा घर जान पाऊँ भनेर निवेदन हाल्दिनँ।' माओवादीको सम्पर्क कार्यालयमा विस्थापितहरू कसैले पनि घर फर्कनका लागि निवेदन दिएका छैनन्। सम्पर्क कार्यालय खुल्नुअघि नै मानवअधिकारवादी संस्थाहरूको पहलमा भीमखोरीका अशोक रायमाझी, चापाखोरीका विष्णुप्रसाद मैनाली, महादेवस्थानका गोविन्दप्रसाद पौडेल, नयाँगाउँका कुशप्रसाद तिमल्सिना र ढुंखर्कका प्रेमबहादुर तिमल्सिनाका घरमा माओवादीले लगाएका ताला खोलिएका थिए।

■ **रामशरण बजगाईं/काभ्रे** (तस्विर पनि)



# अब ११ किलोमिटर टाढा



**सुदूरपश्चिमको अति** विकट मानिने बझाङलाई राष्ट्रिय राजमार्गको मूल धारमा जोड्न अब ११ किलोमिटर मात्र बाँकी रहेको छ। सशस्त्र द्वन्द्वका कारण विस्फोटन अभावमा अवरुद्ध रहेको यो मार्गमा अहिले द्रुत गतिमा काम भइरहेको छ।

खोड्पेदेखि बझाङसम्मको ११० किलोमिटर सडक खण्डमध्ये ९९ किलोमिटर सडकखण्ड निर्माण कार्य पूरा भई तमैल भन्ने ठाउँसम्म आइतवार पहिलोपटक पुगेका मालवाहक ट्रकका चालक रामचन्द्र भट्टलाई स्थानीयवासीहरूले फूलमाला लगाई इनामले स्वागत गरेका छन्। एक दशकदेखि बझाङकै झोता भन्ने स्थानसम्म गाडी पुगेका भए पनि झोतादेखि बझाङ सदरमुकामसम्म पुग्न एक दिनको पैदलयात्रा गर्नु पर्ने बाध्यता रहेको थियो।

अब बझाङीहरूलाई बझाङ सदरमुकामसम्म पुग्न २ घन्टा मात्र लाग्ने भएको छ। लामो प्रतीक्षापछि बझाङवासीहरूको आँगनमै बस चढेर पुग्ने सपना पूरा हुन आँट्दा उनीहरू खुसी भएको चालक भट्टले बताए।

२०३८/०३९ सालमा खोड्पे-बझाङ जयपृथ्वीबहादुर राजमार्ग निर्माण कार्य सुरु भएको थियो भने निर्माण कार्य पटक-पटक अवरुद्ध भएका कारण बझाङ सदरमुकामसम्म सडक पुग्न सकेको थिएन। सुदूरपश्चिमका जिल्ला सदरमुकाम सडकले छुन नसकेका ३ जिल्लामध्ये यसै वर्ष दार्चुला सदरमुकाम खलंगालाई सडकले छोएपछि अब बझाङ र बाजुरा जिल्लाका सदरमुकामलाई मात्र सडकले जोड्नु बाँकी रहने छ।

राष्ट्रिय मूल धारभन्दा बाहिर रहेका यी जिल्लालाई सडक सम्पर्कमा जोड्न सकिए यहाँका बासिन्दाले पटक-पटक खेप्नु परेका खाद्यान्न समस्याबाट भने केही राहत पाउने आशा गरेका छन्।

खोड्पे-बझाङ सडक आयोजनाका प्रमुख भक्तराज शाक्यका अनुसार आगामी पुस मसान्तसम्म चैनपुरलाई सडकसँग जोड्ने लक्ष्यका साथ काम भइरहेको छ। सेती किनारमा रहेको कडा चट्टान अवरोधका कारण बनेको थियो यसलाई विस्फोटन गराउन सकिए चैनपुर टाढा रहँदैन।

**■ श्याम भट्ट/डडेल्धुरा**



# अनुगमनको तयारी



**संयुक्त राष्ट्रसंघीय** मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यलयकी नवनियुक्त प्रमुख लेना सुन्धले सात दल र माओवादीबीच सहमति भएर शान्ति प्रक्रियामा नेपाल प्रवेश गरे पनि यसअघि भएका मानवअधिकार उल्लंघनका दोषीहरूलाई सत्य र निष्पक्ष आयोग बनाएर कारबाही गर्नु पर्ने बताएकी छन् ।

यसै सात कार्यभार सम्हालेकी सुन्धको पहिलो पत्रकार सम्मेलनमा मानवअधिकार अनुगमन लगायत महिला, दलित, जनजाति लगायतका मानवअधिकारको अवस्था नाजुक भएकाले यसतर्फ पनि आफ्नो कार्यालयले विशेष ध्यान दिने बताएकी छन् । उनले मुलुक शान्ति प्रक्रियामा अगाडि बढे पनि मानवअधिकारको अवस्थामा सोचेअनुरुप सुधार हुन नसकेको बताउँदै नियमित रुपमा मानवअधिकारको अनुगमन गर्ने बताएकी छन् । माओवादी सेनामा बालबालिकालाई प्रयोग गरिएको भए, त्यो अन्तर्राष्ट्रिय बालअधिकारविरुद्धको कार्य हुने बताउँदै त्यस्तो कार्यलाई दण्डनीय बनाउनु पर्ने उनले बताइन् । सुन्धले सात दल र माओवादीबीच सम्पन्न शान्ति सम्झौताको अनुगमन समेत गर्ने बताएकी छन् ।

मानवअधिकारको आधारभूत आधार नै कानुनीराज्य भएकाले जोकोही पनि कानुनभन्दा माथि हुन नसक्ने बताउँदै नेपालको दीर्घकालीन शान्ति स्थापनाको लागि दण्डहीनताको अवस्था अन्त्य हुनपर्नेमा जोड दिएकी थिइन् । यसका लागि राष्ट्रिय मानवअधिकार आयोगलाई अधिकार सम्पन्न, निष्पक्ष र स्वायत्त बनाउनुपर्ने सुझाव सुन्धको थियो ।

नेपालमा कार्यरत मानवअधिकारमा कार्यरत गैरसरकारी संस्थाहरूले पनि मानवअधिकारको अनुगमन, संरक्षण र संवर्द्धनमा ठूलो भूमिका खेल्नुपर्ने बताउँदै उनीहरूसँग मिलेर आफूहरूले मानवअधिकारको अनुगमन गर्ने बताएकी छन् । मानवअधिकार कायम गराउन संचार, राजनीतिक दल र नागरिक समाजको भूमिका महत्त्वपूर्ण हुने भएकाले त्यसमा सचेत हुनु पर्नेमा उनको जोड थियो । पाँचवटै विकास क्षेत्रमा आयोगको कार्यालय खुलिसकेको र त्यसले जिल्ला जिल्लामा गएर मानवअधिकारको अवस्थाको अनुगमन गर्ने सुन्धले बताइन् ।

तीसवर्षे अन्तर्राष्ट्रिय अनुभव सम्हालेकी स्विडिस नागरिक सुन्धले द्वन्द्व व्यवस्थापन र शान्तिस्थापनाबारे विभिन्न अन्तर्राष्ट्रिय मिसनमा काम गरिसकेकी छन् । उनले सन् १९७६ मा स्विडिस परराष्ट्र मन्त्रालयबाट आफ्नो सेवा सुरु गरेकी हुन् । सुन्धले थाइल्यान्ड, नामिविया, मोरक्को, जेनेभा तथा न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघमा सेवा गरिसकेकी छन् । यसअघि उनी स्विडेनको परराष्ट्र मन्त्रालयमा द्वन्द्व रोकथाम, द्वन्द्व व्यवस्थापन तथा शान्ति स्थापनाका मुद्दाबारे द्वन्द्व समाधानसम्बन्धी आयोजनाको प्रमुख थिइन् । संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरले कात्तिक १ गते नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुखमा सुन्धलाई ६ महिनाको लागि नियुक्त गरेकी हुन् ।

■ गोविन्द परियार/काठमाडौं










# राजुको गाडीमा प्रचण्ड सरररर

**बूढानीलकण्ठका राजु श्रेष्ठ,** अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरको प्रांगणमा कञ्चनपुरका सांसद एनपी साउदसमक्ष गुहार माग्दै थिए, 'दाइ मेरो कुरा उठाइदिनु पर्‍यो । गोडा खोच्याउँदै विभिन्न नेताहरूसमक्ष आफ्नो कुरा उठाइदिन आग्रह गर्ने राजुको शरीरभरि माओवादी यातनाका नीलडाम थिए, उनको करङ भाँचिएको रहेछ, अप्ठ्रोसँग हिँड्न सक्ने, तर थचक्क बस्न नसक्ने राजु माओवादी अध्यक्ष प्रचण्डले चढ्ने गरेको सानदार निसान पेट्रोल गाडी फर्काउन लागी परेका हुन् । कात्तिक २८ गते कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापतिहरूको राष्ट्रिय भेलाको अवसर पारेर माओवादीको अपराध नियन्त्रण अभियानको सिकार बनेका राजु लगायत शारीरिक यातनाबाट थलिएका भरत तामाङ र मुकुन्द खत्री पनि माओवादीले लाखौंको सम्पत्ति लुटेको आरोप लगाउँदै सम्पत्ति फर्काउन कांग्रेसी नेताहरूसमक्ष आग्रह गर्दै गरेको देखिन्थ्यो ।

राजुलाई गुन्डागर्दी गर्ने नायकको आरोपमा माओवादीले कात्तिक २ गते उनकै घरबाट कब्जामा लिए, चरम यातना दिएर ३६ घन्टापछि कागज गरेर श्रीमतीको जिम्मा लगाइदिएका हुन् । माओवादीले राजु र उनको परिवारलाई पत्रकारलाई जानकारी नदिने, कतै उजुरी नगर्ने सर्तनामा गराएका थिए, तर राजुसँगै कब्जामा परेको उनको नीलो रङको निसान गाडी एक महिना बितिसक्दा पनि माओवादीले फर्काएको छैन । त्यो सानदार गाडी माओवादी अध्यक्षको सवारी बनेको छ । माओवादी त्रासमा कारण सुरुमा यथार्थ खोल्न नचाहने राजुहरू अहिले नेताहरूमार्फत सम्पत्ति फिर्ता लिने काममा लागी परेका छन् ।

माओवादी अध्यक्ष प्रचण्डसँग जोडिएको समाचार आउनेबित्तिकै राजुका आँखा टेलिभिजनका पर्दामा गाडिन्छन्, कतै आफ्नै गाडी पो देखिने हो कि ? उनी भन्छन्, 'मेरो गाडी कहाँ कहाँ पुग्दो रहेछ ।' राजु हालै सम्पन्न शिखर वार्तामा प्रचण्डले आफ्नो गाडीमा बालुवाटार ओहोर दोहोर गरेको दृश्य नेपाल टेलिभिजनमा देखेको बताउँछन् भने भारतीय राजदूत शिवशंकर मुखर्जीसँग भेटवार्तामा नेपाल वान च्यानलबाट आफ्नो गाडी देखेको बताउँछन् । राजु आफ्नो गाडीको नम्बर पनि फेरिने गरेको कुरा अन्य साथीहरूबाट सुनेको बताउँछन् । उनी भन्छन्, 'मेरो गाडी नम्बर बा. ५ च १८१७ थियो, तर बेलाबेलामा नम्बर फेरिन्छ भन्ने सुनेको छु ।' केही दिनअघि उक्त गाडी बा. ५ च. ८९३५ मा बदलिएको कुरा साथीहरूबाट थाहा पाएको जानकारी पनि राजुले दिए । ४२ सय सिसीको ६ सिलिन्डरको उक्त गाडीको बजार मूल्य करिब ६५ लाख रुपैयाँ पर्ने राजु बताउँछन् ।

बूढानीलकण्ठ क्षेत्रबाट राजुको गाडीबाहेक दुइटा मोटरसाइकल, मोबाइल सेटहरू, नगद र सुनका औंठी, सिक्री जस्ता गहना पनि माओवादीले फर्काएका छैनन् । अपराध नियन्त्रणका नाममा कब्जामा लिएकाहरूलाई चरम यातना दिएर कागज गराउँदै छोड्ने काम भएको, तर लुटिएको सामान र नगद नफर्काएको भुक्तभोगी बताउँछन् । राजु भन्छन्, 'मेरो हीराको औंठी, एउटा सुनको औंठी, लकेट, सिक्री पनि माओवादी कब्जामै छ ।'

'म त्यस्तो मानिस (अपराधी) होइन', राजु प्रतिवाद गर्छन् । पेसाले जग्गा किनबेच गर्ने व्यवसायी र पुस्तौंदेखि सम्पन्न खान्दानी भएको जानकारी दिँदै राजुले भने, 'म विभिन्न संघ संस्थासँग आबद्ध छु ।' उनको राजनीतिक परिचय नेपाली कांग्रेस (प्रजातान्त्रिक)को स्थानीय नेता हो । उनी नेपाली कांग्रेस क्षेत्रीय प्रतिनिधि, महाँकाल गाउँ विकास समिति गाउँ कमिटीका अध्यक्ष हुन् । उता सामाजिक क्षेत्रमा बूढानीलकण्ठ क्षेत्र विकास समितिको सदस्य सचिव छन् । त्यसैगरी १३ वर्षदेखि बादोकाई कराँते संघको केन्द्रीय सदस्य सचिवको जिम्मेवारी सम्हालेका उनी बताउँछन् । उनी भन्छन्, 'सन् १९९९ मा बादोकाई कराँते वर्ल्डकपमा नेपालको प्रतिनिधि थिएँ ।'

आफूलाई यातना दिएको गाडी र पैसा समेत लुटिएको गुनासो पोख्न राजुले कांग्रेस प्रजातान्त्रिका वरिष्ठ नेताहरूसँग मात्र हारगुहार मागेका छैनन्, उनले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा संयुक्त राष्ट्रसंघ उच्चायुक्तको कार्यालयमा समेत अपिल गरिसकेका छन् । कात्तिकको दोस्रो साता प्रधानमन्त्रीपुत्री सुजाताको सहयोगमा प्रधानमन्त्री निवास बालुवाटार पुगेका राजु र उनका साथीहरूले प्रधानमन्त्रीसँग भेट गर्न त पाएनन्, तर प्रधानमन्त्री निवासमै गृहमन्त्री कृष्ण सिटौलालाई भेटेर हारगुहार मागे । गृहमन्त्रीबाट कस्तो जवाफ पाइयो भन्ने प्रश्नमा मुकुन्द भन्छन्, 'हाम्रो कुरा मात्र सुने, तर बोल्दै बोलेनन् ।'

राजु, भरत र मुकुन्द शारीरिक यातना खेप्दै कात्तिक २० मा संयुक्त राष्ट्रसंघीय उच्चायोगको कार्यालय छाउनीमा पुगेर उजुरी गरिसकेका छन् । आयोगका अधिकारीहरूले कानुनी कारबाहीका लागि प्रहरीमा उजुरी हाल्न सुझाएका थिए, तर उनीहरू उजुरी गर्ने पक्षमा छैनन् । राजु भन्छन्, 'उजुरीको कुनै अर्थ हुन्छ होला जस्तो लाग्दैन ।'

**■ विश्वमणि पोखरेल/काठमाडौं**





# कानुन हातमा

■ गोविन्द परियार/काठमाडौं
तस्विरहरू : तेजबहादुर बस्नेत

## माओवादीको नियन्त्रणमा परेका दस प्रमुख अभियुक्तहरू

| नाम | क्षेत्र | माओवादीले लगाएको आरोप |
|---|---|---|
| बमबहादुर लिम्बू | ललितपुर | पेसेवर अपराधी |
| मेघराज श्रेष्ठ | काठमाडौं | अपहरणकारी |
| एमेश श्रेष्ठ | भक्तपुर | गुन्डा परिचालन गर्ने |
| सुशील थापा | गंगबु | हप्ता उठाउने |
| दीपक लामा | धुम्बाराही | गुन्डागर्दी |
| राजेश श्रेष्ठ | महाराजगन्ज | गुन्डागर्दी |
| लक्ष्मी खड्गी | ललितपुर | गुन्डागर्दी |
| तारणीप्रसाद ठाकुर | महाराजगन्ज | ठगी |
| कृष्ण लामा | काठमाडौं | माओवादीको नेतृत्वमाथि प्रहार गर्ने योजना बनाएको |
| माधव जिसी | ककनी | माओवादीको नाममा वार्षिक एक करोड चन्दा उठाएको |

**आफ्नो छुट्टै राज्य** भएको दाबी गर्दै आएका माओवादीहरूले राजधानीको सुरक्षामा समेत आफ्नो हिस्सेदारी देखाएका छन्। दसवर्षे सशस्त्र द्वन्द्वबाट शान्तिपूर्ण राजनीतिक सहमतिमा प्रवेश गरेलगत्तै राजधानी लगायतका सहरी क्षेत्रको सुरक्षा र जनचासोको विषयमा माओवादीको आकर्षण बढेको छ। गुन्डागर्दी, अपहरण लगायतका आपराधिक क्रियाकलाप बढ्दै गएको सन्दर्भमा माओवादीले त्यसलाई नियन्त्रण गर्न खोज्नु आफैंमा प्रशंसनीय कार्य भए पनि राज्यका कानुन र आधिकारिक निकाय हुँदाहुँदै प्रत्यक्ष हस्तक्षेपले कानुनी राज्यमाथि प्रश्नचिन्ह खडा हुने विश्लेषकहरू बताउँछन्। अपराधशास्त्री माधव आचार्य भन्छन्, 'राज्यका निकायहरू सक्रिय हुँदाहुँदै एउटा पार्टीले अपराधीलाई कारबाही गर्ने होइन, अपराध नियन्त्रणमा सहयोग मात्रै गर्ने हो।' कानुनी राज्यको अवधारणाको दृष्टिकोणबाट राज्यलाई उपेक्षा गरी कानुन आफ्नो हातमा लिन नमिल्ने आचार्य बताउँछन्।

राजधानीमा मौलाउँदै गएको आपराधिक घटनामा प्रहरी प्रशासनले नियन्त्रण गर्न खोज्दा पनि राजनीतिक दलका नेताहरूबाट उनीहरूको संरक्षण हुँदै आएको निष्कर्ष माओवादीले निकालेको छ। माओवादी भ्याली ब्रिगेडका कमान्डर सागर भन्छन्, 'राजधानीमा मौलाउँदै गएको अपराध र विकृति र त्यसमा प्रत्यक्ष-अप्रत्यक्षरुपमा संलग्न राजनीतिक दलदेखि दरवारसम्मको साँठगाँठ हाम्रो अभियानबाट पर्दाफास



माओवादीको नियन्त्रणमा रहेका
अपराधीको आरोप लागेकाहरू

# 'गुण्डागर्दी घटेको छ'



**सागर**
कमान्डर, भ्याली ब्रिगेड, जनमुक्ति सेना नेपाल

**राजधानीको अपराध नियन्त्रण गर्ने भन्दै धेरै 'दादा'हरूलाई समात्ने काम भयो । यो प्रहरीको काम होइन र ?**

अपराध नियन्त्रण गर्नु प्रत्येक नागरिकको कर्तव्य हो । अपराधीलाई कारबाही गराउन प्रहरी प्रशासन विगतमा असफल भएकाले नै हाम्रो पार्टीले यो कार्य गर्नुपर्ने अवस्था आयो । यसको लागि हामीसमक्ष जनताका धेरै उजुरी परेका थिए । त्यसकै आधारमा हामीले राजधानीमा अपराध नियन्त्रण गर्ने अभियान संचालन गरेका हौं ।

**यसमा प्रहरी प्रशासनको प्रतिक्रिया के थियो ?**

हामीले प्रहरी प्रशासन र हाम्रो जनमुक्ति सेना दुवै मिलेर राजधानीको अपराध नियन्त्रण गरौं भनेका थियौं, तर उनीहरूले मानेन् । त्यसपछि हामीले आफ्नै हिसाबले अभियान सुरु गरेका हौं, तर प्रहरीले हाम्रो अभियानमा कुनै असहयोग गरेन ।

**जनताको सहयोग-असहयोग के पाइयो त ?**

जनताबाट अपराध नियन्त्रण गर्नु पर्‍यो भनेर नै हामीले अभियान सुरु गरेका हौं । त्यसैले जनताको असहयोग पाउने भन्ने सवाल नै भएन, पूर्ण सहयोग भयो । त्यसैले त हाम्रो अभियान सफल भयो ।

**आपराधिक क्रियाकलापमा संलग्न कतिजनालाई समातियो त ?**

राजधानीमा प्रहरी प्रशासन, राजनीतिक दल र दरवारबाट समेत संरक्षणमा रहेका करिब २ सयजनालाई हामीले नियन्त्रणमा लिएर उनीहरूलाई अब यस्तो क्रियाकलापमा संलग्न नहुने लिखित कागज गराएर छोडेका छौं ।

**राजधानीमा अहिले अपराध घटेको छ त ?**

तुलनात्मक रुपमा अवश्य घटेको छ । हप्ता उठाउँदै आएका राजधानी होटल र रेस्टुराँहरूमा अहिले पूर्णरुपमा बन्द भएको छ । होटल र रेस्टुराँ व्यवसायीहरूले हामीलाई सम्पर्क गरेर हप्ता उठाउन नआएको बताएका छन् । यसले पनि राजधानीमा गुन्डागर्दी घटेको पुष्टि गरेको छ ।

हुने डरले त्रसित छन् ।' माओवादीले शान्ति सुरक्षा र अपराध घटाउनको लागि राजधानीमा असोज २० गतेदेखि एकमहिने विशेष अभियान संचालन गरेको थियो । तर एकथरि विश्लेषहरूले भने सात दल र माओवादीबीच सहमति भएर शान्ति प्रक्रियामा प्रवेश गरिसकेको अवस्थामा माओवदीले राज्यका कानुनलाई हातमा लिएर गरेको यस्तो व्यवहारले नकारात्मक असर पार्न सक्ने बताएका छन् । उता माओवादीले भने जनताको उजुरीका आधारमा आफूले कारबाही सुरु गरेको बताउँदै अपराध नियन्त्रण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएको दाबी गरेको छ ।

राजधानीमा अपराध र लुटपाटका घटना विशेष गरेर दसैं-तिहारको समयमा बढ्ने गर्छन् । यसैलाई मद्देनजर गरेर माओवादीले संचालन गरेको अपराध नियन्त्रण अभियानका क्रममा राजधानीका नामुद 'दादा'हरू समेत माओवादी हिरासतमा परेका थिए । माओवादीका अनुसार राजधानीमा एक हजार पेसेवररुपमा अपराधमा सक्रिय छन् । त्यसको नेतृत्व २ सयजनाले गरेको उनीहरूको दाबी छ । राजधानीको अपराध नियन्त्रणको लागि भन्दै माओवादीले काठमाडौं, भक्तपुर र ललितपुरमा भ्याली ब्रिगेडअन्तर्गत चारवटा समूह बनाएको छ । जसले राजधानीका विभिन्न ठाउँमा छापा मारी अपराधमा संलग्नहरूलाई पक्राउ गर्ने गर्छ ।

माओवादीको हिरासतमा परेका सबैले आफ्नो गल्ती स्वीकार गरेको र अब यस्तो क्रियाकलापमा नलाग्ने लिखित सहमति गरेको सागर बताउँछन् । माओवादीले आफ्नो अनुसन्धानको क्रममा हिरासतमा लिएकाहरूमध्ये अधिकांशलाई संयुक्त राष्ट्रसंघको रोहवरमा रिहा गरिसकेको बताएको छ । माओवादी र सात दलबीच हालै सम्पन्न सहमतिको कार्यान्वयनकै सिलसिलामा फेरि आपराधिक क्रियाकलापमा नफर्कने सर्तमा उनीहरूलाई रिहा गरिएको सागर बताउँछन् । अहिले माओवादीको हिरासतमा कृष्ण लामा मात्रै छन् । केही दिनको अनुसन्धानपछि उनलाई पनि अपराध स्वीकार गराएर लिखित सम्झौता गराएर छाडिने माओवादीले बताएको छ । माओवादीले संचालन गरेको अपराध नियन्त्रण अभियानकै सिलसिलामा पनि राजनीतिक दलका ठूला नेताहरूबाट छोडिदिनुपर्‍यो भनेर फोन आउने गरेको माओवादीले बताएको छ ।

राजधानीको सुरक्षामा प्रहरी प्रशासनको चुस्तता नदेखिएको भन्दै विवादमा पर्दै आएका बेला माओवादीको यो अपराध नियन्त्रण अभियानले सकारात्मक प्रभव पारेको माओवादीको दाबी छ । अपराधशास्त्री आचार्य भने नेपाल प्रहरीको तालिम लगायतका अनुसन्धान कौशल राम्रो हुँदाहुँदै पनि प्रहरी संगठनभित्रको सांगठनिक ढाँचामा परिवर्तन हुन नसक्नु र भ्रष्टाचार मौलाएका कारण काम हुन नसकेको बताउँछन् । माओवादीको हिरासतमा परेकाहरूमध्ये अधिकांश कोही क्लबका अध्यक्ष छन् त कोही कुनै संगठन वा संस्थाका पदाधिकारी । राजधानीमा चर्चामा रहेका मिलन चक्रेलाई भने माओवादीले समात्न सकेको छैन । माओवादीले राजधानीमा आफ्नो राज गर्दै आएका दादाहरूलाई नियन्त्रणमा लिएर प्रहरी प्रशासनलाई थप चुनौती दिएको छ । तल्ला तहका प्रहरीहरूले पक्राउ गरे पनि यस्ता अपराधमा संलग्नहरूलाई माथिल्लो तहबाट संरक्षण हुने गरेको उपत्यका अपराध अनुसन्धान शाखामा कार्यरत एक प्रहरी बताउँछन् ।

क्याबिन रेस्टुराँहरूको नाममा यौनव्यवसाय हुने गरेको भन्दै माओवादीले राजधानीका क्याबिन रेस्टुराँहरूमा हुने अप्रत्यक्ष वेश्यावृत्ति नियन्त्रण गर्न क्याबिन रेस्टुराँलाई निगरानीमा राखेको बताएको छ । सागर भन्छन्, 'राजधानीमा शारीरिक र आर्थिक शोषणको संजाल फैलँदो छ । त्यसमा महिलामाथि क्याबिन रेस्टुराँको खोल ओढेर खुला यौनव्यवसाय संचालन भएका छन् । यसलाई नियन्त्रण गर्नु पनि हाम्रो दायित्व सम्झेका छौं ।'

अपराधको नयाँ रुपमा राजधानीमा लागूपदार्थ दुर्व्यसन व्यापक मात्रामा बढ्न थालेको छ । राजधानीमा बढ्दै गएको लागूपदार्थ दुर्व्यसन रोक्नको लागि पनि माओवादीले विशेष अभियान संचालन गर्ने बताएको छ । सागर भन्छन्, 'राजधानीमा केही गिरोहले नियोजितरुपमा संचालन गरेको लागूपदार्थ दुर्व्यसनको कारोवारले गर्दा १३ वर्षदेखि २३ वर्ष उमेरका अधिकांश लागूपदार्थको लतको सिकार भएका छन् । यसलाई नियन्त्रण गर्ने योजना हामीले बनाइरहेका छौं ।' ■

# सन्त्रास

**अजय दाहालले युनाइटेड गोर्खा रिभ्युलुसनरी आर्मी नामक दस्ता निर्माण गरी बंगाल सरकारविरुद्ध सशस्त्र संघर्ष सुरु गरेको घोषणासँगै सेन्ट्रल रिजर्ब पुलिस फोर्स परिचालित भएपछि दार्जीलिङ क्षेत्रमा सन्त्रासको वातावरण छ ।**


डा. हर्क क्षेत्री


दावा पाखिन


कालिम्पोङ

■ **ओमआस्था राई/कालिम्पोङ** (तस्वीर पनि)

डम्बर चोक, कालिम्पोङको व्यस्त व्यापारिक केन्द्र । चोकमै ठड्याइएको घन्टाघरले साँझ ७ बजेको संकेत गर्दानगर्दै तिब्बती व्यापारीहरू आ-आफ्ना पसल बन्द गर्न थाल्छन् । 'कफी सप' वरपर टहल्दै गरेकाहरू पनि खोकिलामा हात च्यापेर हतार-हतार घर फिर्छन् ।

'पहाडको राजनीति'ले प्रायजसो तनावमै रहने कालिम्पोङ सहरमा यता आएर न कसैको हत्या भएको छ, न कुनै विस्फोट । तैपनि, सन्त्रास फैलिएको छ, आँधी आउनुअघिको सन्नाटाजस्तो । दार्जीलिङको यो 'अध्यारो गल्ली'मा बसोवास गर्ने नेपालीमूलका भारतीयहरू भने सन् १९८० को दशकमा जस्तो सशस्त्र संघर्ष दोहोरिएको अवस्थामा कसरी ज्यान बचाउने भन्ने चिन्तामा छन् ।

चिन्ता नाजायज छैन, किनभने सन् १९८६ मा सुवास घिसिङले 'गोर्खाल्यान्ड राज्य'का लागि हिंसात्मक आन्दोलन सुरु गर्दा उनकै पछि लागेर नांगो खुकुरी नचाउने अजय दाहालले युनाइटेड गोर्खा रिभ्युलुसनरी आर्मी (युजिआरए) नामक दस्ता निर्माण गरी बंगाल सरकारविरुद्ध सशस्त्र संघर्ष सुरु गरेका छन् । त्यसैको तरंगस्वरुप दार्जीलिङमा अहिले सेन्ट्रल रिजर्ब पुलिस फोर्स (सिआरपिएफ) परिचालित छ ।

घिसिङको गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (जिएनएलएफ)ले सन् १९८८ मा दार्जीलिङ गोर्खा पार्वत्य परिषद् लिएर गोर्खाल्यान्डको आन्दोलन त्यागेकोमा असन्तुष्ट छत्रे सुब्बाले पनि सन् २००१ मा सशस्त्र संघर्ष सुरु गरेका थिए । तर, त्यस बेला सिआरपिएफ परिचालित भएन । घिसिङमाथि आक्रमण गरी भागेका सुब्बा नेपालको संखुवासभामा पक्राउ परे र उनको संगठन पनि छिन्नभिन्न भयो ।

अहिले सिआरपिएफले दार्जीलिङ प्रहरीसँग मिलेर खासगरी कालिम्पोङ र आसपासका ग्रामीण बस्तीहरूमा युजिआरएविरुद्ध कारबाही सुरु गरेको छ । यसैले छत्रे सुब्बाले सशस्त्र संघर्ष सुरु गर्दा खासै प्रभावित नभएका दार्जीलिङका बासिन्दा अहिले भने आत्तिन थालेका छन् । कालिम्पोङमा 'गिफ्ट व्यवसाय' गर्दै आएकी सुनिता तामाङ भन्छिन्, 'बलिया गोरुहरू जुध्न लागे, हामी निर्धा बाच्छाबाच्छीहरू फेरि मिचिने भयौं ।'

## आगोको झिल्को

युनाइटेड गोर्खा रिभ्युलुसनरी आर्मी (युजिआरए)ले गत भदौ २३ गते कालिम्पोङका विभिन्न चोक, गल्लीमा पोस्टर टाँस्दै 'गोर्खाल्यान्ड राज्य'का लागि पश्चिमबंगाल सरकारविरुद्ध सशस्त्र संघर्षको घोषणा गर्दासम्म त्यो संगठनको नाम कमैले सुनेका थिए । युजिआरए प्रमुख अजय दाहालप्रति पनि धेरैले ध्यान दिएका थिएनन् ।

सेन्ट्रल इन्डस्ट्रियल सेक्युरिटी फोर्स (सिआइएफबी)बाट राजीनामा दिएर राजनीतिमा लागेका दाहालले सुरुमा युनाइटेड गोर्खा रिभ्युलुसनरी फ्रन्ट (युजिआरएफ) नामक राजनीतिक पार्टी गठन गरेका थिए । युजिआरए त्यसैको सैन्य एकाइमात्रै हो । युजिआरएफले कहिलेकाहीं डम्बर चोकमा गर्ने कोणसभामा उनी गोर्खाल्यान्डका लागि सशस्त्र संघर्षको विकल्प नरहेको दोहोऱ्याउँथे । उनले यति चाँडै सशस्त्र संघर्ष गर्लान् भन्ने चाहिँ धेरैलाई लाग्दैनथ्यो ।

तर, युजिआरएका लडाकुले गत मंसिर ९ गते दार्जीलिङको सन्तुक बस्ती निवासी योहनसिंह लेप्चाको हत्या गरी साँच्चै सशस्त्र संघर्ष सुरु भएको संकेत दिए । गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (जिएनएलएफ)का कार्यकर्ता लेप्चालाई युजिआरएले आफूविरुद्ध प्रहरीलाई सुराकी गरेको आरोप लगाएको थियो । त्यसपछि दार्जीलिङ प्रहरीले दाहालको खोजी तीव्र पारेको छ ।

दाहाल त भेटिएका छैनन्, तर दार्जीलिङ प्रहरीले उनका भाइ सञ्जयलाई पक्राउ गरी धेरै केरकारपछि मात्रै छाडेको छ । युजिआरएको संगठन नष्ट गर्न दार्जीलिङ प्रहरी प्रमुख राजेश सुवर्णको नेतृत्वमा एउटा विशेष दल गठन गरिएको छ । सिआरपिएफको सहयोगमा सुवर्ण नेतृत्वको दलले कम्तीमा आठजनालाई युजिआरएसँग सम्बद्ध रहेको आरोपमा पक्राउ गरेको छ । तर, युजिआरए प्रमुख दाहालले पक्राउ परेकामध्ये केहीमात्र आफ्नो कार्यकर्ता रहेको स्विकारेका छन् ।

गत असोज ५ गते सन्तुक बस्तीमा पक्राउ परेका २४ वर्षीय राम राईको घरबाट युजिआरएले निकालेका पोस्टरहरू बरामद गरेको दार्जीलिङ प्रहरीले जनाएको छ । त्यसैगरी कटहरे गोलाइ क्षेत्रबाट पक्राउ परेका फिलिप लेप्चालाई युजिआरएको सैन्य शिविरमा रासन आपूर्ति गर्ने



गरेको आरोप प्रहरीको छ । लेप्चाले दिएको बयानको आधारमै असोज २५ गते पेदोङ नजिकैको जंगलमा युजिआरएसँग मुठभेड भएको र एकलाई घाइते अवस्थामा पक्राउ गरिएको प्रहरीले बताएको छ ।

प्रहरीका अनुसार मुठभेडको क्रममा युजिआरएका मनोज लेप्चा खुट्टामा गोली लागी ढलेका थिए । उनलाई पेदोङ स्वास्थ्य चौकीमा उपचार गरी कालिम्पोङ ल्याइएको थियो । अरू भने भाग्न सफल रहे । तर, युजिआरए प्रमुख अजय दाहालले लेप्चा आफ्नो संगठनको सदस्य नरहेको दाबी गरेका छन् । अझ स्थानीय बासिन्दा त पेदोङ नजिकैको जंगलमा मुठभेड नै नभएको बताउँछन् । प्रहरीले निशस्त्र मनोज लेप्चालाई नियन्त्रणमा लिएर खुट्टामा गोली हानी घाइते पारेको र मुठभेडको हल्ला फैलाएको उनीहरू बताउँछन् ।

युजिआरएको बढ्दो गतिविधिसँगै सिआरपिएफ र दार्जीलिङ प्रहरीले सोधपुछ र अनुसन्धानको नाउँमा जुनसुकै व्यक्तिलाई पक्राउ गर्न थालेकोले स्थानीय बासिन्दा त्रस्त छन् । झन्डै दुई दशकअघि गोर्खाल्यान्ड आन्दोलन दबाउन बंगाल सरकारले देखाएको बर्बरता बिर्सिन नसकेका स्थानीय बासिन्दा युजिआरएको उदयसँगै त्यही दमनको दोस्रो शृंखला सुरु हुने त्रासमा छन् ।

अर्कोतिर सुवास घिसिङको जिएनएलएफका क्रियाकलाप पनि स्थानीय बासिन्दाका लागि उत्तिकै त्रासदीपूर्ण छ । युजिआरएले योहनसिंह लेप्चाको हत्या गरेको विरोधमा जिएनएलएफका कार्यकर्ताले जबरजस्ती कालिम्पोङ बजार बन्द गराए । उनीहरूले आफ्नो पसल बन्द गर्न आनाकानी गर्नेलाई जथाभावी गालीका साथै हातपात पनि गरे । स्थानीय बासिन्दाहरू बजार बन्द गराउन आउनेलाई जिएनएलएफका 'भाडाका गुन्डाहरू' भन्छन् ।

## सन्त्रस्त बंगाल

आखिर युजिआरएसँग कति शक्ति छ र बंगाल सरकार उसलाई लिएर आफ्नो टाउको दुखाउँदै छ ? यो पेचिलो प्रश्नको उत्तर कम्तीमा अहिलेलाई अनुमानमै सीमित छ । युजिआरए प्रवक्ता रुद्र आचार्यले गत असोज ७ गते एक प्रेस विज्ञप्ति जारी गर्दै नौवटा शिविरमा सैन्य प्रशिक्षण सञ्चालन भइरहेको बताएका थिए । प्रशिक्षण सकिनेबित्तिकै बंगाल सरकारविरुद्ध सैन्य आक्रमण तीव्र पार्ने आचार्यको भनाइ थियो ।

उता, दार्जीलिङ प्रहरी युजिआरएसँग ठूलो सैन्य दस्ता नरहेको दाबी गर्छ । त्यसो भए बंगाल सरकार किन टाउको दुखाउँछ त ? भारतीय अंग्रेजी दैनिक टेलिग्राफका लागि कालिम्पोङबाट रिपोर्टिङ गर्ने राजीव रविदासको भनाइमा सैन्य क्षमताको दृष्टिकोणले युजिआरए खासै शक्तिशाली नभए पनि दार्जीलिङमा छुट्टै गोर्खाल्यान्ड राज्यको सपना बाँड्ने जुनसुकै राजनीतिक दल वा संगठनले सजिलै सशस्त्र विद्रोह चर्काउन सक्छ । यसैले बंगाल सरकार युजिआरएलाई बेवास्ता गरेर कुनै खतरा मोल्न चाहँदैन ।

अर्कोतिर युजिआरएलाई नेपालका माओवादी, सिक्किम र आसामका केही नेता, राजनीतिक संगठनले सघाएको आशंका दार्जीलिङ प्रहरीको छ । यो पनि सायद बंगाल सरकारको टाउको दुख्नुको एक कारण हो । दार्जीलिङ प्रहरी प्रमुख राजेश सुवर्णले स्थानीय सञ्चारकर्मीसँगको कुराकानीमा मोहन वैद्यलाई भेट्न नेकपा (माओवादी)का अध्यक्ष प्रचण्ड र डा. बाबुराम भट्टराई सिलिगुडी आउँदा युजिआरए प्रमुख अजय दाहाललाई भेटेर फर्किएको दाबी गरेका छन् । डुवर्समा प्रचण्ड र डा. भट्टराईलाई भेटेर फर्किएपछि मात्रै युजिआरएले सशस्त्र संघर्षको उद्घोष गर्ने हिम्मत जुटाएको सुवर्णको भनाइ छ ।

दार्जीलिङवासी भारत सरकारले दिएको सीमित स्वायत्तताप्रति सन्तुष्ट छैनन् । दुई वर्षदेखि दार्जीलिङ गोर्खा पार्वत्य परिषद्को चुनाव हुन सकेको छैन र पनि सुवास घिसिङको जिएनएलएफ नै सत्तासीन छ । जिएनएलएफ र बंगाल सरकारको स्वार्थको गाँठो यसरी कसिएको छ कि दुवै एक-अर्काको गल्ती र राजनीतिक अपराधप्रति मौन छन् ।


'पहाडकी रानी'लाई अलग राज्य हुन नदिने बंगाल सरकारको हठ, केन्द्रबाट आउने करोडौं रुपैयाँ बेहिसाब खर्च गर्न पाउने स्वतन्त्रता गुमाउन नचाहने सुवास घिसिङ र उनको जिएनएलएफको भित्री चाहनाले गोर्खाल्यान्डको सपना दिनदिनै धूमिल बन्दै गएको छ । तर, अलग राज्य स्थापना गर्ने दार्जीलिङवासीको तिर्खा मेटिएको छैन । दार्जीलिङवासीको त्यही तिर्खा र जिएनएलएफप्रतिको असन्तुष्टिको आधारमा युजिआरएले शिर उठाएको बुद्धिजीवी डा. हर्कबहादुर क्षेत्री बताउँछन् ।

पेदोङमा प्राध्यापनरत डा. क्षेत्री भन्छन्, 'युजिआरएको विद्रोह विस्तार हुनु पक्कै सजिलो छैन, तर सुवास घिसिङले आफ्नो स्वेच्छाचारितामा लगाम नलाउने हो भने गाह्रो पनि छैन ।' डा. क्षेत्रीका अनुसार अहिले दार्जीलिङवासी अजय दाहाल र उनको युजिआरएप्रति विश्वास र अविश्वास दुवै गर्न नसक्ने अवस्थामा छन् । गोर्खाल्यान्डको सपना बाँडेर सत्ता-सुखमा डुबेका घिसिङलाई नजिकबाट नियाल्ने जुनसुकै दार्जीलिङवासी युजिआरएलाई सघाउनुअघि दसपल्ट सोच्न बाध्य हुने डा. क्षेत्रीको भनाइ छ ।

'आजका दार्जीलिङवासीको सोचाइ सन् १९८० को जस्तो छैन, यहाँका मानिस कुनै राजनीतिक दलले केही नयाँ नारा लायो भने त्यसभित्र लुकेको स्वार्थ खोज्न थाल्ने भएका छन्', डा. क्षेत्री भन्छन्, 'तर, युजिआरएले गोर्खाल्यान्डबाहेक आफ्नो अर्को स्वार्थ केही छैन भनेर प्रमाणित गर्ने हो भने फेरि मानिस मर्न र मार्न तयार हुन्छन् ।'

तर, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (जिएनएलएफ)का कालिम्पोङ शाखा सभापति दावा पाखिन युजिआरएलाई गोर्खाल्यान्ड राज्यका लागि लडेको नभई पश्चिमबंगालमा सत्तारुढ मार्क्सवादी पार्टीकै केही नेताको इसारामा चलेको संगठन मान्छन् । 'गोर्खाल्यान्डको सपना एकै खेपमा पूरा हुँदैन भन्ने बुझेरै हामीले पार्वत्य परिषद्मा सम्झौता गरेका हौं', पाखिन भन्छन्, 'छैटौं अनुसूची त्यही सपना पूरा गर्ने अन्तिम खुड्किलो हो ।'

हिंसा त्यागेर भारतीय नेपालीले बनाएको छविमा छत्रे सुब्बाले फेरि हतियार उठाई कालो पोतेको र त्यही बाटोमा अजय दाहाल हिँड्न सुरु गरेको पाखिन बताउँछन् । हतियारको बलमा राजनीति गर्ने समय सकिएको बताउँदै पाखिन भन्छन्, 'नेपालमा पुष्पकमल दाहालले क्रान्ति सफल पारे भन्दैमा यहाँ अर्को दाहालले त्यस्तै गर्न सक्छन् त ?' ■



बैठकका बारेमा पत्रकारहरूलाई जानकारी दिँदै डा. बाबुराम भट्टराई र अग्नि सापकोटा

रामशरण बजगाईं

# संसदीय पार्टीकै सिको

**सत्तारुढ सात दलसँगको** सम्झौताले अन्तरिम संसद् र सरकारमा जाने टुंगो गरेलगत्तै नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को केन्द्रीय समितिको बैठकले आफ्नो संगठनलाई संसदीय पार्टी जस्तै बनाउने अभियान थालेको छ। पार्टीका वरिष्ठ नेता रामबहादुर थापा 'बादल'को नेतृत्वमा 'संगठनात्मक संरचनामा हेरफेर' गर्न बनेको कार्यदलले केही दिनभित्रै निर्वाचनका लागि अनुकूल संगठन बनाउने सिफारिस पार्टीलाई बुझाउनेछ।

'युद्धकालीन संगठनलाई निर्वाचनअनुकूल बनाउन र शान्तिपूर्ण प्रतिस्पर्धा निम्ति शक्ति विन्यास गर्न' कार्यदल निर्माण गरिएको माओवादीका नेताहरू बताउँछन्। कार्यदलको सदस्यमा पश्चिम कमान्ड इन्चार्ज पोष्टबहादुर बोगटी (दिवाकर) र केन्द्रीय कमान्ड इन्चार्ज वर्षमान पुन (अनन्त) छन्। यही कार्यदललाई माओवादीबाट अन्तरिम संसद्मा जानेहरूको नामावली तयार गर्ने जिम्मेवारी पनि दिइएको छ।

२०५२ सालमा सुरु भएको जनयुद्धका क्रममा माओवादीले छापामार युद्धका लागि अनुकूल संगठन र कमान्डहरू बनाएको थियो। युद्धकालमा माओवादीले सम्बन्धित जिल्ला र क्षेत्रका बासिन्दालाई भन्दा युद्ध लड्न सक्ने कार्यकर्तालाई क्षेत्र, जिल्ला र इलाकाका नेताहरू बनाएको थियो। यसै कारण धेरै जिल्लाको माओवादी संगठनमा रोल्पा र रुकुमका नेताहरू छन्। यसैगरी माओवादीले राज्यले विभाजन गरेको क्षेत्र, अञ्चल, जिल्ला र निर्वाचन क्षेत्रको साटो युद्धको अनुकूलताका आधारमा संगठनको क्षेत्र बनाएको थियो। वैशाखमा लोकतन्त्र आएपछि खुला राजनीतिक प्रतिस्पर्धामा उत्रिएको माओवादीले पुराना संगठन, ढाँचा र नेताहरूबाट अन्य दलसँग प्रतिस्पर्धा गर्न नसकिने निष्कर्ष निकालेको स्रोत बताउँछ। 'तर, वार्ता निष्कर्षमा नपुगी संगठनात्मक ढाँचा परिवर्तन गर्नु अपरिपक्व हुने भएकाले अहिले मात्र यस्तो निर्णय गरिएको हो', माओवादी केन्द्रीय सदस्य हरिबोल गजुरेल (शीतलकुमार) बताउँछन्।

मंसिर १५ गतेभित्र पार्टीलाई प्रतिवेदन बुझाउने जिम्मा पाएको बादल कार्यदलले ७५ जिल्ला र २०५ निर्वाचन क्षेत्रलाई आधार बनाएर संगठन निर्माण गर्ने सिफारिस गर्नेछ। बादलले नै काभ्रेको फूलबारीमा कात्तिक २६ गतेको केन्द्रीय समितिको बैठकपछि सञ्चारमाध्यमहरू मार्फत आफूले यस्तै सुझाव दिने सार्वजनिक गरिसकेका छन्। बादल कार्यदलले आफ्ना जिल्ला संगठनका नेता सम्बन्धित जिल्लाकालाई नै बनाउने सुझाव दिने पनि स्रोत बताउँछ। शीर्ष वार्ता र राजनीतिक गतिविधिमा प्रचण्डसँगै अर्का वरिष्ठ नेता डा. बाबुराम भट्टराईले महत्त्वपूर्ण भूमिका पाइरहेका बेला बादललाई संगठनात्मक संरचना परिवर्तन र अन्तरिम संसद्मा जानेहरूको नाम सिफारिस गर्ने जिम्मा दिनुले उनी माओवादीमा अझै शक्तिशाली नै रहेको पुष्टि भएको छ।

सात प्रमुख र २१ सहायक शिविरहरूमा बस्ने निश्चित भइसकेको माओवादी सेनाका कयौं उपल्ला कमान्डर र राजनीतिक कमिसारहरूलाई अब माओवादीले राजनीतिक क्षेत्रमा फिर्ता बोलाउने निश्चित भएको पनि स्रोत बताउँछ। गत असोजमा रुकुमको चुनवाङमा भएको माओवादी केन्द्रीय समितिको बैठकले केन्द्रीय सत्ता कब्जा गर्ने (ढाडमा टेकेर टाउकोमा हान्ने) रणनीति कार्यान्वयनका लागि पार्टी संगठनमा रहेका थुप्रै नेताहरूलाई सैन्य फाँटमा पठाएको थियो। त्यति बेला सैन्य फाँटमा गएकाहरू अहिले माओवादी सेनाको विभिन्न तहमा 'राजनीतिक कमिसार'को भूमिका निर्वाह गरिरहेका छन्। 'नेपाली सेनामा कमिसारको व्यवस्था नभएका कारण संविधानसभाको निर्वाचनपछि गरिने सेना एकीकरणमा कमिसार नअटाउने भएकाले पार्टीले कमिसारहरूलाई राजनीतिक क्षेत्रमा फर्काउने सोच बनाएको हो', माओवादी स्रोत बताउँछ। निर्वाचनका लागि राजनीतिक क्षेत्रमा काम गर्ने कार्यकर्ताको अभाव पूर्ति गर्न माओवादीले कमिसारहरूलाई राजनीतिक क्षेत्रमा फिर्ता गर्ने रणनीति बनाएको पनि बताइन्छ। यद्यपि, सेना व्यवस्थापनबारे माओवादी केन्द्रीय समितिले बनाएको कार्यदलका प्रमुख नन्दकिशोर पुन (पासाङ) 'अझै कुनै विषय निश्चित नभइसकेको' दाबी गर्छन्।

माओवादी स्रोतका अनुसार सैन्य शिविरहरूमा माओवादी सैन्यका डेपुटी कमान्डरहरू पनि बस्नेछैनन्। प्रचण्ड माओवादी सैन्यका सर्वोच्च कमान्डर हुन् भने उनीपछिका चार डेपुटी कमान्डरमा नन्दकिशोर पुन (पासाङ), वर्षमान पुन (अनन्त), जनार्दन शर्मा (प्रभाकर) र चन्द्र खनाल (बलदेव) छन्। चारै डेपुटी कमान्डरहरू राजनीतिक क्षेत्रमा आउने र अन्तरिम विधायिकामा सांसद बन्ने पनि स्रोत बताउँछ। तर, उनीहरू पछिका डिभिजन कमान्डरहरू भने सेनासँगै अस्थायी शिविरमै बस्नेछन्। आफ्नो सबै डिभिजन र सेनालाई नियन्त्रण गर्न माओवादीले जनसैन्य प्रतिष्ठानलाई जिम्मा दिने सोच बनाएको छ। प्रतिष्ठान प्रमुखमा पासाङ नै छन्।

■ **सुवास देवकोटा/काठमाडौं**



काठमाडौं मेडिकल कलेजको पुस्तकालयमा अध्ययनरत विद्यार्थीहरू

तस्बिरहरू : तेजबहादुर बस्नेत

# बढ्दो पलायन

**राजधानीबाहिरका अधिकांश जिल्लामा डाक्टर पुग्न नसक्दा उपचारको अभावमा कयौंको अकालमा ज्यान गइरहेको छ, तर सरकारी खर्चमा डाक्टर बनेकाहरू अधिकांश काम, दाम र 'क्यारिअर'को आकर्षणमा विदेश पलायन भइरहेकाले राज्यको लगानी बालुवामा पानी हालेसरह भएको छ ।**

■ **छत्र कार्की/काठमाडौं**

**एक वर्षअघि** एमबिबिएस अन्तिम वर्षको परीक्षा सिध्याएर इन्टर्नसिप गरिरहेका चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज क्याम्पसका ४३ जना नेपाली विद्यार्थीमध्ये ५ जनाले इन्टर्नसिप नसिध्याउँदै अमेरिका जानको लागि युएसएमएलई (युनाइटेड स्टेट मेडिकल लाइसेन्स एक्जाम) दिन 'डेट' लिइसकेका छन् । सरकारी छात्रवृत्ति पाएर एमबिबिएस पूरा गर्न लागेका उनीहरूले इन्टर्नसिपपछि छोटो समय पनि नेपालमा काम गर्ने सोच बनाएका छैनन्, जतिसक्दो चाँडो अमेरिका उड्ने उनीहरूको योजना छ । अरू बाँकीमध्ये आधाभन्दा बढी विद्यार्थीको ध्याउन्न पनि युएसएमएलईमै छ, उनीहरू पनि परीक्षा 'डेट' लिने तयारीमा छन् । चिकित्साशास्त्र अध्ययन संस्थान र विपी स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानजस्ता सरकारी शिक्षणसंस्था मात्र होइन, काठमाडौं विश्वविद्यालयको स्कुल अफ मेडिसिन, काठमाडौं मेडिकल कलेज, नेपाल मेडिकल कलेजलगायतबाट एमबिबिएस स्नातकहरूको विदेश हानिनेको लहर उस्तै छ ।


त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानका डिन डा. रमेशकान्त अधिकारी भन्छन्, 'विगत तीन-चार वर्षदेखि एमबिबिएस सिध्याएर अमेरिका, युरोप, अस्ट्रेलियालगायत मुलुक जाने डाक्टरको संख्या बढेको छ । एमबिबिएस सिध्याएर बाहिरको लागि आवेदन गर्न 'रिकम्मेन्डेसन'का लागि करिब पचास प्रतिशतजति विद्यार्थी आउने गरेका छन् ।'

सरकारी खर्चमा एउटा डाक्टर तयार पार्न राज्यकोषबाट वर्षभरि ३ देखि ४ लाखसम्म खर्च हुने देखिन्छ । तर, एमबिबिएस अन्तिम वर्षको परीक्षा दिएर इन्टर्नसिप नसकिँदै विद्यार्थीहरू विदेशको चक्करमा लाग्नुले मुलुकले एमबिबिएस बनाउन गरेको लगानीप्रति ऋणी बन्ने संस्कार उनीहरूमा नदेखिएको विचार राख्नेहरू धेरै छन् । वृत्ति विकास र दक्षता हासिल गर्न विदेश नै जानु परे पनि एकदुई वर्षचाहिँ मुलुकभित्रै काम गरौं भन्ने न्यूनतम भावनासमेत उनीहरूमा रहेको पाइँदैन ।

तथ्यांकअनुसार नेपालका मेडिकल कलेजबाट ५ सयजति नेपाली र बाँकी विदेशी गरी वार्षिक १ हजार जति डाक्टर उत्पादन हुन्छन् । ५ सय नेपाली डाक्टरमध्ये वर्ष दिनमै आधाजसो डाक्टर अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड, बेलायत, क्यानडालगायत मुलुकमा भित्रिने तथ्यले अरू मुलुकका लागि चिकित्सक जन्माउने हाम्रो यथार्थलाई इंगित गर्छ । नेपालबाहिर चीन, बंगलादेश, पाकिस्तानलगायत मुलुकबाट पढेर आउने डाक्टरहरूमा पनि विदेशिने दर उच्च छ । अस्ट्रेलिया जाने तयारीमा रहेका बंगलादेशबाट दुई वर्षअघि एमबिबिएस सिध्याएका डा. शिरीष अमात्य भन्छन्, 'सुरक्षित भविष्य देखेर नै म अस्ट्रेलिया जान लागेको हुँ ।' उनले कम्तीमा पनि १० वर्षजति उतै बस्ने सोच बनाएका छन् । तीन महिनापछि अस्ट्रेलिया उडेर एएमसी (अस्ट्रेलिया मेडिकल काउन्सिल)को परीक्षा दिने तयारी गरेका उनी भन्छन्, 'नेपाल फर्किने कि उतै बस्ने त्यसपछि विचार गर्नुपर्ला ।'

एमबिबिएस सिध्याएर नेपालमै पोस्ट ग्र्याजुएट गर्ने हो भने कम्तीमा १ वर्ष सेवा गर्नुपर्ने उल्लेख छ । तर, विदेश जाने सवालमा कुनै ऐन नियमले रोकटोक गरेको छैन । त्यसैले होला, आफ्नो सुनिश्चित भविष्य बनाउन इन्टर्नसिप अवधिमै अधिकांश विद्यार्थीले बाहिर जाने मानसिकता बनाइसकेका हुन्छन् । पछिल्लो समयमा सरकारले छात्रवृत्तिमा निजी मेडिकल कलेज पढेका विद्यार्थीको लागि एमबिबिएस सकेर २ वर्ष अनिवार्य प्राक्टिसको व्यवस्था मिलाए पनि यो प्रभावकारी बन्न नसकेको बताइन्छ ।

विगत एक दशकमा निजी क्षेत्रका मेडिकल कलेजको संख्या बढे पनि स्वास्थ्य सेवा ग्रामीण



परम्परागत सोचले स्वास्थ्य क्षेत्र चल्न सक्दैन : डा. बिडी चटौत



योजना र नीतिविहीनताबाट गुज्रिरहेको अवस्था छ : डा. मथुरा केसी

जनताको पहुँचमा पुग्न सकेको छैन । २०६२ साल चैतसम्म मेडिकल काउन्सिलमा दर्ता भएका एमबिबिएस डाक्टरको संख्या ५ हजार ८ सय २४ र एमडी गर्नेको संख्या ७ सय ५३ छ । दर्ता भएका सबै डाक्टरले अहिले मुलुकमा प्राक्टिस नगरेकाले पनि स्वास्थ्य समस्या विकराल बन्दै गएको हो । सरकारी खर्चबाट पढेका एमबिबिएस स्नातकले पढाइ पूरा हुनेबित्तिकै 'क्यारिअर' बनाउन होडवाजी गरेर विदेशिएर पलायन हुने प्रवृत्तिलाई दुर्भाग्यपूर्ण मान्नेहरू धेरै छन् । पाटन अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा. अर्जुन कार्की भन्छन्, 'एमबिबिएस गरेपछि बाहिर गएर डिग्री लिने चाहना हुनु स्वभाविक हो, तर समाजले तयार पारेको डाक्टरले आफ्नो दायित्व बिर्सेर पढाइ सकिएपछि पनि नफर्कनु चाहिँ उचित होइन ।'

अहिले पनि मुलुकका गाउँमा डाक्टर र स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेको तथ्य प्रस्ट छ । सरकारी खर्चबाट डाक्टर बनेर विदेशिएका डाक्टरहरूको यकिन तथ्यांक राखेको पाइँदैन, यसरी विदेशिने क्रम तीन दशकअघिबाटै सुरु भए पनि एक दशकदेखि ह्वात्तै बढेको हो ।

तथ्यांकअनुसार काठमाडौंमा एक लाख व्यक्ति बराबर ११७ जना डाक्टर छन् भने गाउँमा एक लाख व्यक्ति बराबर ३ दशमलव ३ देखि शून्य दशमलव ७ प्रतिशत मात्र डाक्टर छन् । यो सूचकांक अन्य मुलुकको दाँजोमा न्यून हो । दुर्गम क्षेत्रमा काम गर्ने डाक्टरलाई जुन रूपमा महत्त्व दिनुपर्ने हो, त्यो हुन नसकेकाले पनि नयाँ डाक्टर गाउँमा जान तयार नभएको अवस्था छ । बढुवालगायत अरू सुविधा दिने बेलामा पनि दुर्गम क्षेत्रमा काम गरेको डाक्टरलाई खासै महत्त्व नदिने परिपाटी पनि यसका लागि कारक मानिन्छ । दसौं योजना (२०५९-६४) मा आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच विस्तार गर्न पिछडिएको क्षेत्र र भौगोलिक तथा जनसंख्याको आधारमा नयाँ स्वास्थ्य चौकीहरू तथा अस्पतालहरू खोल्ने र स्वास्थ्य केन्द्रहरूको स्तरलाई सुधार गर्नेतर्फ जोड दिने प्रतिबद्धता उल्लेख गरे पनि व्यवहारिक पक्ष फितलो छ ।

मुलुकका ७२ जिल्ला अस्पतालमा सरकारले कम्तीमा पनि तीनजना डाक्टरको दरबन्दी व्यवस्था गरेको छ, तर त्यहाँ एक जना पनि डाक्टर कार्यरत छैनन् । मुलुकका सहरी क्षेत्र छोडेर गाउँमा डाक्टर जान नै चाहँदैनन् । स्वास्थ्य मन्त्रालयका सल्लाहकार डा. महेश मास्के भन्छन्, 'हामीले उत्पादन गरेको चिकित्सकले यहीँ काम गर्नुपर्छ भन्ने मात्र होइन, यसका लागि वातावरण समेत व्यवस्था हुनुपर्छ ।'

एमबिबिएसको अन्तिम परीक्षा सिध्याएर 'इन्टर्नसिप'मै रहँदा विद्यार्थीहरू बाहिर जानको लागि विभिन्न मुलुकको 'लाइसेन्स' परीक्षाको तयारी गर्छन् । अमेरिकाको लागि युनाइटेड स्टेट मेडिकल लाइसेन्स एक्जाम (युएसएमएलई), अस्ट्रेलियाको लागि अस्ट्रेलियन मेडिकल काउन्सिल (एएमसी) बेलायतको लागि प्रोफेसनल लिङ्ग्विस्टिक बेसिक एकजामिनेसन (प्लाब) लगायतप्रमुख परीक्षा तयारी गर्नेको संख्या ठूलो छ । यसमध्ये बाहिर जाने विद्यार्थीले अमेरिकालाई नै पहिलो प्राथमिकता राखेका हुन्छन् । किन त ? युएसएमएलईको तयारी गरिरहेका डा. संजयराज थापा भन्छन्, 'युएसएमएलई पास गर्नेबित्तिकै उच्च अध्ययनको लागि अवसरको ढोका खुल्छ । त्यहाँको आर्थिक अवसर, प्राज्ञिक वातावरणका साथै अत्याधुनिक सुविधासम्पन्न अस्पतालमा काम पाइने भएकाले प्राविधिक दक्षता र सीप अभिवृद्धि हुन्छ । अमेरिका छिरेको ५ वर्षमै पोस्ट ग्रयाजुएट सिधिन्छ ।'

'क्यारिअर' सुनिश्चित गर्नको लागि बाहिर जान हत्ते हाल्ने डाक्टरको संख्या अधिक छ । अमेरिकामा डाक्टरले पाउने पारिश्रमिक नेपालजस्ता विपन्न मुलुकका डाक्टरले पाउने पारिश्रमिकसँग तुलना गर्न नै सकिँदैन । यसले गर्दा पनि अमेरिका जानेको संख्या बढिरहेको छ । पोस्ट ग्रयाजुएट सिध्याएपछि पनि छात्रवृत्ति पाएर थप विशेषज्ञता हासिल गर्न सकिन्छ । त्यो त बाहिर मुलुकबाट अन्तर्राष्ट्रिय मान्यताप्राप्त डिग्री हासिल गर्न सकिने भएकाले पनि पनि आकर्षण बढेको छ । बेलायत जाने तयारीमा रहेका डा. लोचन कार्की भन्छन्, 'नेपालको डिग्री नेपालमै मात्र सीमित छ, यतिसम्म कि भारतका सबै भागमा समेत यो डिग्री चल्दैन । त्यसैले पनि स्तरीय डिग्री हासिल गर्न पनि बाहिर जानुपर्ने हुन्छ ।'

वार्षिक रूपमा युएसएमएलईको परीक्षा दिने विद्यार्थी २ हजारभन्दा बढी हुन्छन् भने एएमसीको लहर भर्खरमात्र सुरु भएको छ । त्यहाँ पनि वार्षिक २ सयजतिले आवेदन दिन्छन् । अमेरिकापछि अहिले अस्ट्रेलिया जाने डाक्टरको संख्या बढिरहेको छ । एक वर्षअघिसम्म विद्यार्थीको छनोटमा अमेरिकापछि दोस्रो स्थानमा बेलायत पर्थ्यो, तर गैरबेलायती डाक्टरको संख्या बढेपछि गत मार्चमा बेलायतको संसद्ले एउटा ऐन पारित गर्‍यो, जसअनुसार अब बेलायती डाक्टरलाई जागिरको क्रममा पहिलो प्राथमिकता, त्यसपछि युरोपेली महासंघअन्तर्गतका मुलुक र आखिरमा मात्र बाँकी मुलुकका डाक्टरहरू प्राथमिकतामा पर्छन् । यो नियम बनेपछि वृत्तिविकासको त कुरै छोडौं, आफ्नै खर्चमा बेलायतमा डाक्टर पढेका गैरबेलायती विद्यार्थीहरू अवसरबाट वञ्चित हुने निश्चित देखिन्छ । 'प्लाब' परीक्षाको पहिलो खण्ड पास गरेका डा. कार्की भन्छन्, 'बेलायतमा गएर आफ्नो 'क्यारिअर' बनाउन विगतमा जति सजिलो थियो, नयाँ ऐन आएपछि पक्कै त्यस्तो छैन ।'

एमबिबिएस सिध्याएपछि मुलुकभित्रै पोस्टग्रयाजुएट कार्यक्रम टिचिङ, वीर र विपी, धरानले सञ्चालन गरेका छन् । त्यहाँ अहिले रहेको सिट संख्या सीमित भएकाले कडा प्रतिस्पर्धा हुन्छ । बाहिर जानेमा एमबिबिएस स्नातकहरू नै अधिक छन् । नेपालका 'सिनियर' डाक्टरहरू एक हिसाबले यहाँ नै स्थापित भइसकेका हुन्छन् र नेपालको सन्दर्भमा राम्रै पारिश्रमिक पनि लिइरहेका हुन्छन् । काठमाडौं विश्वविद्यालयका प्राध्यापक एवं वरिष्ठ फिजिसियन तथा कार्डियोडाइबेटोलजिस्ट डा. मथुरा केसी भन्छन्, 'सिनियर' डाक्टर बाहिर गएमा यहाँजस्तो राम्रो पोस्ट पाउँदैनन् । त्यहाँ त जुनियर तहमा बसेर काम गर्नुपर्छ । त्यही भएर पनि धेरै समय नेपालमै काम गरिसकेका सिनियर डाक्टरहरूले तालिम, वृत्ति विकासबाहेक अरू सवालमा विदेश जानुलाई कम प्राथमिकता दिन्छन् ।'

स्नातकोत्तर अध्ययनको लागि विदेश जानेमा 'क्रिम' विद्यार्थीको संख्या अधिक रहेको छ । हुन पनि विदेशमा मास्टर्स गरिरहेका डाक्टरको तलब सुविधा धेरै आकर्षक छ । जस्तो कि : अमेरिकामा एमडी गरिरहेको डाक्टरको तलब मासिक ४ हजारदेखि ५ हजार अमेरिकी डलर हुन्छ भने बेलायतमा ३ हजारदेखि ४ हजार पाउन्डसम्म हुन्छ । नेपालको हकमा भने एमबिबिएस पास गर्ने

## एमबिबिएस सिट संख्या कति ?

| चिकित्साशास्त्र अध्ययन संस्थान, | नेपाली | विदेशी | जम्मा सिट |
|---|---|---|---|
| महाराजगन्ज मेडिसिन क्याम्पस | ४३ | १७ | ६० |
| विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ६८ | ३२ | १०० |
| कलेज अफ मेडिकल साइन्स, भरतपुर | २० | ८० | १०० |
| मणिपाल कलेज, पोखरा | ५० | १०० | १५० |
| नेपाल मेडिकल कलेज, जोरपाटी | ८० | २० | १०० |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | ८० | २० | १०० |
| युनिभर्सल कलेज अफ मेडिकल साइन्स, भैरहवा | २० | ८० | १०० |
| काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साइन्स | ४५ | - | ४५ |
| नेसनल मेडिकल कलेज, वीरगन्ज | २० | ८० | १०० |
| पिपुल्स डेन्टल कलेज, काठमाडौं | ४० | - | ४० |
| जानकी मेडिकल कलेज, जनकपुर | ६० | - | ६० |

डाक्टरको तलब स्केल १४-१५ हजार रुपैयाँ मात्र हुन्छ। बाहिर गएर आधुनिक उपकरणसहितको राम्रो अस्पतालमा काम गर्दाको मजा बेग्लै हुन्छ, तर दाम पनि सोचेअनुसार नै कमाउन सकिन्छ।

सरकारले अहिले डाक्टरहरूको लागि उत्प्रेरित गर्ने खालको वातावरण दिन सकेको छैन। अधिकांश अस्पताल, स्वास्थ्य केन्द्रको भौतिकलगायत अन्य पूर्वाधार कमजोर छन्। स्वास्थ्य मन्त्रालयका सल्लाहकार डा. महेश मास्के मुलुकमै उचित वातावरण बनाउनेतर्फ सरकारले काम गर्नुपर्ने विचार राख्छन्। उनी भन्छन्, 'हामीले विकसित मुलुकसरह नसकौंला, तर डाक्टरलाई न्यूनतम काम गर्ने वातावरणचाहिँ हुनुपर्छ।'

अहिलेसम्म कति डाक्टर बाहिर पलायन भए भने यकिन आँकडा नभए पनि एक दशकदेखि औसतरुपमा वार्षिक २ सय डाक्टर बाहिरिएको आँकडा चानचुने होइन, यसले भविष्यमा स्वास्थ्य क्षेत्रमा ठूलो असर पार्ने निश्चित छ।

सरकारले एमबिबिएस स्नातकलाई स्वदेशभित्रै खपत गराउनको लागि नीति ल्याएको देखिँदैन। डा. केसी भन्छन्, 'बाहिरी मुलुकमा कुनै निश्चित अवधिभित्र चाहिने डाक्टरको संख्या र स्वास्थ्य सेवाको स्तरबारे योजना तर्जुमा गरिन्छ, तर हामी भने यो विषयमा योजना र नीतिविहीनताबाट गुज्रिरहेको अवस्था छ।' मुलुकभित्र भटाभट नयाँ मेडिकल कलेज खुलिरहेका छन् र बर्सेनि त्यहाँबाट उत्पादन भएका स्नातकहरूको वृत्ति विकास कसरी गर्नेबारे कत्तै उल्लेख छैन। सरकारले स्वास्थ्यलाई प्राथमिकतामा नराखेको गुनासो छ।

नेपालबाट मेडिसिन अध्ययन गर्नको लागि बाहिरी मुलुक जाने परम्परा सुरुवात भएको चार दशकभन्दा बढी भइसकेको छ। त्यस बेला पढ्नको लागि सात समुद्र पार पुगेका मेधावी विद्यार्थीहरूमध्ये पढाइ सिध्याएर नेपालमै फर्केकाहरूको संख्या नगण्य छ। यहाँ प्रतिभाशाली भनेर गिनेचुनेका विद्यार्थीहरू पढाइ सिध्याएपछि पनि मुलुक नफर्कने रोग पुरानो भए पनि विगत पाँचदेखि भने अमेरिका, बेलायत, अस्ट्रेलिया, न्युजिल्यान्ड, क्यानडालगायत मुलुकमा जानेहरूको संख्या ह्वात्तै बढेको देखिन्छ।

डाक्टरहरू धेरै संख्यामा विदेशिनुमा राज्यको नीतिगत त्रुटिले कारक भूमिका खेलेको छ। तर, यसअतिरिक्त मुलुकको अस्थिर राजनीतिक वातावरण, एघारवर्षे द्वन्द्वको सामाजिक असर र एमबिबिएस स्नातकहरूमा देखिएको भविष्य अनिश्चितता पनि प्रमुख कारक बनेका छन्।

पछिल्लो समयमा राजधानीलगायत प्रमुख सहरमा शान्ति सुरक्षाको स्थिति बिग्रँदै गएको छ। त्यसमा पनि समाजमा राम्रो प्रतिष्ठा र कमाइ भएका 'सिनियर' डाक्टरहरूलाई आपराधिक गिरोहले धम्काउँदै आएका छन् र ती गिरोहले रकम असुली गर्ने नाममा करोडौं रकम माग गर्न थालेपछि डाक्टरहरूमा मानसिक त्रास रहेको पाइन्छ। सामाजिक असुरक्षाले गर्दा पनि भर्खरै एमबिबिएस सिध्याएका विद्यार्थीहरूलाई बाहिर जान उत्प्रेरित गरिरहेको पाइन्छ। नौ महिनाअघि वरिष्ठ बालरोग विशेषज्ञ हेमांग दीक्षितलाई आपराधिक समूहले राजधानीमै सांघातिक आक्रमण गरेर सख्त घाइते बनाएका थिए। त्यसलगत्तै केही चर्चित 'सिनियर' डाक्टर सुरक्षागार्ड राखेर हिँड्ने गरेका थिए। अझै पनि वातावरण भयमुक्त बन्न सकेको छैन।

राज्यको नीतिहीनताका कारण मुलुकमै डाक्टरको वृत्ति विकास गर्ने प्रभावकारी उपाय अवलम्बन नगरिँदा डाक्टर विदेशिने दर अझै बढ्ने देखिन्छ। एकातिर सरकारी छात्रवृत्तिमा पढेका डाक्टरलाई पढाइ सिध्याएपछि मुलुकमै यति वर्ष काम गर्नुपर्ने बाध्यकारी अवस्था सिर्जना गर्नु आवश्यक छ। सरकारी छात्रवृत्तिबाट वर्षभरिमा उत्पादित २ सयजति डाक्टरलाई मात्र पनि सही रुपमा काम लगाउन सकेमा स्वास्थ्य क्षेत्रमा योगदान पुग्ने प्रस्ट छ। त्यसका लागि आकर्षक सुविधा, वृत्ति विकासलगायत पक्षलाई ख्याल गर्नु आवश्यक छ।

स्वास्थ्य सेवा विभागका पूर्व महानिर्देशक डा. बिडी चटौत डाक्टरलाई विदेशिनबाट रोक्न मुलुकमै काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने विचार राख्छन्। उनी भन्छन्, 'अब परम्परागत सोचले स्वास्थ्य क्षेत्र चल्न सक्दैन। यसमा आमूल सुधार हुनुपर्छ। डाक्टरलाई शाखाअधिकृत सरह हेर्ने परिपाटी अन्त्य हुनुपर्छ।' ■



## 'डाक्टरमा सामाजिक भावना भएन'

**डा. अर्जुन कार्की**
*कन्सल्टेन्ट फिजिसियन, मेडिसिन विभाग, पाटन अस्पताल*

**नेपालबाट** डाक्टरहरू विदेश जाने क्रम हरेक वर्ष बढ्दो छ। यहाँको फोहोर मैला, गरिबी, अशान्ति, त्राहित्राहिको वातावरणका कारण डाक्टरहरूले राम्रो अवसरका लागि विदेश जान खोज्नु अस्वभाविक होइन। ठूलो संख्यामा डाक्टर पलायन हुनुको पछाडि विभिन्न तत्त्वले कारक भूमिका खेलेका छन्।

एमबिबिएस सिध्याएको डाक्टरको लागि मुलुकभित्रै काम गर्ने वातावरण हुनुपर्‍यो। तीव्र प्रतिस्पर्धा र मेहनतबाट मात्र डाक्टर बन्न सकिन्छ। त्यसैले पनि एमबिबिएस र अरू संकायबाट स्नातक गरेको व्यक्तिलाई एउटै काँटमा राखेर हेर्ने प्रणाली नै गलत छ।

एमबिबिएस पास गरेको डाक्टरले मासिक १२-१५ हजार रुपैयाँ लिएर उत्साहपूर्वक काम गर्न सक्छ ? जिल्लामा गएर काम गरूँ भन्दा त्यहाँको भौतिक अवस्था गएगुज्रेको छ, काम गर्ने वातावरण छैन। त्यहाँ गएर काम गर्ने डाक्टरलाई न त कसैले प्रोत्साहन गर्छ अनि कसरी डाक्टरमा उत्प्रेरणा बढ्छ ?

अहिले चिकित्सा प्रणालीको यति तीव्रतम विकास भइरहेको छ कि हरेक एमबिबिएस स्नातक वृत्ति विकास भएको हेर्न चाहन्छन्। वृत्ति विकासकै लागि बाहिर पढ्न जानु राम्रो पक्ष हो, तर बाहिर गइसकेका डाक्टरले पनि न्यूनतम सामाजिक दायित्व निर्वाह गरेको पाइँदैन।

यी सबै बेथितिको कारण राज्यको शिक्षाप्रणाली हो, जुन परम्परागत ढर्रामा चलेको छ। हामी नेपाली प्रतिभामा विश्वास गर्न सक्छौं, तर तत्त्व ठिक छ, दिशा ठिक छैन। यी प्रतिभालाई मुलुकमै सम्हालेर राख्न सकेमा राष्ट्र निर्माणमा ठूलो योगदान दिन सकिन्छ। हाम्रो डाक्टरी शिक्षाले जनतालाई मद्दत गर्नुपर्छ, उनीहरूबाट पनि सिकौं भन्ने मूल्य, मान्यता, संस्कार घुसाउन सकेनौं। अधिकांश डाक्टरमा हामी यति लाख रुपैयाँ खर्च गरेर आफ्नै पौरखले डाक्टर भएको भन्ने व्यक्तिवादी भावना विकास भएको छ। सामाजिक उत्तरदायित्व भएको डाक्टर तयार पारेको भए विदेश गएर हराउने घटना हुने थिएन। समाजको अपेक्षा छ, प्राविधिक ज्ञानयुक्त मात्र होइन, सामाजिक भूमिकासमेत निर्वाह गर्न सक्ने डाक्टर उत्पादन होस् भन्ने। तर, यो आग्रह र अपेक्षालाई डाक्टरले पूरा गर्न सकेका छैनन्। ■

# कारबाहीको सुझाव



तेजबहादुर बस्नेत

कृष्णजंग रायमाझी

**छानबिन गरेर सरकारलाई प्रतिवेदन पेस गर्ने जिम्मेवारी पाएको आयोगले राजामाथि कारबाही चलाउन नयाँ कानुनको आवश्यकता औंल्याउँदै संसद्ले कानुन बनाउनु पर्ने भनेको छ । उता राजाको प्रत्यक्ष शासनकालमा राजाकै प्रत्यक्ष निर्देशनमा चलेको सत्ताका केही मन्त्री, सुरक्षानिकायका प्रमुख तथा मुख्य सचिवलाई भने कारबाही चलाउन कानुनी बाटो देखाएको स्रोतहरूको दाबी छ ।**

**सर्वोच्च अदालतका** पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षताको उच्चस्तरीय छानबिन आयोगले ६ महिनापछि प्रतिवेदन तयार गरेको छ। जनआन्दोलन-२ दमन गर्न क-कसको कस्तो भूमिका थियो, सत्ता र शक्तिको कसरी दुरुपयोग गरियो भन्ने सत्य तथ्य पत्ता लगाउन गठित आयोगले राजा ज्ञानेन्द्रलाई प्रमुख दोषी ठहर गरेको छ। तर अहिले पनि उनलाई राष्ट्रप्रमुखकै मान्यतामा कुनै कानुनअनुसार कारबाही गर्न नमिल्ने निष्कर्ष पनि निकालेको छ।

छानबिन गरेर सरकारलाई प्रतिवेदन पेस गर्ने जिम्मेवारी पाएको आयोगले राजामाथि कारबाही चलाउन नयाँ कानुनको आवश्यकता औंल्याउँदै संसद्ले कानुन बनाउनु पर्ने भनेको छ। उता राजाको प्रत्यक्ष शासनकालमा राजाकै प्रत्यक्ष निर्देशनमा चलेको सत्ताका केही मन्त्री, सुरक्षानिकायका प्रमुख तथा मुख्य सचिवलाई भने कारबाही चलाउन कानुनी बाटो देखाएको स्रोतहरूको दाबी छ। आयोगले तयार पारेको प्रतिवेदन ऐतिहासिक भए पनि विवादास्पद र विरोधाभासपूर्ण भएको विज्ञहरू बताउँछन्।

नयाँ कानुन बनाएर पुरानो अपराधमा दोषी ठहर गर्न कानुनका मान्य सिद्धान्तको विरुद्धमा हुन्छ भने मुख्य दोषीलाई कारबाही गर्न नमिल्ने भएपछि त्यही राजाको निर्देशनमा सञ्चालित तत्कालीन मन्त्री तथा सुरक्षा प्रमुखमाथि कारबाही गर्ने कुरामा प्रश्न उठ्ने स्थिति रहन्छ। त्यस्तो कारबाहीको संवैधानिक र कानुनी प्रश्न समेत उठ्ने देखिन्छ। विज्ञहरू आयोगको प्रतिवेदन मुलुकको राजनीतिक वातावरणअनुसार पूर्णरुपमा राजनीतिक मान्यतामा तयार भएको बताउँछन्।

जनआन्दोलन दबाउन प्रमुख अपराधीलाई कारबाही गर्न कानुन नभएको, त्यसपछि मन्त्रिपरिषद् राजनीतिक समितिका सदस्यहरूलाई कानुनअनुसार कारबाही चलाउन सकिने सुझाव दिएको आयोगले प्रमुख र वरिष्ठ अधिकारीबाहेक अन्य तल्लो तहका अधिकारीहरूको हकमा भने विभागीय कारबाहीको बाटो सुझाएको आयोगका एक सदस्य बताउँछन्। आयोगले तत्कालीन मन्त्री, सुरक्षाप्रमुखहरू, वरिष्ठ सुरक्षाकर्मी, अधिकृत र प्रशासक समेत गरी २९६ जनासँग बयान लिएको थियो। आयोगले १७० जनालाई कारबाही सूचीमा राखेको जानकारहरू बताउँछन्। आयोगले राजा ज्ञानेन्द्रलाई लिखित पत्रमार्फत बयान लिने प्रयास गरेको थियो। आयोगले प्रश्न गर्दा राजालाई राष्ट्राध्यक्षको हैसियतमा प्रश्न सोधेको नभएर सरकार प्रमुखको हैसियतमा प्रश्न गरेको दाबी अध्यक्ष रायमाझीले गर्दै आएका थिए। तर अहिले प्रतिवेदनमा भने राष्ट्राध्यक्षको मान्यतामा कारबाही गर्न नमिल्ने तर्क अघि सारिएको छ। प्रतिनिधिसभाले जेठ ४ को घोषणाबाट राष्ट्रप्रमुखको मान्यता खोसिदिएको पृष्ठभूमिमा आयोगले राष्ट्राध्यक्षको मान्यता दिएर कानुन बनाउन सुझाएको छ।

रायमाझी आयोगको हवाला दिँदै प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख र दोस्रो वरीयताका अतिरिक्त प्रहरी प्रमुखमाथि निलम्बनको राजनीति गरेको गृह मन्त्रालयका कामलाई पनि आयोगले अनुमोदन गर्नुपर्ने दबाब परेको स्रोतको दाबी छ। लोकतान्त्रिक सरकारले पत्यार गरेर जिम्मेवारी दिएका अधिकारीहरूमाथि कारबाही गर्न नहुने अडान प्रधानमन्त्रीको हवाला दिँदै केही सदस्यहरूले राखेको थिए। स्रोतका अनुसार आयोगका एक सदस्यले सशस्त्र प्रहरीमा प्रमुखको जिम्मेवारी दिइएका वासुदेव ओली, जो गृहमन्त्री कृष्णप्रसाद सिटौलाका नातेदार पर्दछन्, तिनको बचाउका लागि त्यस्तो प्रयत्न गरेका हुन्। तर, रायमाझीले ती सदस्यलाई 'ओलीलाई कारबाहीको सिफारिस नगर्नु भन्ने प्रधानमन्त्रीको लिखित पत्र ल्याउनुस् म आँखा चिम्लिएर हस्ताक्षर गर्छु भन्दै' पन्छाएको बुझिन्छ।

आयोगको सिफारिसको हवाला दिँदै निलम्बन गरिएका जनपद प्रहरीका प्रमुख श्यामभक्त थापा र अतिरिक्त महानिरीक्षक राजेन्द्रबहादुर सिंहको निलम्बन कानुनअनुसार २९ कात्तिकमा सकिएको छ। थापा र सिंहको निलम्बन थप्ने काम गृह मन्त्रालयले गरेन भने सशस्त्र प्रहरीका तत्कालीन महानिरीक्षक सहवीर थापा र अतिरिक्त महानिरीक्षक रविराज थापालाई भने एक महिनाको निलम्बन थप गरिएको छ। जनआन्दोलन-२ का बेला वरिष्ठता क्रममा सशस्त्र प्रहरीमा तेस्रो नम्बरमा रहेका ओली पदीय जिम्मेवारीअनुसार जनआन्दोलनमा सशस्त्र प्रहरी सञ्चालन गर्ने प्रमुख जिम्मेवार हुन्। उनी सशस्त्र प्रहरीको कार्यदलका प्रमुख थिए। ओली गृहमन्त्री सिटौलाका नातेदार भएकै कारणले पुरस्कृत गरिएका छन् भन्ने थापाद्वयलाई आयोगको प्रतिवेदन आउने घडीमा पनि निलम्बन अवधि थप गर्ने काम गरिएको छ।

आयोगको प्रतिवेदन राजनीतिक प्रकृतिको हुनुका पछाडि आयोगको संरचना नै दोषी थियो भन्नेहरूको संख्या ठूलो छ। आयोगका सदस्यहरू राजनीतिक दलका कोटाअनुसार नियुक्त हुनु तथा केही सदस्यहरूको आयोगको कठघरामा परेका व्यक्तिहरूसँगको संलग्नताको प्रभाव पनि प्रतिवेदनमा परेको देखिन्छ।

आयोगको प्रतिवेदनअनुसार सरकारले कारबाही गर्न सक्ला त ? यो प्रश्नको उत्तर सहज छैन, कारण आयोगको प्रतिवेदन राजनीनिक प्रकृतिको भएकाले सरकारले कारबाही चलाउँदा संवैधानिक, कानुनी र कानुनका मान्य सिद्धान्तहरू चुनौती बनेर उभिने सम्भावना छन्।

■ समय संवाददाता

# जटिल निर्वाचन

**आर्थिक हिसाबले बोझिलो मात्र होइन, सुरक्षा, समयसीमा, नागरिकता, मतदाता नामावली लगायतका अवरोधले संविधानसभाको निर्वाचनलाई जटिल तुल्याइदिएको छ। र, समयमै निर्वाचन गराउनु फलामको च्यूरा चपाउनुसरह नै छ।**

■ **किरण भण्डारी/काठमाडौं**

**मुलुकलाई शान्ति** र समृद्धितर्फ डोऱ्याउने अपेक्षासाथ हुन लागेको संविधानसभाको निर्वाचन अत्यधिक महँगो हुने भएको छ। प्रजातन्त्रकालमा सम्पन्न तीन आम र दुई स्थानीय निर्वाचनभन्दा संविधानसभाको निर्वाचन आफैंमा जटिल र चुनावी वातावरणसँग जोडिएका अन्य विषयवस्तुको व्यवस्थापन खर्चले बजेटलाई कहालीलाग्दो बनाएको हो।

निर्वाचन व्यवस्थापन, सुरक्षामा खर्च हुने सरकारी र दल-उम्मेदवारले गर्ने निजी खर्च जोड्ने हो भने ८ अर्ब रुपैयाँ नाघ्ने तथ्यहरूले देखाएका छन्। निर्वाचनसँग जोडिएका सरकारी खर्च जुटाउन सरकारले दाताहरूसँग हात फैलाइसकेको छ।

अर्थमन्त्री डा. रामशरण महतले कात्तिक २८ गते सबै दातृ निकायहरूसँग याचना गर्दै संविधानसभाको निर्वाचनका लागि सरकारलाई ५ अर्ब ६० करोड (८० मिलियन डलर) भन्दा बढी रकम आवश्यक भएको खुलासा गरेका छन्।

सात दल र माओवादीबीचको सहमतिअनुसारको कार्यतालिका पछ्याउँदै अन्तरिम संविधान, विधायिका, सरकार गठनलगायतका चरण पार गरी संविधानसभाको औपचारिक घोषणा हुन बाँकी भए पनि निर्वाचन आयोग युद्धस्तरमा जुटिसकेको छ।

अर्थ, गृह, स्थानीय विकास मन्त्रालय लगायत निर्वाचनसँग बढी सरोकार राख्ने निकायहरूमा पनि चुनावको चटारो देखिन थालेको छ। दाताहरूसँग सहयोग माग गर्नुअघि अर्थमन्त्री डा. महतले तयार गरेको खर्च अनुमानमा निर्वाचन खर्च १ अर्ब ७५ करोड र चुनावी सुरक्षा ६० करोड रुपैयाँ छ।

अर्थ मन्त्रालय स्रोतका अनुसार निर्वाचनको सुरक्षासँग जोडिएका अन्य खर्चमा प्रहरी संरचना विस्तारका लागि ५५ करोड रुपैयाँ प्रस्ताव गरिएको छ। निर्वाचनमा भयरहित वातावरणका लागि प्रहरी सेवालाई विस्तार गर्नुपर्ने र त्यसका लागि उक्त खर्च आवश्यक भएको जनाइएको छ।

द्वन्द्वले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई घर फर्काएर निर्वाचनमा सरिक गराउन १ अर्ब रुपैयाँ खर्चने योजना अर्थमन्त्रीले बनाएका छन्। बजेट भाषणका क्रममा पुनःस्थापनाका लागि प्रतिपरिवार ५ हजार दिने

निर्वाचन आयोग



निर्णय भए पनि न्यून रकम भन्दै पीडितहरू त्यसप्रति आकर्षित भएनन् ।

राजनीतिक रुपले चेतनशील र अगुवाहरू विस्थापित रहेकाले उनीहरूलाई घर फर्काएर निर्वाचनको वातावरण बनाउन प्रतिव्यक्ति ५ हजार दिने टुंगोमा सरकार पुगेको छ । आन्तरिक विस्थापितहरूको संख्या २ लाख रहेकाले यसै शीर्षकअन्तर्गतको खर्च १ अर्ब पुग्ने देखिन्छ ।

माओवादी जनसेनाको गाँस, वास र कपासको लागि १ अर्ब आवश्यक भएको अर्थमन्त्रीले तयार गरेको विवरणमा छ । आठ दलबीचको सहमतिअनुसार राष्ट्रसंघको निगरानीमा शिविरमा बस्ने माओवादी सेनाका लागि प्रतिदिन प्रतिव्यक्ति ६९ रुपैयाँ रासन छुट्याइएको छ ।

संविधानसभाको पूर्वसर्त बनेको नागरिकतालाई जेठअघि नै 'साँच्चिकै' समाधान गर्ने हो भने थप करोडौं धनराशि आवश्यक हुने गृह मन्त्रालय स्रोतले जनाएको छ । त्यो खर्चलाई पनि अर्थमन्त्री महतले उल्लेख गरेका छन् ।

आयोगले नै प्रत्यक्ष गर्ने बजेट पनि यसपाला विगतभन्दा निकै बढी हुने भएको छ । विगतका आम निर्वाचनमा करोडमा रकम विनियोजन हुने गरेकोमा यसपालि अर्ब पुगेको छ ।

'मतदान केन्द्र, मतदाता सूची, नागरिक शिक्षा जस्ता विषयमा यसपालि खर्च गर्नुपर्ने रकम विगतभन्दा अधिक हुने अनुमान गरेका छौं', आयोगका प्रवक्ता लक्ष्मण भट्टराईले भने, 'मतदाता नामावली संकलनदेखि निर्वाचनसम्म छोटो अवधिमा सम्पन्न गर्नुपर्ने हुँदा खर्चको अनुपात ह्वात्तै बढ्छ ।'

विगतम आमनिर्वाचनमा १० हजार मतदान केन्द्र रहेकोमा अहिले १४ हजार हाराहारी पुग्ने आयोगले अनुमान गरेको छ । यसपालि निर्वाचनमा ८० हजारभन्दा बढी कर्मचारी परिचालन गर्नुपर्ने निष्कर्षमा आयोग पुगिसकेको छ ।

विगतका निर्वाचनमा लाखौंको संख्यामा मत रद्द हुने गरेकोमा त्यसलाई कम गर्न समेत आयोगले विशेष कार्यक्रम संचालन गर्ने बताइएको छ । 'विगतमा ३.६५ प्रतिशतसम्म मत बदर भएकोमा व्यापक जनचेतनाका कार्यक्रमद्वारा अहिले १ प्रतिशतभन्दा कममा झार्ने लक्ष्य आयोगले लिएको छ', प्रवक्ता भट्टराई भन्छन्, 'त्यसका लागि आमसंचार, स्थानीय एफएम, मातृभाषाका कार्यक्रम, आमा, उपभोक्ता समूह र ग्रामीण भेगका गैरसरकारी संस्थालाई परिचालन गरिनेछ ।'

आर्थिक हिसाबले बोझिलो मात्र होइन, सुरक्षा, समयसीमा, नागरिकता, मतदाता नामावली लगायतका अवरोधले निर्वाचनलाई जटिल तुल्याइदिएको छ । संविधानसभाको निर्वाचनका लागि अपनाउने भनिएको 'मिश्रित निर्वाचन प्रणाली'ले यो अभियानलाई अन्योलपूर्ण पनि बनाइदिएको छ ।

'संविधानसभा विगतको अनुभव पनि होइन,

# मिश्रित निर्वाचन प्रणालीको व्याख्या जरुरी छ



नीलकण्ठ उप्रेती, निर्वाचन आयुक्त

**संयोग नै मान्नुपर्छ, अर्थशास्त्र र सार्वजनिक प्रशासनका विद्यार्थी नीलकण्ठ उप्रेतीले २०२८ सालमा नेपाल भित्रिएको पहिलो कम्प्युटर चलाउने अवसर पाए । कम्प्युटर प्राविधिकबाट राष्ट्रिय कम्प्युटर केन्द्रको निर्देशकसम्म बनेका उनी २०४६ को राजनीतिक परिवर्तनपछिका १३ वर्ष निर्वाचन आयोगमा कार्यरत रहे ।**

**त्यसअवधिमा सम्पन्न तीन आम निर्वाचन र दुई स्थानीय निर्वाचनले उनलाई प्राविधिकमा मात्र सीमित राखेन, निर्वाचनको ज्ञाता नै बनायो । संयुक्त राष्ट्रसंघले उनको अनुभवको कदर गर्दै अफगानिस्तानको राष्ट्रपति, संसद् र प्रान्तीय निर्वाचनमा वरिष्ठ संयोजकको भूमिका दियो ।**

**प्रस्तुत छ, स्वदेश र विदेशमा गरी आठवटा निर्वाचनको अनुभव सँगालेका नवनियुक्त निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीसँग *समय*का लागि *किरण भण्डारी*ले गरेको संवाद ।**

**संविधानसभाको निर्वाचन सम्पन्न गराउन कस्तो तयारी भइरहेको छ ?**

- घोषित मितिभित्रै संविधानसभाको निर्वाचन गराउन हामीसँग समयको सीमा भए पनि हामी २४ घन्टा, ७ दिन काम गर्ने मुडमा छौं । विभिन्न विषय राजनीतिक दल र सरकारले अझै टुंगो लगाउन बाँकी छ । आयोगको क्षमता मूल्यांकन, आवश्यकता र विभिन्न ऐन नियम तर्जुमाको चरणमा छौं । छोटकरीमा भन्नुपर्दा पैसा, सामग्री र मानव स्रोत जुटाउन लागिरहेका छौं ।

**अहिले निर्वाचन आयोग प्रस्थानविन्दुमा उभिएको मान्ने हो भने संविधानसभाको निर्वाचन सम्पन्न गराउँदासम्म यसले कुन कुन चरण पार गर्नुपर्छ ?**

-वैधानिक हिसाबले अघि बढ्न ऐन-नियम-निर्देशिका पहिलो आवश्यकता हो । त्यसपछि सबै पक्षलाई सहमति हुने मतदाता नामावली, सियो धागोदेखि हेलिकोप्टरसम्मका सामग्री व्यवस्थापन, निर्वाचन संचालन कर्मचारीको व्यवस्था, निर्वाचनको कर्यक्रम विभिन्न चरणमध्ये हुन् । यी सबै पहलको मुख्य उद्देश्य निर्वाचनको परिणाम निष्पक्ष र वस्तुगत होस् भन्ने हो । त्यसैले निर्वाचनको दिन, स्वतन्त्र मतदान अधिकार र सर्वस्वीकार्य परिणाम यसका आवश्यकता महत्त्वपूर्ण प्रक्रिया हुन् ।

**संविधानसभा मिश्रित निर्वाचन प्रणालीअन्तर्गत हुने भनिएको छ । आम मानिसले बुझ्ने भाषामा मिश्रित प्रणाली भनेको के हो ?**

- आठ दलको सहमतिमा मिश्रित निर्वाचन प्रणालीअनुसार निर्वाचन हुने भनिएको छ । त्यसको परिभाषा र व्याख्या जरुरी छ । अपेक्षा गरौं राष्ट्रको

भविष्यमा पनि होइन एकपटकका लागि हो', आयुक्त नीलकण्ठ उप्रेती भन्छन्, 'राष्ट्रको मूल कानुन र ऐन नियमले यसबारे प्रस्ट परिभाषा नगरेसम्म जनमानसमा अन्योल कायम रहिरहन्छ ।' मिश्रित निर्वाचन प्रणालीसम्बन्धी अज्ञानताले अन्योलतालाई मलजल गरिदिएको छ ।

निर्वाचनसम्बन्धी यस्ता यावत् जटिलता चिर्न आयुक्तहरूको संयोजकत्वमा कात्तिक २६ गते सातवटा समिति बनेका छन् । आयुक्त उषा नेपालको संयोजकत्वमा रहेको ऐन नियम मस्यौदा समितिले कानुन तय गरेपछि मात्र मिश्रित प्रणालीबारे उब्जिएका अनेकौं प्रश्नहरूको उत्तर मिल्ने देखिन्छ । यस विषयमा आयोग पनि यही हो भनी ठोकुवा गर्न सक्ने अवस्थामा छैन ।

'राजनीतिक दलहरूले पनि यसबारे खासै अध्ययन गरेको देखिएन', आयोगका एक अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा भने, 'लामै विवाद हुने हुँदा दलहरू नै तात्पुर्ने विषय हो ।'

आयोगले मस्यौदा गरिरहेको निर्वाचन आयोग ऐन, निर्वाचन ऐन नियम, मतदाता नामावली ऐन नियम, राजनीतिक दल दर्तासम्बन्धी ऐन, निर्वाचन अपराध सजाय ऐन राजनीतिक दलहरूको सक्रिय सहभागिताबेगर पूर्ण बन्न सक्दैन । विभिन्न निर्देशिका र आचारसंहिता पनि दलहरूको सहमतिमा बनाइने निर्वाचन संचालनसम्बन्धी महत्त्वपूर्ण दस्तावेज हुन् ।

आफूले रोजेको एउटा मत उम्मेदवार र अर्को मत राजनीतिक दललाई जाहेर गर्ने अधिकार मिश्रितमा हुन्छ । हाम्रो सन्दर्भमा २ सय ५ निर्वाचन क्षेत्रबाट बढी मत ल्याउने साविकभैँ विजेता बन्छ । संविधानसभाको बाँकी २ सय ४ प्राप्त मतको आधारमा समानुपातिक ढंगले चयन गरिन्छ ।

यस प्रणालीबारे एमाले बाहेक ठूला राजनीतिक दलहरूले औसत चासो प्रकट गरेको देखिन्न । एमाले केन्द्रीय सदस्य रघुवीर महासेठको नेतृत्वमा मूल कानुन र सोअन्तर्गत बन्ने ऐन नियमले यस विषयलाई प्रस्ट पार्लान् । मुख्यतः यी राजनीतिक विषय हुन् । सरल भाषामा कुनै २ किसिमको निर्वाचन प्रणाली मिसाएर गरिने निर्वाचन नै मिश्रित हो ।

प्रस्तावित संविधानसभाको निर्वाचनमा २ सय ५ सदस्यको निर्वाचन हामीले अभ्यास गरिसकेको मोडेलबाट हुन्छ । समानुपातिकबाट चयन गरिने २ सय ४ सिटमा दलको नाममा मतदान हुन्छ । यसमा देशभरबाट खसेको मतको योगफलको अनुपातमा सिट विभाजन हुन्छ ।

**संविधानसभाको औचित्यका कारणहरूमध्ये समावेशी पनि मुख्य हो । मिश्रित निर्वाचन प्रणालीले समावेशीको मागलाई सम्बोधन गर्न सक्दैन भनेर आलोचना भइरहेको छ नि ?**

- प्रचलनमा रहेका निर्वाचन प्रणालीहरूमध्ये सबै वर्ग, जाति, लिंगलाई अंगीकार गर्न सक्ने समावेशी नै हो । संसद् वा जनप्रतिनिधिमूलक कुनै निकायलाई जनताको ऐना भनिन्छ, त्यसैले यो सकेसम्म बढी समावेशी हुनुपर्छ । अहिले हामीले अपनाएको मिश्रित प्रणालीलाई पूर्ण रुपमा समावेशी छैन भन्न सकिन्छ, तर यहाँनेर बुझ्नु पर्ने कुरा के छ भने २ सय ४ सिटमा समावेशीको ग्यारेन्टी छ । बाँकी २ सय ५ दलहरूले चाहेको भए हिजो पनि समावेशी बनाउन सक्थे र भोलि पनि सकिन्छ । होइन, समावेशीको गणित मिलाउन महिला, जनजाति, दलित, उत्पीडित वर्गलाई हार्ने ठाउँमा मात्र टिकट दिइयो भने त फेरि पनि समग्रमा समावेशी हुन गाह्रो छ ।

**समानुपातिक निर्वाचन प्रणालीमा दलहरूले उम्मेदवारको सूची कसरी व्यवस्थित गरिन्छ ?**

-यसमा 'बन्द' र 'खुला' दुई किसिमको अभ्यास भइरहेको देखिन्छ । दलहरूले २ सय ४ जना उम्मेदवारको नाम तय गरेर आयोगलाई बुझाएको सूची मतगणना पछि हेर्ने विधिलाई बन्द भनिन्छ । चुनाव प्रचारकै क्रममा आफ्ना २ सय ४ उम्मेदवारको सूची सार्वजनिक गर्ने विधि खुला हो ।

**यस्तो सूची निर्वाचनअघि नबुझाई मतगणना सकिएपछि दलले पाएको मतको आधारमा संविधानसभाको सदस्य चयन गर्न पाइन्छ भन्ने धारणा पनि आइरहेको छ नि ?**

-होइन, जुन विधि अपनाए पनि प्राथमिकता क्रमसहितको सूची पहिले नै बुझाउनुपर्छ । पछि सदस्य छान्ने प्रणाली अपनाइयो भने दल अधिनायकवादी हुन्छ । अझ हाम्रो जस्तो गरिब मुलुकमा त यसले अनगिन्ती विकृति जन्माउँछ ।

**संविधानसभाको निर्वाचनमा यथाशक्य अत्यधिक मतदातालाई सम्मिलित गराउनु पनि आयोगको कर्तव्य होइन र ?**

-संसारको जुनकुनै कुनामा रहेका नेपालीले यो महत्त्वपूर्ण राष्ट्रिय महायज्ञमा आफ्नो मताधिकारको प्रयोग गर्न पाउनुपर्छ । सुविधा र प्रविधिले साथ दिएसम्म विदेशमा रहेका नेपालीले त्यो अधिकार दिलाउनेतर्फ हाम्रो ध्यान केन्द्रित हुनेछ । स्वदेशमै आन्तरिक विस्थापितको रुपमा रहेका वा काम विशेषले स्थायी थलो जान नसक्ने नेपालीले पनि मताधिकार पाउनुपर्छ, तर मिश्रित निर्वाचन प्रणाली अपनाइएका कारणले २ सय ५ सिटमा अन्यत्रबाट मतदान सम्भव छैन । दललाई मत दिने समानुपातिक प्रणालीमा भने विदेश र स्वदेश दुवै ठाउँबाट मतदान गर्न सकिन्छ । फेरि पनि यी सबै विषयको टुंगो ऐन नियम बनाउँदा अन्तरिम संसद्ले लगाउने हो । विधायिका वा राजनीतिक निर्णय कार्यान्वयनको दायित्व मात्र हाम्रो हो । ■

# क्लिष्ट प्रणाली


वीरेन्द्र प्रसाद मिश्र

**संविधानसभा शासन** कब्जा गर्ने निर्वाचन होइन । देशको मूल कानुन संविधान लेख्ने प्रतिनिधिहरूको चयन हो । संविधानमा सबैको अपनत्व स्थापना गर्न यसको गठनमा यथाशक्य बढीको सहभागिता गराउनु जरुरी हुन्छ ।

यसको लागि समानुपातिक निर्वाचन प्रणाली सबैभन्दा उपयुक्त विधि हो, तर सात दल र माओवादीले मिश्रितका नाममा अर्धसमानुपातिक प्रणालीलाई अंगीकार गरे । मिश्रित प्रणाली असमावेशी मात्र हैन, आफैँमा क्लिष्ट पनि छ ।

झन् हाम्रो जस्तो मुलुकमा यसका कमजोरीको बढी सिकार हुनुपर्छ । अधिक मतको आधारमा विजयी हुने २ सय ५ क्षेत्र निर्वाचन पद्दतिमा १ भोटले हारजित हुने, तर सयौं भोट बदर भएका उदाहरणहरूले नै यो प्रणाली कति अवैज्ञानिक छ भन्ने पुष्टि गरिदिन्छ । पहिलेका आम निर्वाचनमा मुलुकका १ सय २ भन्दा बढी जातिमध्ये २० भन्दा कमको मात्र प्रतिनिधित्व हुनुले यो पद्दति कति सामन्ती छ भन्ने पुष्टि हुन्छ । अहिले आधा गर्नुको सट्टा पूरै समानुपातिक गरिएको भए ७२ जातजातिलाई प्रतिनिधित्व गराउन सकिन्थ्यो ।

दलहरूले मिश्रित प्रणाली अंगीकार गरिसकेकाले अहिले नै त्यसलाई उल्टाउन सकिँदैन । अब पनि समानुपातिक निर्वाचनलाई अञ्चल वा क्षेत्रीय विभाजनका आधारमा गरेर बढी समावेशी तुल्याउन सकिन्छ । देशभरबाट २ सय ४ उम्मेदवारको सूची बनाउँदा पार्टी नेतृत्व जति अनुदार बन्छ, अञ्चल वा क्षेत्रमा सिट विभाजन गरेर उम्मेदवारको सूची बनाउने हो भने त्यो स्वतः बढी समावेशी बन्छ ।

उदाहरणको लागि कांग्रेसले २ सय ४ जानको देशभरको सूची बनाउँदा विराटनगरका धेरै पर्न सक्छन् । एमालेले नेपालभरिको सूची बनाउँदा झापाका धेरै नेता पर्न सक्छन् । त्यसको मारमा कर्णाली वा तराई पर्नुपर्छ । अञ्चलअनुसार गर्नेबित्तिकै अगुवाहरूको मिचाइ पनि कम र निम्सराहरूको प्रतिनिधित्व पनि बढी हुन्छ ।

संविधानसभालाई समावेशी र राष्ट्रको स्वरुप झल्काउने किसिमको बनाउने हो भने राजनीतिक दल, माओवादी र निर्वाचन आयोगले यति उदारता प्रदर्शन गर्न सक्नुपर्छ । होइन भने यी सबै निकायको मानसिकतालाई नयाँ बोतलमा पुरानै रक्सीको संज्ञा दिन सकिन्छ । ■

अधिवक्ताहरू विश्वकान्त मैनाली, हरि उप्रेती लगायतको टोली परिचालित भइसकेको छ।

मिश्रित निर्वाचन प्रणालीअन्तर्गत समानुपातिकबाट छानिने २ सय ४ स्थानका लागि मतदान, मतपत्र, उम्मेदवारको सूची लगायतका विषयमा ठूला राजनीतिक दलहरू लगभग बेमतलवको अवस्थामा रहेको आयोग स्रोतले जनाएको छ।

'मिश्रित प्रणाली अपनाउने सिद्धान्त तय भएको छ', कांग्रेस केन्द्रीय सदस्य महेश आचार्य भन्छन्, 'यसको विस्तृत विवरण कानुनमा नै टुंगो लगाउनुपर्छ।'

सैद्धान्तिक विषयहरूमा चासो नदेखाए पनि समानुपातिक प्रणालीमा उम्मेदवारको सूची, मतपत्रको किसिम लगायतका विषयमा नेताहरूले आयोगका पदाधिकारीसमक्ष व्यक्तिगत तवरमा सम्पर्क गरिरहेका छन्।

समानुपातिक निर्वाचन हुने २ सय ४ स्थानका लागि उम्मेदवारको सूची पहिल्यै बुझाउनु पर्ने हो वा पछि भन्नेमा पार्टीका संस्थापन पक्षका वरिष्ठ नेताहरूको बढी चासो छ। प्राप्त मतको आधारमा पछि सिट बाँडफाँड गर्न पाए हुन्थ्यो भन्ने आशय समेत आएका छन्। तर, दुनियाँमा विरलै अभ्यासमा रहेको त्यो विधि अपनाइएको खण्डमा पार्टी नेतृत्वको एकलौटी तानाशाही सुरु हुनेछ।

मत पत्र कस्तो हुने भन्ने विषय पनि अहिलेसम्म अन्योलपूर्ण नै रहेको छ। निर्वाचन क्षेत्रअनुसार खडा हुने उम्मेदवार र समानुपातिकको मतपत्र अलग अलग हुने, एउटै मतपत्रमा दुइटा चिन्ह वा एउटै गर्ने भन्ने तीन विकल्प आएका छन्।


निर्वाचनसम्बन्धी जानकारहरूका अनुसार सबै विकल्पका फाइदा र बेफाइदा दुवै छन्। 'दुईवटा अलग अलग मतपत्र हुनु असाध्यै राम्रो हो, तर हाम्रो जस्तो अशिक्षित समाजमा त्यसको परिणाम मतदाताको आशयभन्दा विपरीत आउन पनि सक्छ', निर्वाचनविद् प्रा. डा. वीरेन्द्रप्रसाद मिश्र भन्छन्, 'यसो नगरी एउटै चिन्हबाट दुवैथरि प्रतिनिधि चयन गर्ने प्रणाली अपनाउनु भनेको मतदाताको आधा हक हनन हुनु हो।'

मतदाताले जति बढी विकल्प रोज्न पायो, त्यो निर्वाचन प्रणालीलाई त्यति नै बढी उपयुक्त मानिने हुँदा एउटै मतपत्रमा दुईवटा चिन्ह राखेर भए पनि जनतालाई उम्मेदवार र दल रोज्ने अवसर दिनुपर्ने धारणा मिश्रले व्यक्त गरेका छन्। दलहरूले यसबारे आधिकारिक धारणा दिन सकेनन्।

समानुपातिक निर्वाचन प्रणालीमा कमजोर दलले पनि देशभर उम्मेदवारी दिने हुँदा मतपत्रको आकार प्रयोग गर्न कठिन हुने खालको हुन सक्छ।

निर्वाचन आयोगमा दर्ता भएका दलको संख्या डेढ सयभन्दा बढी छ। पार्टी मतपत्रमा असाध्यै भद्दा हुने सम्भावना देखिएको छ। एनजिओ दर्ता गरेभन्दा सजिलै बनेका दलको हैसियत नभएको स्थानमा दलीय उम्मेदवारी दिन्छन्।

संविधान सभाको निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्दा एउटा कुनै अवरोध राख्न नसकिने हो भने अशिक्षितहरूको मत बदर हुने सम्भावना देखिन्छ। त्यति मात्र नभई मतपत्र चिना जस्तै



यसपालिको निर्वाचनमा सेनाको परिचालनलाई सरकार-माओवादी सम्झौताले निषेध गरेको छ

संविधान सभाको निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्दा एउटा कुनै अवरोध राख्न नसकिने हो भने अशिक्षितहरूको मत बदर हुने सम्भावना देखिन्छ। त्यति मात्र नभई मतपत्र चिना जस्तै लामो भएर जो-कोही अलमलिने अवस्था हुन्छ।

लामो भएर जो-कोही अलमलिने अवस्था हुन्छ। अफगानिस्तानमा चार वर्षअघि सम्पन्न निर्वाचनमा सात पेजसम्मको मतपत्र बनाउनुपरेको आयुक्त उप्रेतीले स्मरण गराए।

नागरिकता वितरणलाई निर्वाचनको पूर्वसर्त बनाइएको र सरकार-माओवादीले मार्गचित्रअनुसार घटनाक्रम अघि बढे पनि मतदाता नामावली संकलन कात्तिक दोस्रो सातापछि मात्र सम्भव देखिएकाले पनि समयमै निर्वाचन गराउनु फलामको च्यूरा चपाउनुसरह नै छ।

कात्तिक २२ गतेको सहमतिमा अन्तरिम संविधान जारी भएको दिनसम्म १८ वर्ष पुग्नेले मतदान गर्न पाउने व्यवस्था गरिएको छ। संविधान जारी भएको दिनलाई आधार माने पनि नामावली संकलनसम्बन्धी ऐन पारित गर्नु जरुरी भएकाले यसमा अलमल हुने ठाउँ प्रशस्त छन्।

मतदाता नामावलीलाई द्रुततर गतिले अघि बढाउँदा पनि फाइनल हुन कम्तीमा चार महिना लाग्छ। उम्मेदवार मनोनयन, प्रचार र मतदानसम्मको अवधि पनि कम्तीमा डेढ महिनाको हुन्छ। मंसिरमै मतदाता अद्यावधि सुरु नगरे संविधानसभाको निर्वाचन जेठमा हुन नसक्ने आयोगका अनुभवी कर्मचारीहरूले दाबी गरेका छन्।

नागरिकतालाई अभियानको रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्ने दलहरूको बाहुल्य रहेको प्रतिनिधिसभाले सोसम्बन्धी विधेयकमा निर्णय दिन गरेको ढिलाइले निर्वाचनमा छिर्की हान्न खोज्नेहरूलाई बल मिलेको छ। प्रतिनिधिसभामा प्रस्तुत भएको २ महिना नाघिसक्दा पनि वारपार लाग्न सकेको छैन।

भयरहित वातावरण निर्वाचनको पूर्वसर्त हो। माओवादीले भाग लिने निर्वाचनमा सुरक्षाको अनुभूति अझ अधिक हुनु जरुरी छ, तर सात दल र माओवादीले सेनालाई निर्वाचनमा परिचालन नगर्ने सहमति गरेपछि प्रहरी प्रशासन एक्लो परेको छ।

विगतका आम र स्थानीय निर्वाचनमा सेनाले तटस्थ भूमिका निर्वाह गर्ने गरेकोमा सेनाको विकल्प खोज्नुपर्ने अवस्था सृजना गरेको छ, जुन सम्भव छैन। समाजमा अपराधको विशेषता र परिमाणमा आएको परिवर्तनसँग जुध्न प्रहरी संख्या नै अपुग रहेका बेला झनै चुनौतीपूर्ण भएको छ। संयुक्त राष्ट्रसंघका स्वयंसेवक संख्या समेत दुई सय पुगिसकेको सन्दर्भमा सुरक्षाकर्मीको अभाव महसुस हुनु निश्चय नै राम्रो होइन।

विगतका निर्वाचनका सत्ताधारी राजनीतिक दलको गोटी बनेको आरोप खेपेको प्रहरीले मात्र सुरक्षा गरेकै भरमा निष्पक्ष निर्वाचन हुन्न भन्ने आवाज सात दलभित्रैबाट व्यक्त हुने सम्भावना रहेको स्रोतहरूको दाबी छ।

सूचना प्रविधिमा भएको चरम विकासले विश्वलाई सानो गाउँ बनाउँदै लगिरहेका बेला विदेशमा रहेका र स्वदेशभित्र अन्यत्र रहेका नेपालीले मतदान अधिकारको जोडदार माग गरेका छन्। निर्वाचन आयुक्त उषा नेपालका अनुसार दर्जनौं मुलुकबाट त्यस्ता माग आइरहेका छन्।

समानुपातिक निर्वाचन प्रणाली भएको भए धेरै मुलुकमा त्यस्तो मतदान सम्भव हुन्थ्यो। मिश्रित प्रणालीमा गइसकेको सन्दर्भ भएकाले समानुपातिकबाट प्रतिनिधित्व हुने २ सय ४ सिटको लागि मात्र विदेशबाट मतदान गर्न सम्भव हुने उप्रेती बताउँछन्।

५० भन्दा बढी मुलुकमा नेपालीको बसोवास रहेको सन्दर्भमा सबै मुलुकमा यस्तो मतदानको सम्भावना पनि रहँदैन। समानुपातिकको भरमा मुलुकभित्र प्रत्येक जिल्लामा एक-एकवटा बाकस राखेर मत संकलन गर्न सकिन्छ। ■

# मिश्रित प्रणाली



■ लक्ष्मण भट्टराई

**मिश्रित प्रणाली हाम्रा लागि नयाँ हो र यसभित्रका अनेकौं अस्पष्टताथि अन्तरिम संविधान तथा संविधानसभाका सदस्यको निर्वाचनसम्बन्धी ऐनले प्रस्ट पार्नुपर्ने देखिन्छ ।**

**सात दल र माओवादीबीच** संविधानसभा निर्वाचनमा मिश्रित प्रणाली अपनाउने सहमति भएको छ । ४२५ सदस्यीय संविधानसभामा २०५ प्रतिनिधि हामीले विगतमा अभ्यास गरेजस्तै निर्वाचन क्षेत्रमा पहिलो हुनेबाट छानिनेछन् । २०४ सदस्य दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने र बाँकी १६ जना राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट अन्तरिम मन्त्रिपरिषद्ले मनोनयन गर्ने सहमति भएको छ ।

मिश्रित प्रणाली हाम्रा लागि नयाँ हो र यसभित्रका अनेकौं अस्पष्टताथि अन्तरिम संविधान तथा संविधानसभाका सदस्यको निर्वाचनसम्बन्धी ऐनले प्रस्ट पार्नुपर्ने देखिन्छ ।

मिश्रित निर्वाचन प्रणालीमा दललाई प्राप्त मतलाई सिट संख्यामा परिणत गर्ने दुईवटा पद्दति प्रचलित छन्- मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व र समानान्तर प्रणाली । उदाहरणका लागि ४०९ (२०५ र २०४) सिटका लागि यस अनुसार निर्वाचन भइरहेको छ । कुनै राजनीतिक दलले एकल सदस्यीय क्षेत्रको ३५ सिट जितेको छ, तर दलले कुल मतको १० प्रतिशत प्राप्त गरेको छ भने उसको ४१ सिट निश्चित हुन्छ । क्षतिपूर्ति स्वरुप बाँकी सिट ६ सिट २०४ मध्येबाट बाँडफाँड गरिन्छ ।

समानान्तर प्रणालीमा दुवै प्रणालीबाट छुट्टाछुट्टै संख्या विजयी हुन्छन् । माथिकै उदाहरण लिने हो भने एकल सदस्यबाट ३५ तथा समानुपातिकबाट दश प्रतिशतका दरले २० गरी ५५ सदस्य निर्वाचित हुने देखिन्छ ।

मिश्रित सदस्य समानुपातिक पद्दति बढी समानुपातिकको नजिक हुन्छ भने समानान्तर प्रणाली पहिलो हुने निर्वाचित हुनेको नजिक हुन्छ । यी दुईमध्ये कुन प्रक्रिया लागू गर्ने हो सम्पूर्ण राजनीतिक दलहरूबीच आम सहमतिका आधारमा अन्तरिम संविधानमा स्पष्ट व्यवस्था गर्नु पर्छ ।

एक निर्वाचन क्षेत्रमा जति बढी निर्वाचित हुने स्थान रहेको हुन्छ त्यति नै बढी समानुपातिक प्रतिनिधित्व हुन जान्छ । नेपालको सन्दर्भमा समानुपातिकको लागि २०४ सिट छुट्याइएको सहमति भए पनि सोको लागि निर्वाचन क्षेत्र के हुने भन्ने सहमति बाँकी रहेको देखिन्छ । समानुपातिक प्रतिनिधित्वका लागि निर्वाचन क्षेत्रको रुपमा हालका ५ विकास क्षेत्र तथा अञ्चललाई पनि तोक्न सकिने विकल्प देखिन्छ । यसो भए पनि बढी समानुपातिकका दृष्टिकोणले २०४ सिटको बाँडफाँड प्रयोजनका लागि सिंगो राष्ट्रलाई नै बहुसदस्यीय एक निर्वाचन क्षेत्रका हिसाबले अन्तरिम संविधानमा प्रावधान राख्नेतर्फ सर्वदलीय सहमतिमा पुग्नु राम्रो देखिन्छ ।

जति धेरै न्यूनतम सीमा राखिन्छ, त्यति नै मात्रामा साना दलको प्रतिनिधित्व हुने अवसर कम हुँदै जान्छ । मिश्रित प्रणाली अपनाएका जर्मनी र रूसमा यो सीमा ५ प्रतिशत छ भने नेदरल्यान्डमा ०.६७ प्रतिशत छ । न्युजिल्यान्डमा ५ प्रतिशत **वा** एकल निर्वाचन क्षेत्रमध्ये कुनै १ क्षेत्रबाट विजय हासिल गरेको हुनु पर्ने व्यवस्था छ ।

कुनै पनि दलले आफ्नो तर्फबाट प्रतिनिधित्व गर्न न्यूनतम कति जनसमर्थन आवश्यक हुने भनी सबै राजनीतिक दलहरूको छलफल र सहमतिबाट निर्णय गरी संवैधानिक प्रावधान गरिनु सान्दर्भिक हुन्छ । संविधानसभाको निर्वाचनको लागि समानुपातिकका लागि छुट्याइएको २०४ संख्यालाई मद्देनजर राख्दा गणितीय हिसाबबाट न्यूनतम ०.५ को न्यूनतम सीमा निर्धारण गरेमा पनि सिट बाँडफाँडमा समस्या आउने देखिँदैन । अत: दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीका लागि छुट्याइएको २०४ सिटको बाँडफाँड सम्बन्धमा न्यूनतम कति प्रतिशतसम्म मत प्राप्त गरेको दललाई सिट बाँडफाँड गर्ने भन्ने व्यवस्था कानुनी रुपमा हुनु आवश्यक देखिन्छ ।

समानुपातिक निर्वाचनका लागि राजनीतिक दलहरूले पेस गर्ने सूची बन्द, खुला र स्वतन्त्र गरी तीन प्रकारमा हुन्छन् । सूचीभित्रका उम्मेदवार तथा दलहरूका बीचमा समेत मतदातालाई छनोट गर्ने विकल्पका रुपमा यी सूची प्रयोग भएको पाइन्छ । बन्द सूचीमा सम्बन्धित दलको नेतृत्वले प्राथमिकताको क्रममा उम्मेदवारको सूची तयार गर्छन् । यसमा मतदाताले उम्मेदवारलाई प्राथमिकता व्यक्त गर्न सक्दैनन् । यसविपरीत दलभित्रका विभिन्न उम्मेदवारमध्ये व्यक्तिगत रुपमा सबैभन्दा बढी मत प्राप्त गर्ने विजयी हुने अवसर खुला सूचीमा गरिन्छ । खुलासूचीमा मतदाताहरू दलभित्र पनि कुन उम्मेदवारलाई मत दिने भन्ने कुरामा स्वतन्त्र हुन्छन् । त्यसैगरी स्वतन्त्र सूचीमा जति स्थान पूर्ति गर्नु पर्ने हो प्रत्येक मतदातालाई त्यति नै संख्या बराबर मत दिन पाउने मतदाताहरू आफूले रोजेको एउटै दलका सूचीभित्रका विभिन्न उम्मेदवार वा भिन्न भिन्न दलका उम्मेदवारलाई मत दिन स्वतन्त्र हुन्छन् । त्यसैले यसलाई स्वतन्त्र सूची भनिन्छ ।

खुला सूची र स्वतन्त्र सूचीमा - मतपत्रमा नै राजनीतिक दलका उम्मेदवारको नाम समावेश हुने भएकाले सम्पूर्ण राष्ट्रलाई बहुसदस्यीय एकै निर्वाचन क्षेत्र गर्नु पर्ने अवस्थामा प्रत्येक दलले उठाएका उम्मेदवारहरूको नाम मतपत्रमा राख्दा मतपत्रको आकार ज्यादै ठूलो हुने भई व्यवहारिक देखिँदैन । धेरै ठूलो सिट संख्या भएको निर्वाचन क्षेत्रमा यी सूचीको प्रयोग व्यवहारिक नहुन सक्छ ।

मिश्रित प्रणालीमा प्रत्येक मतदातालाई आफूले रोजेको एउटा मत उम्मेदवार र अर्को मत राजनीतिक दललाई गरी दुई मत जाहेर गर्ने अधिकार हुन्छ । यो प्रणाली अपनाउने विश्वका कतिपय देशले एउटै मतपत्रमा २ वटा कोलम गरी उम्मेदवार र राजनीतिक दललाई मत दिन सक्ने गरी मतपत्र प्रयोगमा ल्याएका छन् भने कतिपय देशमा उम्मेदवार र राजनीतिक दलका लागि छुट्टाछुट्टै मत प्रयोग गरेको पाइन्छ । हाम्रो सन्दर्भमा पनि मतदाताको चेतनालाई दृष्टिगत गरी एकै मतपत्र वा २ वटा मतपत्र प्रयोग गर्ने हो, त्यो ऐनमा स्पष्ट व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

समानुपातिक प्रतिनिधित्वका लागि छुट्याएको सिट संख्यालाई प्रत्येक राजनीतिक दलले प्राप्त गरेको सदर मतलाई स्थानमा परिणत गर्ने भन्ने विषयमा ड्रुप कोटा, हायर कोटा, अधिक शेषविधि महत्त्वपूर्ण छन् । यीमध्ये कुन विधि अपनाउने भन्ने व्यवस्था कानुनमै गरिनु आवश्यक देखिन्छ ।

संविधानसभा तयार गर्ने कार्यमा सहभागिताका लागि विदेशमा रहेका नेपाली नागरिकहरू तथा विस्थापितहरूले मत हाल्न पाउनु पर्ने कुरा व्यापक चर्चामा आएको छ, तर मिश्रित निर्वाचन प्रणालीअनुसार २०५ निर्वाचन क्षेत्रमा एकल सदस्यीय निर्वाचित हुने व्यवस्थामा विस्थापितहरूको आफ्नो बसोवास क्षेत्र (मतदाता भएको क्षेत्र) को उम्मेदवारलाई मत हाल्न पाउनु उसको अधिकार हो । विभिन्न ठाउँमा छरिएका विस्थापितको लागि आफ्नै निर्वाचन क्षेत्रको उम्मेदवारलाई मत दिने व्यवस्था मिलाउन कत्तिको व्यवहारिक हुन्छ ? वा हाल जहाँ बसेको छ ऊ त्यही निर्वाचन क्षेत्रकै उम्मेदवारहरूबाट छनोट गर्न पाउने वा अन्य विकल्प हेर्ने त्यसै गरी विदेशमा रहेका नेपालीहरूको सम्बन्धमा पनि आफ्नो क्षेत्रका उम्मेदवारका लागि मतदान गर्न सक्ने त्यति सजिलो उपाय देखिँदैन ।

विचार गर्न सकिने भनेको समानुपातिकका लागि छुट्याइएको २०४ सिटको निर्वाचनमा भने राजनीतिक दललाई छनोट गर्ने कुरामा आन्तरिक विस्थापित तथा विदेशमा रहेका नेपाली मतदाताका लागि सहभागी गराउन सकिने देखिन्छ, तर कोही मतदातालाई दुईवटा मताधिकार र कुनैलाई आंशिक मात्र मताधिकार दिँदा मानवाधिकार वा संवैधानिक कानुनी अड्चन हुन्छ-हुँदैन, त्यो मद्देनजर गरी यस कुराको छिनोफानो समयमै गरिनु पर्ने देखिन्छ ।

विस्थापित जस्तै आफ्नो निर्वाचन क्षेत्र बाहेकमा रहेका कर्मचारीहरूलाई मत दिन पाउने-नपाउने, पाउने हो भने कसरी पाउने भन्ने कुरा, विस्थापित वा विदेशमा बस्ने नेपाली नागरिकलाई भएको समस्या यहाँबाट पनि देखा पर्छ । अत: यस कुराको पनि समयमै छिनोफानो हुनु जरुरी देखिन्छ ।

संविधानसभाका सदस्यको निर्वाचनका लागि मिश्रित प्रणाली लागू गर्ने कुरामा अब विवाद रहेन । तैपनि यसभित्रका विभिन्न अस्पष्टताका सवाललाई व्यापक छलफलबाट आमसहमति कायम गरी अन्तरिम संविधान वा सम्बन्धित ऐन कानुनमा स्पष्ट व्यवस्था गरी मिश्रित प्रणालीलाई पूर्णताको नजिक ल्याउन सकिने देखिन्छ । ■

माओवादी समस्याको प्रकृति र प्रक्रियाको जटिलताका परिप्रेक्ष्यमा शिखर वार्ताले तयार गरेको मार्गचित्र वस्तुपरक बन्न सकेको छैन। त्यो बढी भावनात्मक र आत्मपरक छ। माओवादी सेनालाई मंसिर ५ गतेभित्र अस्थायी शिविरमा राख्ने, प्रमाणीकरण गर्ने, हतियार भण्डार गर्ने र अनुगमन संयन्त्र जडान गर्ने कुरा सहज देखिँदैन।

# सम्झौताको शल्यक्रिया



शंकर पोखरेल

**सात दल** र माओवादीबीच सम्पन्न बहुप्रतीक्षित शिखरवार्ताले तय गरेको मार्गचित्रका आधारमा मुलुक अघि बढ्न सकेमा एक दशकअघि सुरु भएको माओवादीको सशस्त्र विद्रोहको समस्या विधिवत् रुपमा समाधान हुनेछ। निश्चय नै त्यसो भए नेपाली राजनीति सुखद बाटोमा अघि बढ्नेछ। तर, मार्गचित्रको अनुसरण र सहमतिको पालनामा सोचेजस्तो सहजता हुनेछ भन्ने अझै निश्चित भइसकेको छैन।

किनभने, माओवादी समस्याको प्रकृति र प्रक्रियाको जटिलताका परिप्रेक्ष्यमा शिखर वार्ताले तयार गरेको मार्गचित्र वस्तुपरक बन्न सकेको छैन। त्यो बढी भावनात्मक र आत्मपरक छ। माओवादी सेनालाई मंसिर ५ गतेभित्र अस्थायी शिविरमा राख्ने, प्रमाणीकरण गर्ने, हतियार भण्डार गर्ने र अनुगमन संयन्त्र जडान गर्ने कुरा सहज देखिँदैन। किनभने अहिलेसम्म माओवादी लडाकुहरू बस्ने मुख्य ठाउँ नै विधिवत् रुपमा टुंगो लागिसकेको छैन। सहायक शिविरहरूमा त माओवादी छापामारहरू बस्न थालेको नै सुनिएको छैन। त्यसमाथि अधिकांश जंगल क्षेत्रमा रहेका माओवादी शिविरमा हतियार भण्डार गर्ने घर निर्माण गर्नु पर्ने अवस्था छ। यसका लागि निश्चय नै तोकिएभन्दा धेरै समय लाग्न सक्छ। संयुक्त

राष्ट्रसंघले भने जस्तो अस्थायी संरचना बाहिरबाट ल्याउने हो भने पनि ल्याउन र सम्बन्धित ठाउँमा जडान गर्न तोकिएभन्दा बढी समय लाग्छ नै। राष्ट्रसंघको सीमित जनशक्तिले माओवादीका २८ शिविर र नेपाली सेनाका १०० भन्दा बढीको संख्यामा रहेका ब्यारेकमा अनुगमन व्यवस्था मिलाउने काम तोकिएकै समयमा सम्पन्न हुन कठिन छ। जनशक्ति र अनुगमन संयन्त्र जुटाउन समेत राष्ट्रसंघलाई निकै समय लाग्न सक्छ। त्यसमाथि माओवादीले भन्ने गरेको ३५ हजारको संख्यामा रहेका छापामार र तिनका हतियारको 'भेरिफिकेसन'का लागि त्यतिकै समय लाग्ने निश्चित छ। नेपाली कांग्रेसले भन्ने गरेजस्तो हतियार व्यवस्थापन नगरी माओवादीलाई अन्तरिम संसद् र सरकारमा नलैजाने हो भने यसले थप जटिलता पैदा गर्ने अवस्था छ।

यसैगरी अन्तरिम संविधानलाई पूर्णता दिने सन्दर्भमा सात दल र माओवादीबीच भएका सहमतिले धेरै सहयोग पुर्‍याए पनि अन्तरिम संविधानले पूर्णता पाइहाल्ने अवस्था देखिँदैन। यस सन्दर्भमा उत्पन्न हुने विवादले समय लिन सक्ने सम्भावनालाई मार्गचित्रमा खासै ध्यान दिएको देखिँदैन। शान्ति सम्झौताको मस्यौदाका सन्दर्भमा सुरु भएको विवादले त्यही संकेत गर्दछ। यसै गरी अन्तरिम संसद्मा पठाउने पुनःस्थापित प्रतिनिधिसभा र राष्ट्रियसभाका वहालवाला सदस्यहरू बाहेकका प्रतिनिधिहरूको छनोटको विधि र प्रक्रियाको सन्दर्भ समेत नखुलेका कारण पनि सम्बन्धित दलहरूभित्र विवाद उत्पन्न भए कानुनी र संवैधानिक अन्योल र जटिलता उत्पन्न हुनसक्छ। यस प्रकारको अवस्थालाई समाधान गरी अघि बढ्न सकिएमा चाहिँ शान्ति प्रक्रियाले सार्थक उपलब्धि हासिल गर्नेछ र मुलुक संविधानसभाको निर्वाचनमा विधिवत् प्रवेश गर्नेछ।

जहाँसम्म सात राजनीतिक दल र माओवादीबीच भएका राजनीतिक सहमतिको सन्दर्भ छ, त्यो पूर्णतः जनआन्दोलनको भावनाअनुरुप हुन सकेको देखिँदैन। अन्तरिम संविधान जारी गर्ने, अन्तरिम संसद् निर्माण गर्ने, माओवादी समेतको सहभागितामा अन्तरिम सरकार गठन गर्ने र यी सबै प्रक्रिया सुरु हुनुभन्दा पहिले हतियारको व्यवस्थापन गरिसक्ने कुरा यस सहमतिका महत्त्वपूर्ण पक्ष हुन्। सात दल र माओवादीबीच समय तालिकासहितको सहमति भएका कारण लोकतन्त्र, शान्ति र अग्रगमनका क्षेत्रमा मुलुकले नयाँ मोड प्राप्त गर्ने विश्वास समेत आम जनतामा बढेर गएको छ। यो निश्चय नै सबैका लागि खुसीको कुरा हो। जहाँसम्म जनआन्दोलनको भावनाअनुरुपमा शान्तिवार्तालाई तार्किक निष्कर्षमा पुर्‍याउने सन्दर्भमा आयोजना गरिने संविधानसभाका सन्दर्भमा भने दल र माओवादीका बीचमा भएको सहमति जनआन्दोलनको भावना र आम जनताको अपेक्षाविपरीत नै हुन पुग्यो। संविधानसभाको विधि र प्रक्रियाका सन्दर्भमा भएको सहमतिका जटिलता र त्यसले जनआन्दोलनको भावनालाई पुर्‍याउन सक्ने असरलाई निम्नरुपमा उल्लेख गर्न सकिन्छ :

### संविधानसभाको जम्बो आकार

शिखरवार्ताको सहमतिअनुसार संविधानसभाको आकार ४२५ सदस्यीय हुनेछ। यसमा २०५ जना संविधानसभाका सदस्यहरू पुरानो संवैधानिक व्यवस्थाअन्तर्गतका २०५ निर्वाचन क्षेत्रबाट सापेक्षित बहुमतीय प्रणालीबाट चुनिएर आउनेछन्। २०४ जना संविधानसभा सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीबाट चुनिएर आउनेछन्। १६ जना सदस्यहरू सहमतिका आधारमा प्रधानमन्त्रीले मनोनयन गर्नेछन्। यसरी बन्ने संविधानसभाको यो संख्या नेपाल जस्तो मुलुकका लागि निकै नै ठूलो हो। भारत जस्तो विशाल भूगोल र जनसंख्या भएको मुलुकमा समेत संविधानसभाको यति ठूलो आकार थिएन। अन्तर्राष्ट्रिय अभ्यासका दृष्टिकोणले समेत जनसंख्याको अनुपातमा यो संख्या निकै ठूलो र अनुपयुक्त मानिन्छ, तर मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्ने नाममा यो अवस्था सृजना भएको छ। संविधान निर्माणको प्रक्रियामा संविधानसभाको जम्बो आकार आफैंमा चुनौतीको विषय हो। यस प्रश्नलाई शिखरवार्ताले खासै ध्यान दिएको देखिएन।

### मर्मविपरीत निर्वाचन प्रणाली

संविधानसभामा आम जनताको स्वामित्व स्थापित गरिनु पर्छ भन्ने मूल मान्यता हो। त्यसैले सबैको भावनाको प्रतिनिधित्वका लागि समानुपातिक निर्वाचन प्रणाली उपयुक्त मानिन्छ। किनभने समानुपातिक निर्वाचन प्रणालीमा कुनै पनि मतदाताले चुनाव हार्नु पर्दैन। प्रत्येक मतदाताको मतको प्रतिनिधित्व संविधानसभामा समान हैसियतमा हुन्छ, तर बहुमतीय निर्वाचन प्रणालीको संविधानसभा निर्वाचनमा जनताको एउटा हिस्साले चुनाव हार्दछ भने अर्को हिस्साले चुनाव जित्दछ। मुलुकको इतिहासमा एक पटक आयोजना गरिने संविधानसभामा कुनै जनताले आफ्नो प्रतिनिधि पठाउन सक्ने र कुनै मतदाताले नसक्ने अवस्था उपयुक्त मानिँदैन। आवधिक निर्वाचनमा जित र हार स्वभाविक नै मान्न सकिन्छ। किनकि हारेको उम्मेदवार र मतदाताले निश्चत समयपछि जित्ने अवसर प्राप्त गर्छ। यद्यपि, मिश्रित निर्वाचन

प्रणालीका कारणले आफ्नो प्रतिनिधि चुन्न असफल भएका जनताले पनि समानुपातिक निर्वाचनका रुपमा राहत भने पाउन सक्छन् । यसले एकथरि मतदाताले दुवै विधिबाट प्रतिनिधि पठाउने र एकथरि मतदाताले एउटै विधिबाट प्रतिनिधि पठाउने अवसर पाउनेछन् । संविधानसभाका लागि यस प्रकारको विभेदको स्थिति आउन नदिनु नै सबैभन्दा उत्तम तरिका हुन्थ्यो, तर त्यसविपरीत शिखर बैठकले मिश्रित चुनाव प्रणालीमा जाने सहमति गरेको छ । यो संविधानसभाको मर्म र जनआन्दोलनको भावनाविपरीत हो ।

## राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्र

भर्खरै सम्पन्न ऐतिहासिक जनआन्दोलमा सर्वाधिक महत्त्व राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रले पाएको हो । राज्यको पुनर्संरचनाका सन्दर्भमा विद्यमान राजनीतिक र प्रशासनिक एकाइलाई खारेज गरी त्यसका ठाउँमा नेपाली समाजको बहुलतामा आधारित नयाँ राजनीतिक र प्रशासनिक संरचना निर्माण गर्ने कुरा थियो र निर्वाचन प्रणालीमा सुधार गर्ने विषय थियो । विगतमा अवलम्बन गरिएको बहुमतीय निर्वाचन प्रणालीअन्तर्गतको चुनावमा निकै ठूलो समुदाय समान प्रतिनिधित्वको अवसरबाट वञ्चित रहँदै आएकाले पनि उक्त मान्यताले महत्त्व पाएको थियो । शिखरवार्ताले २०५ निर्वाचन क्षेत्रलाई कायम राखेर एकैचोटि राज्यको पुनर्संरचनाको र समावेशी लोकतन्त्रको अवधारणमा प्रश्नचिन्ह खडा गरी दिएको छ । संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो संख्यमा चुनिएर गएका निर्वाचित प्रतिनिधिहरू आफ्नो निर्वाचन क्षेत्रको निरन्तरताको पक्षमा उभिएको अवस्थामा राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रका अवधारणा नै खण्डित हुन पुग्नेछ । जुन विषयमा माथि नै प्रश्न खडा गरेर राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रका नीति अघि सारिएको संविधानसभाले निरुपण नगर्दै उही संयन्त्रलाई निरन्तरता दिने कुरा निश्चय नै सुखद विषय होइन । आन्दोलनका क्रममा आफैंले गरेको वचनबद्धतामा दृढतापूर्वक अड्न नसक्नु राजनीतिक दलहरूको निकै ठूलो कमजोरी हो ।

## राजतन्त्रको भविष्यको निरुपण

जनआन्दोलनको सबैभन्दा महत्त्वपूर्ण मुद्दा राजसंस्थाको भविष्यको निरुपणकै कुरा हो । आन्दोलनका समयमा सात राजनीतिक दल र माओवादीले औपचारिक रुपमा लोकतान्त्रिक गणतन्त्रको मुद्दा अघि नसारे पनि सडकमा जनताले राजतन्त्रविरुद्ध नारा लगाए, घृणा र आक्रोश पोखे । लोकतान्त्रिक गणतन्त्रका पक्षमा उभिन नेतृत्वलाई दबाब दिए । जनताको उक्त दबाबका पृष्ठभूमिमा नै नेपाली कांग्रेस समेतले पार्टीलाई राजतन्त्र निरपेक्ष बनाउने र जनताको फैसलाका आधारमा राजतन्त्रको भविष्य निरुपण हुने नीति सार्वजनिक गर्न बाध्य भयो । नेकपा (एमाले)ले माघ १९ पछि विगतका आफ्ना भुल सच्याउँदै लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढ्ने औपचारिक फैसला

**अहिले नै गणतन्त्र घोषणा गर्नु पर्छ भन्ने अडान राख्दै आएको माओवादी समेत जनमत संग्रहको एजेन्डा छोडेर कांग्रेसको रणनीतिमा फस्नु भने आश्चर्यको विषय हो ।**

गर्‍यो । यस प्रकारको स्थितिमा राजतन्त्रबारे जनतालाई फैसला गर्न दिने उपयुक्त विधि के हुन सक्छ भनेर ध्यान पुर्‍याउन सक्नु पर्दथ्यो । शिखरवार्तामा संविधानसभाको पहिलो बैठकले राजतन्त्रबारे सामान्य बहुमतले निर्णय गर्ने सहमति भएको छ । प्रक्रियाका हिसाबले यसलाई पूर्णतः बेठिक भन्न सकिँदैन, तर संविधानसभामा राजनीतिक दल र प्रतिनिधिहरू धेरै एजेन्डा बोकेर जाने भएकाले जनताको अभिमत के हो भन्नेमा जनमत संग्रहमा जस्तो स्पष्ट हुँदैन । संविधानसभाको निर्वाचनमा बहुएजेन्डा भएकाले गणतन्त्रवादीहरूको मतसमेत विभाजित हुने अवस्था रहन्छ ।

जनताका बीचमा जाँदा एउटा एजेन्डा लिएर जाने र चुनाव जितेपछि आफ्नो इच्छाअनुसार गर्ने नेपालको राजनीतिको विशेषता रहँदै आएको छ । त्यसमाथि जनमत संग्रहलाई भन्दा संविधानसभामा जितेर आएका प्रतिनिधिहरूलाई सत्ता, शक्ति र प्रलोभनमा पारेर प्रभावित गर्ने अवस्था ज्यादा रहन्छ । यस अवस्थामा जनमत संग्रह नै राजतन्त्रको भविष्य निरुपण गर्ने सबैभन्दा उपयुक्त एजेन्डा हुन सक्थ्यो । जनमत संग्रहको विपक्षमा नेपाली कांग्रेस उभिने कुरा त बुझ्न सकिने कुरा हो । किनकि उसले अहिलेसम्म गणतन्त्रमा जाने फैसला गर्न सकेको छैन र नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले आफू सेरेमोनियल राजतन्त्रको पक्षमा रहेको र राजाका लागि पनि स्पेस दिनुपर्ने कुरा गर्दै आएका छन्, तर अहिले नै गणतन्त्र घोषणा गर्नु पर्छ भन्ने अडान राख्दै आएको माओवादी समेत जनमत संग्रहको एजेन्डा छोडेर कांग्रेसको रणनीतिमा फस्नु भने आश्चर्यको विषय हो ।

## शिखर बैठकको जोड घटाउ

सात दल र माओवादीबीच सम्पन्न शिखर बैठकमा एमालेले दुई विषयमा असहमति दर्ज गरेको घटनाले नेपालको राष्ट्रिय राजनीतिमा अनेक कोणबाट चर्चा परिचर्चा भएको छ । वैचारिक र राजनीतिक हिसाबले शिखर बैठकको मूल राजनीतिक दिशा एमालेको धारमा अघि बढेको छ । राजनीतिक समीकरणको जोड घटाउको खेलका कारणले ऊ अहिले एक्लो देखिएको छ । जनआन्दोलन पूर्वदेखि संक्रमण कालको व्यवस्थापनका सन्दर्भमा दुई विपरीत ध्रुवमा उभिएका नेपाली कांग्रेस र माओवादीलाई सहमतिका एउटै विन्दुमा ल्याउनेमा एमालेको राजनीतिक दिशा र पहलको महत्त्वपूर्ण योगदान रहेको हो । दीर्घकालीन जनयुद्ध एकमात्र बाटो हो भन्ने निष्कर्षका साथ सशस्त्र संघर्षको कार्यदिशामा अग्रसर भएको माओवादी शान्तिपूर्ण राजनीतिको मूलधारमा आउने कुरा मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवाद र सोअन्तर्गतको राजनीतिक कार्यदिशाको जित हो । तर शिखरवार्ताको परिदृश्यले एमाले एक्लिएको हो कि जस्तो देखिएको छ । नेपालको राजनीतिलाई वैचारिक र राजनीतिक धरातलमा राखेर हेर्ने हो भने नेपाली कांग्रेसका लागि सबैभन्दा नजिकको लोकतान्त्रिक वामपन्थी मित्र शक्ति एमाले नै हुनुपर्ने हो । त्यसरी नै आर्थिक-समाजिक रुपान्तरण र व्यापक राजनीतिक परिवर्तनका सन्दर्भमा माओवादीका लागि कांग्रेसभन्दा एमाले नै निकटको शक्ति हुनुपर्ने हो । तर शिखर बैठकको जोड घटाउमा त्यस विपरीत प्रभाव देखियो ।

नेपाली कांग्रेसले एमालेभन्दा माओवादीलाई र माओवादीले पनि एमालेभन्दा नेपाली कांग्रेसलाई प्रोत्साहन गरेको देखियो । छलफल नै नभई माओवादीले अन्तरिम संविधानका लागि गिरिजाप्रसादलाई नै प्रधानमन्त्रीको घोषणा गर्नु र अन्तरिम संसद्मा जनतामा परीक्षण भई नसकेको माओवादीलाई कांग्रेसले एमाले बराबरको हैसियत प्रदान गर्नका लागि पहल गर्नुको कारण पनि त्यही नै हो । वैचारिक र राजनीतिक मान्यता विपरीतको निकटता र सत्ता समीकरणको जोड घटाउले के देखिन्छ भने नेपाली कांग्रेसको विश्लेषणमा एमाले भविष्यको चुनौती हो र प्रमुख प्रतिद्वन्दी हो भने माओवादीको बुझाइमा एमालेलाई कमजोर नबनाई वामपन्थी आधारमा कब्जा जमाउन सकिँदैन भन्ने नै हो । तर जनआन्दोलनका उपलब्धिलाई संस्थागत गर्ने प्रक्रिया नै अन्त्य नभई जनआन्दोलका सहयात्रीहरूबीच यस प्रकारको चिन्तन हावी हुनु निश्चय नै दुखद कुरा हो । कांग्रेस र माओवादीमा देखिएको यही गलत मनोविज्ञानले नै आज एमालेलाई एक्लो देखाउने खेल सुरु भएको छ । तर राजनीति कसैको क्षणिक स्वार्थको बन्दी हुन सक्तैन ।

विगतमा एमालेमा विभाजन आएका समयमा पनि एमालेलाई कमजोर बनाउन नेपाली कांग्रेसले यस्तै नीति लिएको थियो । तर २०५६ को निर्वाचनमा कांग्रेसको त्यो प्रयोग जनताबाट पूर्णतः अस्वीकृत भएको थियो । यस अर्थमा सत्ता राजनीतिको स्वार्थका कारणले बेला बखतमा राजनीतिमा देखिने यस प्रकारका जोड घटाउले जनआन्दोलनको वैचारिक र राजनीतिक कामकै नेतृत्व गर्ने सफल एमालेलाई कमजोर बनाउन सकिने कुरा होइन । शिखर बैठकमा दुई महत्त्वपूर्ण विषयमा असहमति प्रकट गरेर एमाले सात दलबाट एक्लो देखिए पनि उक्त अडान र एजेन्डाका कारणले ऊ जनताको हृदयमा अझ घनिष्ठ बन्न पुगेको छ । यसको प्रभाव र परिणाम आगामी राजनीतिमा राम्ररी नै देखिनेछ । सबैलाई चेतना भया । ■

*पोखरेल एमाले केन्द्रीय सदस्य हुन् ।*

# भ्याउन गाह्रो

■ सुवास देवकोटा/काठमाडौं

**सात दल र माओवादीबीचको समझदारीले तयार गरेको सैन्य व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकार निर्माणको समयतालिका लागू हुने सम्भावना कम हुँदै गएको छ भने समझदारी निर्माणका क्रममा आठ दलबीच रोपिएको अविश्वासको वीउ झाँगिने खतरा बढ्दै गएको छ र तय गरिएका मितिमा काम भ्याउन गाह्रो हुने निश्चित छ।**

**सत्तारुढ सात दल** र माओवादीबीच कात्तिक २१ गते राति भएको सम्झौताले तय गरेको समय तालिकाअनुसार मुलुक अघि बढ्न समस्या देखिन थालेको छ। 'मंसिर ५ गतेभित्र माओवादी सेनाका लडाकुहरू हातहतियारसहित निर्धारित शिविरमा जम्मा भइसक्ने र हतियार भण्डारण गर्ने, संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने' समझदारीमा उल्लेख भए पनि कात्तिक २९ गतेसम्म माओवादी जम्मा हुने मुख्य सात शिविरकै औपचारिक टुंगो लागेको छैन। इलाम, सिन्धुली, काभ्रे, पाल्पा, रोल्पा, सुर्खेत र कैलालीमा माओवादीले आफ्नो सेना राख्न प्रस्ताव गरेको शिविर हेरेपछि सरकार र राष्ट्रसंघीय टोलीले शिविर राख्ने स्थानबारे पुनः सोच्न माओवादीलाई आग्रह गरेको छ। सरकार र राष्ट्रसंघीय टोलीले काभ्रेको कामीडाँडामा माओवादीले प्रस्ताव गरेको मुख्य शिविर साँघुरो हुने बताउँदै वैकल्पिक स्थान तोक्न सुझाएको छ। राष्ट्रसंघलाई अनुगमन गर्न यातायात सुविधा भएका स्थानमा माओवादीले शिविर राख्नुपर्ने सात दल र माओवादीबीचको सम्झौतामा उल्लेख छ।

यसैगरी माओवादी सेना बस्ने २१ उपशिविर निरीक्षण भ्रमण गर्न राष्ट्रसंघ, सरकार र माओवादीको संयुक्त टोली अझै नगएकाले त्यसको टुंगो लागेको छैन। अझ मुख्य शिविर नजिकै उपशिविर राख्ने सहमतिविपरीत माओवादीले निकै टाढा र फरक जिल्लामा उपशिविर राख्ने प्रस्ताव गरेको बताउँदै सरकार पक्षले आपत्ति जनाएको छ। सरकार र माओवादीबीच देखिएको यो विवादले माओवादी सेना शिविरमा जम्मा हुने मिति पर सर्ने निश्चित छ, तर माओवादी भने उपशिविरको स्थानबारे देखिएको विवादका कारण समस्या नआउने दाबी गर्छ। माओवादी नेता डा. बाबुराम भट्टराई सबै शिविरमा अहिले नै सरकार र राष्ट्रसंघीय टोली जानु र हेर्नु आवश्यक नरहेको उल्लेख गर्दै भन्छन्, 'सबै शिविरहरू अस्थायी भएकाले अहिले त्यहाँ हाम्रा सेना बस्छन्, राष्ट्रसंघले विस्तारै अनुगमन गर्छ।' सम्झौतामा उल्लेख भएअनुसार समय सीमामा शिविरमा सेना राख्न माओवादीबाट कुनै समस्या नआउने पनि उनी दाबी गर्छन्।

माओवादीले अस्वीकार गरे पनि माओवादी सेना रहने शिविरको भौतिक पूर्वाधार निर्माणका लागि



विवादको एक विन्दुः प्रतिनिधिसभाको सभामुखको आसन

तस्विरहरू : भास्कर ओझा



▲ प्रचण्ड



▲ माधवकुमार नेपाल



▲ गिरिजाप्रसाद कोइराला

चाहिने समय पनि सम्झौताको समयतालिकालाई नकारात्मक प्रभाव पार्ने विषय बन्ने स्थिति छ। माओवादी सेनाका हतियार उनीहरू बस्ने अस्थायी शिविरमा भण्डारण गर्ने र त्यसको राष्ट्रसंघीय टोलीले अनुगमन गर्ने सम्झौतामा भनिएकाले हतियार भण्डारण र अनुगमनका लागि शिविरको भौतिक आधार अत्यावश्यक छ। अझ हतियार भण्डारण गरिएको स्थानमा राष्ट्रसंघले अनुगमनका निम्ति 'सिसी टेलिभिजन र साइरन'को व्यवस्थासमेत गर्ने सहमति गरिएकाले त्यो निर्माणका निम्ति तोकिएको समयमा सम्भव नहुने पनि अनुमान गरिएको छ। तर, सरकारी वार्ता समिति सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवाली समय तालिकाअनुसार काम सम्पन्न गर्नु चुनौतीपूर्ण भए पनि सरकार, राष्ट्रसंघीय टोली र माओवादी समय तालिकामै काम फत्ते गर्न हरसम्भव प्रयास गरिरहेका बताउँछन्।

यसैगरी माओवादी सेना अस्थायी शिविरमा राख्न तोकिएको समयमा सम्भव नभएकाले मंसिर ५ गतेभित्र अन्तरिम संविधानलाई पूर्णता दिने तथा मंसिर १० भित्र अन्तरिम संविधान जारी गर्न पनि भ्याउन गाह्रो हुने सात दल सम्बद्ध नेताहरू बताउँछन्। सम्झौताले निश्चित गरेको समयमा कुनै एक बुँदा पूरा नहुनासाथ अन्य बुँदाहरू पनि पर सर्ने र जेठ १५ सम्म माओवादीसहितको अन्तरिम सरकार पनि बन्न गाह्रो हुने भएको हो।

### समझदारीमा असमझदारीको छायाँ

सात दल-माओवादीबीचको ऐतिहासिक समझदारीका क्रममा दलहरूबीचको 'खेल'को प्रभाव अहिले पनि कायम छ। केही राजनीतिक विश्लेषकहरूका अनुसार समझदारीका बेला देखिएको दलहरूबीचको सम्बन्धले मुलुकको भावी राजनीतिलाई पनि गम्भीर प्रभाव पार्नेछ। सम्झौताको क्रममा नेपाली कांग्रेस र माओवादीबीच देखिएको निकटता तथा त्यसप्रति एमालेको आपत्तिले अन्तरिम संसद् र अन्तरिम सरकारको गठनमा पनि प्रभाव पार्ने राजनीतिक विश्लेषकहरू बताउँछन्। एमालेले समझदारीमै फरक मत राखेर तथा अन्तरिम सरकारको प्रधानमन्त्रीबारे आठ दलको बैठकले निर्णय नगरेको बताएर नेपाली कांग्रेस र माओवादीलाई चुनौती दिइसकेको छ।

नेपाली कांग्रेस र माओवादीको अघोषित गठबन्धनले आफूलाई अन्तरिम सरकारको गठनमा पनि कमजोर पार्ने विश्लेषण गरिरहेको एमालेले अन्तरिम सरकारमा प्रभावशाली सहभागिता नपाए सरकारमा नजाने सोचसमेत बनाएको छ। एमाले स्थायी समिति सदस्य प्रदीप नेपालले 'अन्तरिम सरकारमा सम्मानजनक सहभागिता नभए एमाले सहभागी नहुने' बताइसकेका छन्। यद्यपि, एमालेको यो भनाइलाई विपक्षीहरूले आक्रोश मात्र मानेर विश्वास गरेका छैनन्।

एमालेले वर्तमान सरकारमा आफूसँग रहेका मन्त्रालय अन्तरिम सरकारमा पनि कुनै हालतमा नछाड्ने मनस्थिति बनाएको छ। अहिलेको स्थितिलाई कायम राख्नै एमाले नेता तथा उपप्रधानमन्त्री केपी ओलीले अन्तरिम सरकारलाई वर्तमान सरकारको विस्तार मात्र बताएका छन्। तर, माओवादीले अन्तरिम सरकारमा एमालेसँग रहेको परराष्ट्र मन्त्रालय लगायत रक्षा, गृह र संचार जस्ता महत्त्वपूर्ण मन्त्रालयमा दाबी अघि सारेको छ। यद्यपि, एमालेलाई समेत कम्युनिष्ट बताउँदै रक्षा, गृह र संचार मन्त्रालय दिन अस्वीकार गरेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट ती मन्त्रालय फुत्काउनु माओवादीको लागि लगभग असम्भव नै छ। तर, अन्तरिम संसद्मा एमाले र माओवादीलाई बराबर संख्या दिएर भिडन्त पारेजस्तै प्रधानमन्त्री कोइरालाले अन्तरिम सरकारमा पनि एमालेसँग रहेको परराष्ट्र मन्त्रालय माओवादीलाई दिने सम्भावनालाई भने राजनीतिक विश्लेषकहरू अस्वीकार गर्दैनन्।

तर, अन्तर्राष्ट्रिय समुदायको प्रभाव नेपाली कांग्रेस र प्रधानमन्त्री कोइरालामा पर्ने निश्चित रहेकोमा भने कोही अस्वीकार गर्दैनन्। अझै पनि माओवादीलाई अन्तरिम सरकारमा महत्त्वपूर्ण मन्त्रालय दिन नहुनेमा अमेरिकासहित अन्तर्राष्ट्रिय समुदाय एक मत छ। कात्तिक २९ गते नेपाल आइपुगेका एसिया प्रशान्त क्षेत्रसम्बन्धी अमेरिकी सहायक विदेशमन्त्री रिचर्ड बाउचरले पनि नेपालमा चालू शान्ति प्रक्रियाको सफलताको कामना गर्दै माओवादीले आफ्नो व्यवहार सुधारेर मूलधारको राजनीतिमा आउनुपर्ने आफ्नो मुलुकको पुरानै धारणा दोहोऱ्याएका छन्। ■

## सभामुख को ?

**माओवादीसहितको** ३३० सदस्यीय अन्तरिम संसद्मा को सभामुख हुनेछन् ? अहिले नै निश्चित छैन। तर, सात दल-माओवादीबीच कात्तिक २१ गते भएको सम्झौताका क्रममा नेपाली कांग्रेस र माओवादीबीच बढेको निकटताका कारण एमालेले सभामुख गुमाउने अनुमान गरिन थालिएको छ। सभामुख चयनमा पनि नेपाली कांग्रेस र माओवादीबीच समीकरण बनेमा माओवादीले सभामुख पाउने बताइन्छ।

अन्तरिम सरकारमा प्रधानमन्त्रीबारे सात दल र माओवादीबीच छलफल नभए जस्तै सभामुखबारे पनि आठ दलमा अहिलेसम्म छलफल र सहमति भएको छैन। तर, अन्तरिम सरकारको प्रधानमन्त्रीबारे एमालेले विवाद उठाएका कारण नेपाली कांग्रेस र माओवादीले पनि अन्तरिम संसद्मा सभामुख परिवर्तनको विषय उठाउन सक्ने विश्लेषकहरू बताउँछन्। केही विश्लेषकहरूचाहिँ नेपाली कांग्रेस र माओवादीबाट सभामुख दाबी हुनसक्ने भएकाले त्यसको रक्षाका निम्ति एमालेले प्रधानमन्त्रीबारे विवाद उठाएको अनुमान गर्छन्। एमालेले प्रधानमन्त्रीबारे उठाएको विवादका कारण नेपाली कांग्रेस अन्तरिम संसद्ले नयाँ सभामुखको निर्वाचन गर्नुपर्ने निष्कर्षमा पुगेको नेता महेश आचार्यको भनाइले पनि स्पष्ट पार्छ। आचार्य भन्छन्, 'अन्तरिम संसद्ले नै सभामुख चयन गर्नेछ।'

अन्तरिम संसद्ले महासचिव र सचिव पनि चयन गर्नुपर्ने स्थिति छ। संसद्को सचिव पद केही समयदेखि खाली छ भने महासचिव सूर्यकिरण गुरुङलाई परराष्ट्र मन्त्रालयले संयुक्त राज्य अमेरिकाको राजदूतका लागि सिफारिस गरेको छ। परराष्ट्रमन्त्री केपी ओलीले गुरुङसँगै १४ मुलुकका लागि राजदूतहरूको नाम सिफारिस गरेका छन्। ■




भास्कर ओझा

नेपाली कांग्रेस (प्रजातान्त्रिक)का जिल्ला सभापतिहरूको राष्ट्रिय भेलामा सभापति शेरबहादुर देउवाका साथ अन्य नेताहरू

# गणतान्त्रिक बन्न दबाब

■ विश्वमणि पोखरेल/काठमाडौं

**नेपाली कांग्रेस** (प्रजातान्त्रिक)का जिल्ला सभापतिहरूको राष्ट्रिय भेलाले पार्टी नेतृत्वलाई 'समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रको' घोषित नीति अख्तियार गर्न दबाबमूलक सुझाव दिएको छ। कात्तिक २८ गतेदेखि तीन दिनसम्म चलेको भेलाका सबैजसो वक्ताहरूले गणतन्त्रात्मक राजनीतिक धार लिएर पार्टी अगाडि बढ्नुपर्ने धारणा राखेका थिए।

केन्द्रीय समितिको नाममा सबैजसो जिल्ला सभापतिहरूले हस्ताक्षर गरेको सुझाव पत्रमा 'समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र'को नीति लिन केन्द्रीय समितिलाई आग्रह गरिएको छ। त्यसका निम्ति मंसिर महिनाभित्र महासमितिको बैठक बोलाउन भनिएको छ।

खोटाङ जिल्ला सभापति सुभाष पोखरेल भन्छन्, 'हामीले केन्द्रीय समितिसमक्ष सुझाव दिएका छौं। चाँडै महाधिवेशन वा महासमिति बैठक बोलाएर नीतिगत रुपमा गणतन्त्रको बाटो लिनुपर्छ। अन्यथा हामी विशेष अधिवेशनको माग गर्नेछौं।'

सभापतिहरूको सुझाव दबाबमूलक भएको जानकारी दिँदै पोखरेलले भने, 'लोकतान्त्रिक गणतन्त्रमा जानै पर्छ, जनता गणतन्त्रको पक्षमा छन्, पार्टी गणतन्त्रमा नगए हामी दबाब दिन्छौं।'

जिल्ला सभापतिहरूको मागको विरोधमा कोही प्रकट हुन सकेका छैनन्। 'पार्टी केन्द्रीय समितिका अधिकांश सदस्य तथा नेताहरू पनि सहमत देखिएका छन्', पोखरेल बताउँछन्। सभापतिहरूको जिल्ला भेलाका प्रस्तावअनुसार प्रजातान्त्रिकको राजनीति अगाडि बढ्यो भने केही साताभित्रै कांग्रेस प्रजातान्त्रिक गणतन्त्रवादी पार्टीको रुपमा रुपान्तरण हुनेछ। सभापतिहरूले पोहर सम्पन्न महाधिवेशनले अनुमोदन गरेका संघीय संरचना र समानुपातिक प्रतिनिधित्वको आधारमा मुलुकको पुनर्संरचना हुनुपर्छ भन्ने मुद्दालाई पनि उत्तिकै महत्त्वका साथ उठाले।

पार्टी उपसभापति प्रकाशमान सिंह तथा महामन्त्री विमलेन्द्र निधिले महासमितिको बैठक बोलाएर जिल्ला सभापतिहरूले उठाएका मुद्दालाई पार्टीको औपचारिक नीति बनाउने बलियो आश्वासन दिएका छन्। राजा ज्ञानेन्द्रबाट दुई दुई पटक प्रधानमन्त्रीबाट अपदस्त बनाइएका प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाले औपचारिक रुपमा धारणा नराखेको भए पनि अनौपचारिक भेटघाटमा नेता तथा कार्यकर्तामाझ 'गणतन्त्रको विकल्प छैन' भन्ने गरेका छन्।

प्रजातान्त्रिक गत वर्ष पुसमा सम्पन्न महाधिवेशन, जुन बेला राजा ज्ञानेन्द्रको निरंकुश शासन थियो, देउवा तथा प्रकाशमान सिंह थुनामा राखिएका थिए, त्यसैबेला गणतन्त्र नजिक पुगेको थियो। महाधिवेशनले 'इतिहासको यस प्रयोगबाट प्रमाणित भएको छ कि राजतन्त्र र प्रजातन्त्र सँगसँगै हिँड्न सकेन र सक्दैन' भन्ने निचोड निकालेको थियो। राजाको चुनौतीपूर्ण शासनकालमा करिब २७ जिल्लाका सभापतिहरूले महाधिवेशनमा संगठित रुपमा गणतन्त्रको प्रस्ताव अघि सारेको अनुभव सुनाउँदै पोखरेल भन्छन्, 'अहिले हामी ६९ जना सभापतिहरू संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा छौं। अब पार्टीको घोषित नीति पनि यही हुनेछ।'

शान्ति प्रक्रिया र माओवादी, संविधानसभाको निर्वाचन तथा पार्टी संगठन विस्तार र सुदृढीकरण जस्ता सामयिक विषयहरूमा सभापतिहरूको राय, सल्लाह र सुझाव लिन बोलाइएको भेलाका अधिकांश वक्ताले पार्टी एकीकरण गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। तर, उनीहरूको आग्रहसँगै कांग्रेसका लागि भारी हुने कडा सर्त पनि अघि सारेका छन्।

मोरङका सभापति जितबहादुर लिम्बू भन्छन्, 'लोकतान्त्रिक गणतन्त्र, संघीय राज्य संरचना र समावेशीकरण नीतिमा सहमति हुनसक्दा मात्र एकीकरण सम्भव छ।' लिम्बू थप्छन्, 'यिनै राजनीतिक मुद्दाहरूको धरातलमा टेकेर मात्र पार्टी एकीकरण गर्नुपर्छ, नभए पार्टी संगठनको काममा लाग्नुपर्छ।'

पार्टी प्रवक्ता डा. मीनेन्द्र रिजाल कांग्रेसको सर्तमा एकीकरण हुन नसक्ने स्थिति औंल्याउँदै भन्छन्, 'आजको चुनौती सामना गर्न र भोलिका अवसर सदुपयोग गर्न नयाँ कांग्रेस बन्नुपर्छ, नयाँ कांग्रेसले मात्र नयाँ नेपालको नेतृत्व गर्न सक्छ।'

कांग्रेस सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला 'संवैधानिक राजतन्त्र'को पक्षपाती भएर प्रस्तुत भएको स्थितिमा प्रजातान्त्रिकभित्र विकसित पछिल्लो राजनीतिले प्रजातान्त्रिकसँगको एकता निकै चुनौतीपूर्ण देखिन्छ। प्रजातान्त्रिकसँग एकीकरण गर्दा देउवाले भन्दै आएको 'सम्मानजनक' एकीकरणको मुद्दालाई मात्र सम्बोधन गरेर पुग्दैन, कोइराला पनि लोकतान्त्रिक गणतन्त्र र संघीय संरचना स्विकार्नुपर्ने अवस्था अप्ठेरो स्थिति आइलागेको छ।

पार्टीका महामन्त्री विमलेन्द्र निधि सभापतिहरूले एकीकरण गर्ने सैद्धान्तिक आधार अघि सारेको बताउँदै आफू पनि त्यसको पक्षमा उभिने बताए। निधिले सभापतिहरूले महत्त्वका साथ अघि सारेका राजनीतिक मुद्दाहरूलाई केन्द्रीय समितिले गम्भीरतासाथ लिने जानकारी दिए। कांग्रेस सभापति कोइरालाले सभापतिहरूको मागबमोजिम प्रजातान्त्रिकको महासमिति बैठक बस्नुअघि नै एकीकरणको प्रस्तावलाई महत्त्वका साथ अघि बढाउन सक्ने सम्भावना पनि छ। उता देउवाले पार्टीको केन्द्रीय समितिलाई पूर्णता दिने, विभागहरूको गठन लगायतका कामहरू थाती राखिएकाले महासमिति बैठक सभापतिहरूको दबाबअनुसार एक महिनाभित्रै बस्न सक्ने सम्भावना न्यून छ। ■



दुईपटक विस्फोटन र आगजनी गरिएको क्षतिग्रस्त विमानस्थल टावर भवन

# सुनसान पाटन

**■ श्याम भट्ट/बैतडी** (तस्बिर पनि)

**कुनै बेला** महाकाली अञ्चलको पुरानो सदरमुकामका रुपमा रहेको बैतडीको पाटनलाई क्षेत्रकै सदरमुकाम बनाउने गरी विकास गरिएको थियो। सुर्नाया नदीका दुवैतर्फी फाँटमा फैलिएको विशाल पाटनका स्थानीय बासिन्दा अहिले धान काटेपछिका खेतहरूमा नयाँ बाली लगाउने सुरसारमा जुटेकाले व्यस्त भएका छन्। पारि पाटनका ८४ वर्षीय चन्द्रसिंह विष्ट भन्छन्, 'पहिला पहिला त बरु दूध, पालुंगो, धनिया बेचेरै गुजारा हुन्थ्यो। अब त ती दिन पनि रहेनन्।'

सरकारले यहाँ रहेका एक दर्जन सरकारी कार्यालय तीन वर्षअघि सुरक्षाको दृष्टिले ३६ किलोमिटर टाढा रहेको सदरमुकाम गढी सारेपछि छिमेकी डडेल्धुरा, बझाङ र जिल्लाकै ठूलो भू-भाग पञ्चेश्वर हुँदै छिमेकी भारतको चम्पावतसम्मको सर्म्पक रहेको यो रमणीयस्थल सुनसान बनेको हो। आधा दशकअघि त झन् पाटन विमानस्थलले सातामा दुई दिन भए पनि ल्याउने चहलपहल बढ्दो हुन्थ्यो पाटनमा। कर्मचारीहरूको भीडमा मिसिने स्नातक क्याम्पसका युवायुवतीले समेत पाटन बजारको चहलपहलमा योगदान दिएका हुन्थे।

उद्योग वाणिज्य संघका अध्यक्ष नरबहादुर चन्दका अनुसार जिल्लाको आधाभन्दा धेरै व्यवसायिक गतिविधि थेग्ने पाटन सुनसान बनेपछि मन्द भएको आर्थिक गतिविधिले अझै गति लिन सकेको छैन। भारतसँग जोडिएका चारवटा नाका रहेको वैतडीका तीनवटा नाकाबाट हुने व्यापारको लागि पाटन नै केन्द्रविन्दु हुन आउँछ। यी तीनवटा छोटी भन्सारबाट चार वर्षयता सुरक्षा र कर्मचारी अभावमा राज्यले पाउनु पर्ने राजस्व समेत गुम्दै आएको छ। महत्त्वाकांक्षी पञ्चेश्वर आयोजनास्थल जोड्ने मार्गमा काम ठप्प छ। ध्वंसपछि पुनर्निर्माणका लागि पनि कसैले पहल गर्ने अवसर पाएनन्। ६२ गाविस रहेको जिल्ला सदरमुकाम महाकाली र चमेलिया नदीको किनारमा रहेको थुम्कोमा दार्चुला र भारतसँग जोडिएकाले पनि स्थानीय बासिन्दाले कष्ट झेल्दै आएका छन्। वास्तवमा पाटन नै सम्पूर्ण जिल्लाको लागि उपयुक्त सदरमुकाम हो। यो महत्त्व बुझिएको भए यहाँ भौतिक संरचना द्वन्द्वका सिकार हुने थिएनन्।

तीन वर्षअघि माओवादीहरूले यहाँ रहेका विमानस्थल सहित एक दर्जन सरकारी

**२०४६ सालको परिवर्तनअघि जस्तो थियो पाटन त्यसमा कुनै विकासे परिवर्तन नआउँदै ध्वंसको सिकार बन्नु पऱ्यो । यत्रो ठूलो विध्वंसपछि पनि यहाँका बासिन्दा पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द यहाँ पुग्न सकेका छैनन् । उनीहरूको गुनासो छ, चन्दले आफ्नो गाउँ बिर्सेको धेरै भयो ।**

कार्यालयमा आगजनी र विस्फोटन गरेपछि जिल्लास्तरीय सरकारी कार्यालयहरूका साथै इलाका प्रहरी कार्यालय समेत सदरमुकाम सर्दा विष्टजस्ता मेहनत गरेर खाने स्थानीय बासिन्दा मर्कामा पर्नुका साथै पाटन समेत एक्लो परेको हो । द्वन्द्वको अवस्थामा माओवादीको दबदबा रहेको पाटनमा अहिलेसम्म पनि स्थितिमा परिर्वतन आएको छैन । पटक-पटक राष्ट्रिय राजनीतिको शिखरमा नेतृत्व गर्न पाएका पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको गाउँ हुनाले पनि पाटनले पञ्चायतकालदेखिकै चर्चा पाएको हो, तर उनका गाउँले भने चन्दसँग सन्तुष्ट छैनन् । २०४६ सालको परिवर्तनअघि जस्तो थियो पाटन त्यसमा कुनै विकासे परिवर्तन नआउँदै ध्वंसको सिकार बन्नु पऱ्यो । यत्रो ठूलो विध्वंसपछि पनि चन्द यहाँ पुग्न सकेका छैनन् । उनीहरूको गुनासो छ, चन्दले आफ्नो गाउँ बिर्सेको धेरै भयो ।

सम्पूर्ण गतिविधिहरू सदरमुकाम केन्द्रित हुने हुनाले गाउँमा दलहरूको पकड हुन सकेको छैन । नगरविकास समितिका पूर्व अध्यक्ष जयसिंह विष्टका अनुसार आन्दोलनताका सक्रिय रहेका दल र नागरिक समाज पनि अहिले परिर्वतन पर्खेर बसेको आभास हुन्छ । भविष्यको बाटो कस्तो हुनेछ भनेर मानिसहरू अझै पनि दोधारमा रहेको पाइन्छ । उनीहरू ढुक्क हुन सकेका छैनन् । 'प्रतिदिन शान्तिका पक्षमा भइरहेका सहमतिले भने उनीहरूको आस पनि मर्न पाएको छैन', विष्ट भन्छन् ।

जनआन्दोलन-२ पछि आएको परिवर्तनपश्चात् भर्खरै भएको ऐतिहासिक सहमतिले यहाँका बासिन्दामा पनि आशाको संचार गरेको छ । पाटनको चमक फर्काउन स्थानीयस्तरमा पनि अन्तरक्रियाहरू भएका छन् । उनीहरूले यहाँ सरकारी कार्यालय पुनःस्थापन र ध्वंस संरचना पुनर्निर्माण हुनु पर्ने माग राख्दै प्रधानमन्त्रीलाई समेत पत्र पठाइसकेका छन् । सबैभन्दा प्रभावित व्यवसायिक क्षेत्रले दुईपटक पाटनमा र सदरमुकाममा दबाब र निकास खोज्ने उद्देश्यले आयोजन गरेका अन्तरक्रियाले यो सानो ठाउँका ठूला सपना पूरा होलान् कि भन्ने आशा उनीहरूले गरेका छन् । नागरिक समाज, दल र माओवादी र स्थानीय बासिन्दासँग भएका सहमतिले पनि ऊर्जा थपेको हो ।

प्रमुख जिल्ला अधिकारी चूडामणि बस्यालका अनुसार पुनःस्थापनका लागि केन्द्रीयस्तरमा भइरहेका वार्ता र सहमतिले पनि भूमिका खेल्नेछन् । स्थानीयस्तरमा पटक-पटक यसको पक्षमा सहमति भएको छ । आगामी केही सातामै पाटनका सरकारी कार्यालयहरू फर्काउन हामीले प्रयास गरिहेका छौं । सर्वप्रथम सुरक्षाको प्रत्याभूति दिन इलाका प्रहरी कार्यालयलाई पुनःस्थापन गरिने मनसाय बनाइएको छ ।

जिल्ला प्रहरी प्रमुख दिलाराज विष्टका अनुसार पाटन लगायत मेलौली, पुर्चौडी र गोकुलेश्वरका इलाका प्रहरी कार्यालयहरू पुनःस्थापन गर्न आवश्यक छ । यसका लागि आवश्यक तयारीहरू भइरहेका छन् । पुरानो कार्यालय जलेर नष्ट भएकाले विमानस्थल कार्यालयको आवास भवनमा इलाका प्रहरी पुनःस्थापन गर्ने सहमति बनेको छ ।


माओवादीले पाटनमा गरेको ध्वंसको लागत करोडौंमा हुन आउँछ । विमानस्थल र सडक डिभिजनमा ठूलो क्षति भएको छ भने तिनलाई छोडेर सबै कार्यालय भवनहरू आगलागीबाट नष्ट भएका छन् । एयरपोर्ट लाइनस्थित लक्ष्मी होटलका प्रबन्धक लक्ष्मी दत्त पन्त भन्छन्, 'लामो समयदेखि ध्वस्त संरचनाको संरक्षण नहुँदा धेरैजसो ढुंगा, काठ जस्ता सामग्री चोरी भइसकेका छन् । अझै पनि यिनीहरूको संरक्षण नगरेमा केही बच्न नसक्ला भन्न सकिन्न ।'

जिल्ला प्राविधिक कार्यालयले यसको निरीक्षण गरी लागतको अनुमान गरेको छ, तर सुदूरपश्चिममा मंगलसेन र साँफेपछि सर्वाधिक भौतिक क्षति भएको पाटनमा पुरानै चहलपहल फर्काउन नयाँ नेपालको दिशामा भइरहेका पहलहरूले नै मुख्य भूमिका खेल्नेछन् । ■

### पुनःस्थापन हुनु पर्ने कार्यालयहरू

जिल्ला भूसंरक्षण कार्यालय
जिल्ला पशु सेवा
जिल्ला सिँचाइ कार्यालय
इलाका वन कार्यालय
महिला विकास शाखा
परिवार नियोजन
नेपाल नागरिक उड्डयन
डिभिजन सडक कार्यालय
कृषि सेवा केन्द्र
कृषि विकास बैंक
इलाका प्रहरी कार्यालय
गाविस कार्यालय


सुर्नाया नदीका दायाँबायाँ फैलिएको पाटनका फाँटहरू खनजोतपछि


ध्वंसबाट बचेका खाली सरकारी भवनहरू

श्रीमान्‌बाट एचआइभी संक्रमित चितवनकी दीक्षा रिमाल अहिले एड्सविरुद्धको अभियानमा सक्रिय छिन् ।

■ **मनीष गौतम / काठमाडौं** (तस्बिर पनि)

# गृहणीमा फैलँदो




**राष्ट्रिय एड्स** तथा यौनरोग नियन्त्रण केन्द्रद्वारा गत सेप्टेम्बरसम्म अद्यावधिक गरिएको तथ्यांकले एचआइभी संक्रमणले नयाँ र आश्चर्यजनक परिणाम देखाएको छ । केन्द्रको तथ्यांकअनुसार एचआइभी संक्रमित हुनेहरूमा गृहिणीको संख्या आश्चर्य ढंगले बढ्दो छ । एचआइभी संक्रमित हुनेमा महिला यौनकर्मीभन्दा धेरै गृहिणी देखिएका छन् । केन्द्रको रेकर्डअनुसार यो सेप्टेम्बरसम्म नेपालमा एचआइभी संक्रमित गृहिणीको संख्या १ हजार ४ सय ३५ रहेको छ ।

एचआइभी संक्रमणको जोखिमपूर्ण मानिएको सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्नेहरूको संख्या एचआइभी संक्रमित गृहिणीहरूकोभन्दा झन्डै २ सयले बढी छ । त्यसैगरी संक्रमणको अर्को जोखिम समूह मानिने ६ सय ३८ जना महिला यौनकर्मीमा एचआइभी संक्रमण भएको केन्द्रको तथ्यांकमा उल्लेख छ ।

यो संख्या केन्द्रमा दर्ता भएका एचआइभी संक्रमितहरूको वर्गीकरण हो । युएनएड्सका अनुसार नेपालमा एचआइभी संक्रमितहरूको संख्या ७० हजार भएको अनुमान छ ।

महिला यौनकर्मीका ग्राहक एचआइभी संक्रमणको सबैभन्दा जोखिममा रहेको समूह रहेको छ । केन्द्रको उक्त रेकर्डलाई आधार मान्दा करिब ४ हजार व्यक्ति एचआइभी संक्रमित छन्, जसमा अधिकांश पुरुष रहेका छन् । त्यसैगरी सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्ने एचआइभी संक्रमित पुरुषका श्रीमतीहरू पनि संक्रमणमा परेका छन् । पुरुषहरूको असुरक्षित यौनव्यवहार नै गृहिणीहरू एचआइभी संक्रमित हुनुको मुख्य कारक रहेको छ ।

सेप्टेम्बर महिनामा मात्रै एचआइभी संक्रमित ७८ जना गृहिणीहरू केन्द्रको तथ्यांकमा रेकर्ड भएका छन् । 'एचआइभी संक्रमित महिलाहरूको संख्या पछिल्लो समयमा निकै बढेको छ, जसमा गृहिणीहरू छन्', त्रिवि शिक्षण अस्पताल एचआइभी/एड्स युनिट प्रमुख डा. शशि शर्मा भन्छन्, 'उनीहरूलाई श्रीमान्‌बाट नै एचआइभी संक्रमण भएको हो ।'

डा. शर्माका अनुसार महिनौं वा वर्षौंपछि घर फर्किएका वा बसाइँ सराइ गरेका पुरुषहरूका माध्यमबाट जानाजान वा अन्जानमा गृहिणीहरूमा एचआइभी संक्रमण बढेको छ । 'कतिपयले आफू एचआइभी संक्रमित छु भन्ने थाहा हुँदाहुँदै पनि बिहे गर्ने वा श्रीमतीसँग असुरक्षित यौनसम्पर्क गर्ने पाइएको छ', डा. शर्मा भन्छन्, 'श्रीमती भनेपछि दोस्रो दर्जाको नागरिकको व्यवहार गर्ने प्रवृत्तिले गृहिणीहरूलाई जोखिममा पारेको छ ।'

बसाइँ सराइ अधिक मानिने सुदूरपश्चिमी जिल्लामा मात्र नभई एचआइभी संक्रमण अधिराज्य व्यापक भएको राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. श्यामसुन्दर मिश्र बताउँछन् । गृहिणीहरूमा बढ्दो एचआइभी संक्रमणको मुख्य कारक तत्त्वमा बसाइँ सराइ गरेका समूह, जो 'यौनकर्मी'सँग असुरक्षित यौनसम्पर्क गर्ने गर्छन् अनि आफ्ना श्रीमतीहरूलाई संक्रमित गरिरहेका हुन्छन् । 'गृहिणीहरूमा एचआइभी संक्रमण अब कुनै क्षेत्र विशेषमा सीमित रहेन । यो सबैतिरको समस्या बनिसक्यो', डा. मिश्र भन्छन्, 'त्यसैले संक्रमण नियन्त्रणका कार्यक्रमहरू अब गृहिणीहरूतर्फ पनि केन्द्रित गर्नुपर्ने अवस्था आइसक्यो ।'

सन् २००१ को जनगणनाअनुसार झन्डै आठ लाख नेपाली बसाइँ सराइ गरेको उल्लेख भए पनि मुलुकमा सशस्त्र द्वन्द्वका काण विदेशिने नेपालीको संख्या योभन्दा धेरै रहेको विभिन्न

**एउटा सरकारी अनुसन्धानबाट नेपालमा एचआइभी संक्रमित हुनेहरूमा यौनकर्मी महिलाहरूभन्दा गृहिणीको संख्या आश्चर्यजनक ढंगले बढी देखिएको छ ।**

अध्ययनले देखाएका छन्, जसमा अधिकांश छिमेकी जिल्ला भारतमा पुग्ने गरेका छन् । त्यसैगरी झन्डै ३० लाख नेपाली मुलुकभित्र बसाइँ सराइ गर्ने गरेको नेपाली महिला तथा बालबालिकाको अवस्थाबारे युनिसेफद्वारा सन् २००६ मा प्रकाशित प्रतिवेदनमा उल्लेख छ । बसाइँ सराइ गर्नेहरू अधिकांश २० देखि ३९ वर्षका हुने गरेका छन्, जो यौनक्रियाकलापमा त्यत्तिकै सक्रिय रहन्छन् । 'यसरी बसाइँ सराइ गर्ने जनसंख्या एचआइभी संक्रमणको अधिक जोखिममा हुन्छन्', उक्त प्रतिवेदनमा उल्लेख छ, 'यसको मुख्य कारण उनीहरू रक्सी तथा मादक पदार्थ सेवन र असुरक्षित यौन क्रियाकलापमा सहभागी हुन्छन् । उनीहरूलाई संक्रमणबाट सुरक्षित रहनका लागि आवश्यक ज्ञानको पनि कमी छ ।'

पुरुषको असुरक्षित यौनसम्पर्क का कारण महिलाहरू संक्रमित बन्न पुगेका छन् भने उनीहरूबाट जन्मने बच्चाहरूमा पनि संक्रमणको मार बढ्दो छ । केन्द्रमा हालसम्म एचआइभी संक्रमित बालबालिकाको संख्या ३ सय नाघेको रेकर्ड छ । युनिसेफको उक्त प्रतिवेदनअनुसार एड्सकै कारण १३ हजार बालबालिका आमाबाबुविहीन बनेका छन् भने १ लाखभन्दा बढी बालबालिका एचआइभी संक्रमित बाबुआमाका कारण प्रभावित बनेका छन् । ■




# मजदुर खुसी

**पटक-पटक** बन्द हुँदै खुल्दै आएको मुलुककै ठूलो बुटवल धागो कारखाना पुनः सञ्चालनमा आएको छ। ६ महिनादेखि उक्त कारखाना बन्द थियो।

कारखाना पुनः सञ्चालन भएकोमा मजदुर, कर्मचारीहरू उत्साहित भएका छन्। खुसियालीमा फलफूल र मिठाई समेत बाँडिएको थियो।

'हामी साह्रै प्रसन्न छौं', संयुक्त मजदुर समितिका सल्लाहकार हुमाकान्त काफ्लेले भने, 'अब मजदुरका कारणले कारखाना बन्द हुने अवस्था आउन दिनेछैनौं।' कारखानाका निर्देशक जीवनप्रसाद ओझा, कारखाना सञ्चालनका लागि पहल गर्न गठित सर्वपक्षीय समितिका संयोजक नवराज श्रेष्ठ र कारखाना छानबिन समितिका संयोजक गणेशमान सैंजुले संयुक्त रुपमा ब्लो रुमको प्लकर मेसिन शुभारम्भ गरेका थिए।

२०६२ पुसमा मजुर संगठनले निजामती कर्मचारीसरह, तलबमान, जीवन बिमा, औषधी भत्ता, श्रम ऐन लागू तथा कारखानाको दीर्घकालीन नीति र उपदान कोष स्थापना लगायतका पाँचसूत्रीय मागपत्र व्यवस्थापन पक्षलाई बुझाएको थियो।

मजदुर संगठनको माग, सशस्त्र द्वन्द्वको असर र लोडसेडिङ आदि समस्या दर्शाउँदै २०६३ साल वैशाख २५ गते कारखाना व्यवस्थापक संस्था साल्ट ट्रेडिङले कारखानाबाट हात झिकेको थियो।

२०६३ भदौ ७ गते मजदुर संगठन, कारखाना सञ्चालक समिति र उद्योग मन्त्रालयका प्रतिनिधिबीचको बैठकले कारखाना सञ्चालक समिति र उद्योग मन्त्रालयका प्रतिनिधिबीचको बैठकले कारखाना आत्मनिर्भर भई सञ्चालनको लागि दीर्घकालीन प्रस्ताव कार्यान्वयन नभएसम्म मजदुर र कर्मचारीमा त्यागको भावना हुनुपर्ने निर्णय गरेको थियो।

सोही सर्वपक्षीय बैठकमा मजदुरहरूले २ सय १० टन उत्पादन दिने र व्यवस्थापन पक्षले मजदुर संगठनका मागहरू समर्थन गरेको निर्णय समेत बैठक पुस्तिकामा उल्लेख छ।

व्यवस्थापन पक्षले कच्चापदार्थ र विद्युत् आपूर्तिमा कमी हुन नदिने प्रतिबद्धता समेत जनाएको छ। 'व्यवस्थापनका निर्णय कार्यान्वयन गर्न प्रतिबद्ध छौं, कारखानाका महाप्रबन्धक रामस्वार्थ यादवले भने, 'मजदुर हक-हितको रक्षा गर्दै व्यवस्थापन पक्षले सहकार्य गर्नेछ।

मजदुरहरूले आफ्ना माग पूरा नहुने आशंका गरेकाले कारखाना सञ्चालक समितिलाई आफ्नो निर्णय कार्यान्वयन गर्न दबाब दिने उद्देश्यले सर्वपक्षीय समितिले तेजकुमार पाठकको संयोजकत्वमा हालै सात सदस्यीय एक उपसमिति समेत गठन गरेको थियो।

गत जेठमा आयोजित सर्वदलीय तथा सर्वपक्षीय बैठकले कारखाना सञ्चालनका लागि स्थानीयस्तरबाट दबाब र पहलका लागि नवराज श्रेष्ठको संयोजकत्वमा ११ सदस्यीय सर्वपक्षीय समिति गठन भएको थियो।

'ठूलो प्रयत्नपछि कारखाना सुचारु गरायौं', सर्वपक्षीय समितिका संयोजक तथा उद्योग वाणिज्य संघ बुटवलका अध्यक्ष श्रेष्ठले भने, 'यस क्षेत्रकै गहना मानिएको धागो कारखाना नियमित सञ्चालनका लागि सबै पक्षले सकारात्मक पहल गर्न जरुरी छ।'

२०३९ सालमा स्थापित कारखानामा ५ सयभन्दा बढी मजदुर र कर्मचारी छन्। सरकार र सार्वजनिक संस्थानहरूको गरी दुई अर्ब ३२ करोड रुपैयाँ लगानी भइसकेको सर्वपक्षीय समितिको प्रतिवेदनमा उल्लेख छ। कारखानाले १३ बिघा जमिन ओगटेको छ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्विर पनि)

# जनता जागेपछि

**राष्ट्र बैंकको** कारबाहीबाट बच्न अदालतको परमादेशलाई रक्षाकवच बनाएको नेपाल बंगलादेश बैंक अन्ततः मुद्दा फिर्ता लिएर रक्षाकवच त्याग्न मात्र होइन, रातारात राष्ट्र बैंकलाई गुहारेर व्यवस्थापन जिम्मा लगाउने नाजुक स्थितिमा पुग्यो।

गत बुधवार राष्ट्र बैंकले बंगलादेश बैंकमा हस्तक्षेप गरेर व्यवस्थापनको जिम्मेवारी लिने निर्णयपछि अदालतबाट बैंकमाथि कुनै कारबाही नगर्नु भन्ने परमादेश लिन सफल बंगलादेश बैंक, निक्षेपकर्ता सर्वसाधारणबाट भने बच्न सकेन। लगानीकर्ताहरूले नियतवश बैंकको स्थिति नाजुक बनाएको थाहा पाएपछि निक्षेपकर्ता सर्वसाधारणले २३ गतेपछिका तीन दिनमै ३ अर्बभन्दा बढी पैसा झिकेका छन्।

एनबी ग्रुपद्वारा १३ वर्षअघि स्थापित बंगलादेश बैंक विभिन्न आकर्षक कार्यक्रममार्फत सर्वसाधारणबाट निक्षेप संकलन गर्न सफल बैंक मानिन्छ। हाल बैंकमा सर्वसाधारणको निक्षेप मात्र गत असोजसम्म १२ अर्ब ६८ करोड थियो। बंगलादेशको आइएफआइसी बैंकको ५० प्रतिशत, सर्वसाधारणबाट ३० प्रतिशत सेयर र लगानीकर्ताको २० प्रतिशत गरी ७१ करोड ९८ लाख ५२ चुक्ता पुँजीबाट कारोवार सुरु गरेको बंगलादेश बैंक डुब्ने स्थितिमा पुग्नुका पछाडि लगानीकर्ताहरूले नियम र आधारभूत मान्यताविपरीत एनबी ग्रुपबाट संचालित विभिन्न उद्योग, व्यापारमा लगानी गर्ने, ऋण असुली नगरेपछि बारम्बार राष्ट्र बैंकले सचेत गराउँदै आएको थियो।

राजनीतिक, आर्थिक लगायतका सबैखाले हतकन्डा प्रयोग गरेर जनताको पैसा आफूखुसी सञ्चालन गर्ने प्रवृत्तिको एनबी ग्रुपको पछिल्लो प्रयास भने सफल हुन सकेन। एनबी ग्रुप अदालतबाट रक्षाकवच लिन त सफल भयो, तर जनता जागेपछि उसको केही लागेन।


अव्यवस्थित रहेको काँकरभिट्टा नाकालाई व्यवस्थित गर्न २५ करोड रुपैयाँको लागतमा इन्लेट कन्टेनर डिपो बन्ने

# बन्ने भयो डिपो

**विदेशी मुलुकहरूसँग** हुने व्यापार सहज बनाउने उद्देश्यले सरकारले नेपालको पूर्वी नाका काँकरभिट्टामा २५ करोड रुपैयाँको लागतमा इन्लेट कन्टेनर डिपो (आइसिडी) निर्माण गर्ने भएको छ।

सुख्खा बन्दरगाहको अवधारणाअनुरूप निर्माण हुने यो डिपो १२ बिघा क्षेत्रफलमा निर्माण हुनेछ। एसियाली बिकास बैंकको ऋण सहयोगमा निर्माण हुने यसको प्रत्यक्ष अनुगमन एडिबी विकास बोर्डले गर्ने र सरकारको भौतिक योजना तथा निर्माण मन्त्रालयले निर्माणको जिम्मेवारी पाएको छ। मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत लावण्यप्रसाद ढकालका अनुसार ५ वर्षभित्र निर्माण सम्पन्न हुने यो बन्दरगाह निर्माणका लागि एडिबी र सरकारबीच उच्च तहमा सम्झौता सम्पन्न भइसकेको छ।

सरकारको केन्द्रीय तहबाट निर्माण र सुपरिवेक्षण हुने योजनाका लागि सरकारले ग्लोबल टेन्डर समेत आह्वान गरिसकेको जनाइएको छ। स्थानीयस्तरमा जिल्ला प्रशासन कार्यालय र भन्सार कार्यालयको सहयोगमा निर्माण गरिने योजनाका लागि प्रशासन कार्यालयले समेत निर्माणस्थलको लागि स्थानीयवासीको जग्गा अधिग्रहण सुरु गरिसकेको छ। झापाका प्रमुख जिल्ला अधिकारी जयमुकुन्द खनालका अनुसार स्थानीय बासिन्दाको १४ कठ्ठा १६ धुर जग्गा अधिग्रहण गर्ने प्रक्रिया सुरु भइसकेको छ। जसका लागि स्थानीयवासीले समेत जग्गाको अनुमानित लागत मूल्य तयार गरेर कार्यालयमा बुझाइसकेका छन्।

नेपालगन्जपछि दोस्रो अत्याधुनिक भन्सार कार्यालयको रुपमा विकास गर्न लागिएको यो योजना निर्माण सम्पन्न भएपछि निजी कम्पनीलाई भाडामा दिएर सञ्चालन हुने भन्सार कार्यालयले जनाएको छ। योजना निर्माण सम्पन्न भएपछि यसको परिसरभित्र २ सयभन्दा बढी मालवाहक ट्रक र सोही संख्याको हाराहारीमा सवारीसाधन लोड, अनलोड र पार्किङ हुनेछ। यसका साथै प्लान्ट, खाद्य र पशु क्वारेन्टाइन कार्यालयहरू समेत निर्माण हुनेछ। यसैगरी यसैभित्र नेपाल बैंक, वाणिज्य बैंक र भन्सारसम्बन्धी सम्पूर्ण कार्यालयहरू समेत निर्माण गरिनेछ भने सामान लिएर आउने पैदल व्यापारी र सवारीसाधनलाई भिन्दाभिन्दै मार्ग र चेकिङ स्थलको समेत व्यवस्था जनाइएको छ।

भन्सार कार्यालयलाई बन्दरगाहको अवधारणाअनुरुप विकास गरिएपछि व्यापारमा अत्यन्तै सहज र सुलभ हुने व्यापारीहरू र भन्सार कार्यालयले समेत विश्वास लिएका छन्।

■ **नारायण खड्का/झापा** (तस्विर पनि)



# रक्तक्रान्ति र झन्डा-नृत्य

**मोटरसाइकल पार्क गरेर** स्टेडियमतिर बढ्दै गर्दा एक्कासि मुटुमा एकतमासले कम्पित भयो । रक भाकामा 'रक्तक्रान्तिको ज्वालामुखी' गाइरहेका अमृत गुरुङको आवाज परैसम्म घन्किरहेको छ । सोसल फोरमको पाँच दिने कार्यक्रममा एउटै नेपाली उपस्थिति नदेखेको मेरो मन खुसी र उत्सुकताले उद्वेलित भयो । के म मनैदेखि यति भावुक हुँ कि दिल्ली बसाइको साढे तीन महिनाले मलाई राष्ट्रियताप्रति बढी भावुक बनाएको हो ? उत्तर खोजिरहने झन्झट नगरी मेरा पाइला स्टेडियमतिर बतासिएका छन् ।

ओहो, यो के देख्छु म ? नेपथ्यलाई यति ठूलो मासमा प्रदर्शन गरिरहेको मैले कहिल्यै देखेको थिइन । 'होइन, फिनल्यान्डमा योभन्दा ठूलो मासमा गरेको हो', कहिल्यै फिनल्यान्ड नटेकेका भास्करले आफैंले देखेजस्तै गरेर भने । हजारौं दर्शकमाझ गाइरहेका अमृतको चिरपरिचित शैलीले सिंगो मञ्च थामिरहेको छ । जसै 'रक्तक्रान्तिको ज्वालामुखी' गाइसकेर चुल्ठो बाँधेको लामो कपाल हल्लाउँदै अमृत अर्को लोक नम्बर गाउन थाले, गोपाल उठेर छमछमी नाच्न थाल्यो ।

एकै छिनमा ऊ एक्लो रहेन, नाचेको नाममा बुरुकबुरुक उफ्रने । मुहार रोमाञ्चित बनाएर थुप्रै युवा नेपालीहरू नाच्दै थपडी बजाउन थाले । दिनेशको ६ महिनाको छोरो 'नयाँ नेपाल सम्भव छ' लेखेको टिसर्ट लगाएर उनकै हातमा नाच्न थाल्यो । छोरालाई हातमै नचाएर आफू पनि नाचिरहेका हँसिला दिनेश अझ प्रफुल्ल देखिए ।

सोसल फोरमको समापन समारोह आयोजना भइरहेको बडेमानको मञ्चमा अमृत र उनको टोली एक्लै छ । अमृत अद्भुत पाराले आफ्नो आवाज उरालिरहेका छन् । उनले रक शैलीमा लोकभाका गाइरहँदा नेपाली भाषा नबुझ्ने हजारौं दर्शक कसरी रोमाञ्चित र तन्मय भइरहेका थिए भने मानौं उनीहरू शब्द-शब्द बुझिरहेका छन् ।

दुई दिनअघि सोसल फोरम आयोजना भइरहेको विशाल जवाहरलाल नेहरु स्टेडियममा गोपाल र मैले नेपालीको छायाँसम्म देखेका थिएनौं । सयौं स्टलहरू चहार्दा पनि नेपाली प्रतिनिधित्वको मसिनो संकेतसम्म नदेख्दा हामी निरास भएका थियौं । नेपालबाट सोसल फोरमका लागि भनेर विभिन्न संघसंस्थाबाट आएका प्रतिनिधिहरू दिल्ली दर्शनमा निस्केको हामीले सुनेका थियौं । धुलैधुलोमा एक घन्टा स्टेडियम चहारेर थकित मुद्रामा बाहिर निस्कँदा बल्ल हामीले नेपाली अनुहार परेका केही भाइहरूलाई भेट्यौं र नेपालीमै सोध्यौं, 'तपाईंहरू नेपाली हो ?'

'या', कालो चस्मा लगाएर कम्मरमा हात राखिरहेका एकजना भाइले अंग्रेजबाज शैलीमा भने । 'हामी पनि नेपाली नै हौं, नेपाली बुझ्छौं', फेरि अंग्रेजी झार्लान् कि भन्ने डरले मैले हतारहतार भने ।

उनीहरूबाहेक सोसल फोरमभरि कहीं कतै नेपाली नदेखेका हामीलाई अहिले नेपथ्यको कार्यक्रमले सान्त्वना दिइरहेको छ । अंग्रेजी बाजाको चर्को धुन नेपाली लोकभाकामा प्रिय र रोमाञ्चित लागिरहेको छ । पल्लो लहरमा बसेकी भारतीय सुन्दरी गालातिर झरेका कपाल सम्याउनसम्म बिर्सेर अमृतमा आँखा गाडिरहेकी छे । दायाँपट्टिको पछिल्लो लहरमा बसेकी कत्थक नृत्यमा पारंगतजस्ती देखिने बंगाली बालाका हात थिरकिरहेका छन् तर आँखा मञ्चमै एकाग्र ।

लोक नम्बरहरूमा आफू र दर्शकलाई नचाएका अमृतले कार्यक्रमको सुरुमै भनेका थिए, "अहिले हाम्रो देशमा शान्ति स्थापना भएको छ । त्यसैले म वियोग र पीडाका गीतहरू होइन, प्रेम र जीवनका गीतहरू तपाईंहरूलाई सुनाउँछु ।'

अहिले उनको पालो सकिन लागेको छ । यसपछि मणिपुरी र बंगाली कलाकारहरू आउनेछन् । अफ्रिकीहरूको पालो सायद अन्तिममा आउनेछ । 'नेपाली सांगीतिक टोली नेपथ्यलाई आफ्नो प्रस्तुतिका लागि ताली बाँड्न म सबैलाई आग्रह गर्छु', आयोजकहरूले भने । तर, 'अब समय सकियो' भन्ने आयोजकको संकेत नबुझेझैं गरेर अमृतले अर्को भाका निकाले, सबैलाई एकपटक जऱ्याकजुरुक उठाउँदै- 'रातो र चन्द्रसूर्य ।'

बिजुली चम्किएजस्तो गरेर पछाडिबाट कोही बुरुक्क उफ्र्यो । एकजना नेपाली युवती हातमा झन्डा बोकेर नाच्न थालिन् । अरूले उनलाई थपडी बजाएर साथ दिन थाले । यी उत्साहित नेपाली युवती अझ चम्केर झन्डा-नृत्य गर्न थालिन् । मुटुको कम्पन बढिरहेकै थियो । के राष्ट्रियताको संकेत झन्डाले अरुको मन पनि कम्पित भइरहेको थियो ? यो त्यही झन्डा थियो जसले मलाई दुई साताअघि सास्ती दिएको थियो ।


'तिम्रो झन्डाको आकार किन बेग्लै छ ?', मलाई एउटा साथीले सोधेको थियो र म अलमल्ल परेको थिएँ । उसले त्यसपछि त मौका यही हो भनेझैं गरेर ममाथि प्रश्न बर्साएको थियो ।

*'किनाराको नीलोले के संकेत गर्छ ?'*
*'चन्द्र-सूर्य केको प्रतीक हो ?'*
*'सेतो रंगले के जनाउँछ ?'*

उसका प्रश्नहरूको चित्तबुझ्दो जवाफ दिन नसकेपछि मैले भनेको थिएँ, 'अहिले हाम्रो देशमा परिवर्तन आएको छ । परिवर्तनले थुप्रै कुरा परिवर्तन भइरहेका छन् । राष्ट्रियगान नयाँ लेखिने भएको छ । हिन्दु राष्ट्रबाट देश धर्मनिरपेक्ष भएको छ । झन्डा पनि परिवर्तन गर्ने कुरा उठिरहेको छ । नयाँ झन्डा आयो भने म तिमीलाई सबै अर्थहरू सम्झाउनेछु । अहिलेको झन्डा त पुरानै शाही सत्ताको निरन्तरता हो । यसले बोकेका अर्थहरू प्रस्ट्याउन सक्दिनँ म । उत्सुकता पनि छैन ।'

अमृतले आफ्नो प्रस्तुति सकेका छन् । युवतीले झन्डा अमृतलाई नै उपहार दिएकी छन् । हामी भास्करको पछि लागेर अमृत र उनको टोलीलाई भेट्न मञ्चको पछिल्तिर लस्किएका छौं ।

■ **मनोज दाहाल/नयाँदिल्ली** (तस्बिर पनि)


अमृतको गीतमा नेपाली भाषा नबुझ्ने हजारौं दर्शक कसरी रोमाञ्चित र तन्मय भइरहेका थिए

देशभित्र असाधारण प्रदर्शन गर्दै आइरहेको नेपाली क्रिकेटले यो साता सिंगापुरविरुद्ध त्रि-दिवसीय क्रिकेट खेल्ने क्रममा पुनः एकपल्ट घरेलु मैदानमा चमत्कार देखाएको छ । कीर्तिपुरको अन्तर्राष्ट्रिय मैदानमा कात्तिक २४ देखि २६ गतेसम्म भएको एसिसी प्रिमियर लिग प्रतियोगितामा नेपालले सिंगापुरलाई २ सय ५ रनको विशाल अन्तरले हरायो । यो सफलतासँगै यसै वर्षदेखि सुरु भएको एसिसी प्रिमियर लिग त्रि-दिवसीय प्रतियोगिताको फाइनलमा पुग्ने सम्भावनालाई नेपालले बलियो बनाएको छ ।

एसियाका उदीयमान पाँच राष्ट्र नेपाल, सिंगापुर, मलेसिया, हङकङ र संयुक्त अरब इमिरेट्स (युएई)लाई सम्मिलित गराएर एसियाली क्रिकेट महासंघ ( एसिसी)ले सुरु गरेको यो प्रतियोगितामा तीन खेल खेल्ने क्रममा नेपालले २ खेलमा जित र एकमा हार व्यहोरे पनि अंक तालिकामा सर्वाधिक ७९ अंक बटुलेको छ । नेपाल जति नै ३ खेल खेलेको सिंगापुर १ खेलमा विजयी र दुईमा हार व्यहोरे पनि ५९ अंकसहित दोस्रो स्थानमा छ । यसैगरी तीन खेल नै खेलिसकेको हङकङ दुई खेलमा पराजित र एक खेललाई बराबरीमा रोक्दै चवालीस दशमलव पाच अंकका साथ चौथो स्थानमा छ । दुई खेल खेलिसकेको मलेसिया भने एक खेलमा विजयी र एक खेललाई बराबरीमा रोक्दै पैतालीस दशमलव पाँच अंकका साथ तेस्रो स्थानमा छ । एक साताअघि मात्र नेपाललाई पराजित गरेर एउटै खेलबाट तीस दशमलव पाँच अंक बटुल्न सफल भएको युएई अंक तालिकामा पुछारमा रहे पनि यो टोलीको फाइनलमा पुग्ने सम्भावना बलियो छ । युएईले अझै सिंगापुर, मलेसिया र हङकङसँग खेल्न बाँकी छ ।

नेपाल चौथो तथा अन्तिम लिग खेलको रुपमा नोभेम्बर २४ देखि २६ तारिखसम्म क्वालालम्पुरमा मलेसियासँग हुने भिडन्तको तयारीमा छ । यो खेल बराबरीमा राख्न सफल भएको खण्डमा नेपाल प्रतियोगिताको फाइनलमा पुग्नेछ । तर, नेपालको समस्या नेपाली टोली स्वदेशी भूमिमा बाघ सावित भए पनि विदेशी भूमिमा मुसा बन्दै गइरहेको छ । पछिल्लो केही समयदेखि नेपाली खेलाडीहरू विदेशी भूमिमा राम्रो प्रदर्शन गर्नबाट चुक्दै आइरहेका छन् ।

यसै प्रतियोगिताअन्तर्गत हङकङसँग कीर्तिपुरमा भएको पहिलो खेलमा नेपालले भ्रमणकारी टोलीलाई १ सय ६५ रनले हराएको थियो । तर, त्यसको दुई सातापछि युएईसँग युएईको घरेलु मैदानमा दोस्रो खेल खेल्न गएको नेपाल ९७ रनले पराजित हुन पुग्यो । विदेशी भूमिमा खेलाडीहरूको लगातारको खराब प्रदर्शनका कारण आफ्नो पकडमा आइसकेको खेल गुमाउनु परेको तितो अनुभवका बीच प्रशिक्षक रोय लुक डायस मलेसियासँग क्वालालम्पुरमा हुने अन्तिम भिडन्तका लागि चिन्तित देखिन्छन् । 'हो, पछिल्लो समय यसलाई हामीले समस्याको रुपमा देखिरहेका छौं', डायस भन्छन । तर, डायस सधैं एउटै कहानी लगातार नदोहरिने र सिंगापुरविरुद्ध विशाल अन्तरको जितले सबै खेलाडीमा आत्मविश्वास बढेको बताउँछन् ।

प्रायः सधैं आलोचनाको पात्र बन्ने गरेको नेपाली ब्याटिङ सिंगापुरविरुद्ध पड्किन पुगेको थियो । यो खेलमा नेपालले अन्तिम इनिङमा चार सय दुई रनको विशाल विजय लक्ष्य सिंगापुरसामु राखेको थियो । 'हाम्रो विजयको आधार नै ब्याट्सम्यानले तयार पारेका थिए', सिंगापुरविरुद्ध ९ विकेट लिँदै उत्कृष्ट बलर घोषित भएका कप्तान विनोद दास भन्छन् । नेपालले पहिलो इनिङको सुरुवात गर्ने क्रममा नौ विकेटको क्षतिमा तीन सय १३ रन बनाएर इनिङ समाप्तिको घोषणा गरेको थियो । त्यसको प्रत्युत्तरमा सिंगापुरले ९० रन मात्र बनाउन सफल भयो र फलोअन जोगाउन असफल भयो । पहिलो इनिङको पहिलो सत्रमा ७४ रनमा माथिको चार विकेट गुमाइसकेको नेपाल प्रारम्भिक ब्याट्सम्यान परेश लोहनीको आकर्षक एक सय तीन रनको शतकीय इनिङ, महबुब आलमको विस्फोटक ७४ रन र पारस खड्काको ६९ रनका कारण बलियो स्थितिमा पुगेको थियो । उत्कृष्ट ब्याटसम्यान घोषित भएका परेश र महबुबले पाँचौं विकेटका लागि एक सय अठार रनको साझेदारी र परेश र पारसले छैटौं विकेटका लागि ८३ रनको साझेदारी गरेका थिए । सिंगापुरको पहिलो इनिङ चाँडै समाप्त पार्न कप्तान दासले पाँच विकेट झारेका थिए । सिंगापुर फलोअनमा परे पनि दोस्रो इनिङमा ब्याटिङ गर्ने निर्णय गरेको नेपालले ६ विकेटको क्षतिमा अझै एक सय ७८ रन जोड्दै इनिङ घोषणाको निर्णय गरेको थियो । दोस्रो इनिङमा सिंगापुर एक सय ९६ रन बनाउँदै अल आउट भएको थियो । दोस्रो इनिङमा नेपालका लागि महबुब र पारस दुवैले अर्धशतक बनाए । हङकङविरुद्धको खेलमा उत्कृष्ट खेलाडी घोषित महबुबले यो खेलमा पनि उत्कृष्ट खेलाडीबाट सम्मानित हुन दोस्रो इनिङमा ५१ रन बनाए । पारसले ५६ रन जोडेका थिए । सिंगापुरको दोस्रो इनिङमा पनि कप्तान दास नै घातक बने । उनले चार विकेट लिए ।

■ **नवीन अर्याल/काठमाडौं**

# देशभित्र बाघ



खेलका नायक : बायाँबाट क्रमशः कप्तान विनोद दास, महबुब आलम र परेश लोहनी




शिक्षा तथा खेलकुदमन्त्री मंगलसिद्धी मानन्धर



राखेप सदस्य सचिव जीवनराम श्रेष्ठ



# चर्किने छाँट

■ **नवीन अर्याल/काठमाडौं**

**कात्तिक २४ गते** राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले राजाको प्रत्यक्ष शासनकालमा भएका पन्ध्रवटा खेलकुद संघहरूको निर्वाचन बदर गर्ने निर्णय गरेपछि नेपाली खेलकुदमा एकपल्ट फेरि भुइँचालो गएको छ।

अन्तर्राष्ट्रिय मान्यताको नाममा प्रजातान्त्रिक मूल्य मान्यतालाई तीलाञ्जली दिँदै गैरप्रजातान्त्रिक विधानको निर्माण गरेर चुनाव जितेका संघका पदाधिकारीहरूलाई राखेपको यो निर्णयले सबैभन्दा ठूलो धक्का लागेको छ। राखेपको यो निर्णयले खेलकुद संघहरूमा आजीवन मनोनीत हुने चाहना बोकेका खेल पदाधिकारीहरूको होस हवास उडेको मात्र छैन, अन्तर्राष्ट्रिय मान्यताको आधारमा विदेशी डलरमा मोज गर्दै आइरहेका पदाधिकारीहरूको पर्दाफास हुने स्थिति सिर्जना भएको छ।

यद्यपि, राखेपले राजाको निरंकुश शासनकालमा भएका संघका निर्वाचनहरू बदर गर्न ढिलाइ गरेको गुनासो गर्नेहरूको जमात खेलकुदमा थुप्रै छ। तर, ढिलै भए पनि खेलकुदको लोकतान्त्रीकरणका लागि भएको निर्णय स्वागतयोग्य भएको बताउनेहरूको जमात पनि कम छैन, खेलकुदभित्र।

'संघहरूलाई लोकतान्त्रीकरण गर्ने परिषद्को निर्णय स्वागतयोग्य छ। परिषद्ले पन्ध्रवटा संघ मात्र नभई सबै संघहरूलाई लोकतान्त्रिक विधानअनुसार हिँडाउन सक्नुपर्छ', राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका महासचिव कुमार कार्की भन्छन्।

परिषद्को निर्णयलाई हालसम्म अन्य कुनै संघहरूले चुनौती नदिए पनि आर्थिकरुपले सबैभन्दा बलियो मानिएको अखिल नेपाल फुटबल संघ (एन्फा)ले भने प्रतिवाद गरेको छ। एन्फाले माघ १९ पछि भएको आफ्नो संघको निर्वाचन नियमसंगत भएको र यसमा शाही शासनकालको कुनै प्रभाव नरहेको बताउँदै परिषद्को निर्णयप्रति आफ्नो विमति रहेको जनाएको छ। यसैक्रममा एन्फाले परिषद्को निर्णयप्रति असन्तुष्टि जनाउँदै शिक्षा तथा खेलकुदमन्त्री मंगलसिद्धि मानन्धर तथा राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठसमक्ष ज्ञापनपत्र बुझाइसकेको छ। खेलसँग आबद्ध सबै संघहरूको लोकतान्त्रीकरण गर्दै लाने उद्देश्यअनुरुप परिषद्ले पहिलो कदमको रुपमा माघ १९ पछि राजाको प्रत्यक्ष शासनकालमा भएका एन्फालगायत पन्ध्र संघहरूको निर्वाचन बदर गर्ने निर्णय गरेको बताएको छ। तर, परिषद्को निर्णय नमान्ने एन्फा एक्लैको निर्णयपछि नेपाली खेलकुदको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् र अखिल नेपाल फुटबल संघबीच पुनः विवाद चर्किने छाँट देखिएको छ।

२०५७ सालमा एन्फाको निर्वाचन र एन्फाभित्र विद्यमान आर्थिक अनियमिततालाई लिएर राखेप र एन्फाबीच पहिलोपल्ट विवाद चर्किएको थियो। यो विषयलाई लिएर शिक्षा तथा खेलकुद मन्त्रालयले छानबिन समिति नै गठन गर्नु परेको थियो। समितिको त्यस बेलाको रिपोर्टले एन्फामा चरम आर्थिक अनियमितता भएको र एन्फाको वैधानिकतामै प्रश्न उठाए पनि अन्तर्राष्ट्रिय प्रभाव र फुटबलसँग लामो समयदेखि आबद्ध राजनीतिक दलका कार्यकर्ताहरूको प्रभावले गणेश थापाले परिषद् मात्र होइन, अख्तियारको घुँडा समेत टेकाएका थिए। लगातार १३ वर्ष एन्फा अध्यक्ष रहेका थापा अहिले पनि विदेशी प्रभाव र आफ्नो संघमा आबद्ध राजनीतिक दलका कार्यकर्ताहरूको समर्थन लिएर परिषद्सँग दोस्रो लडाइँ लड्ने मुडमा देखिन्छन्। फेरि, फिफा र एएफसीजस्ता अन्तर्राष्ट्रिय खेलसंस्थाले उनी निर्वाचित भएको कार्यसमितिलाई मान्यता दिइसकेको स्थितिमा उही समितिलाई तदर्थ समितिमा रुपान्तरण गर्नुले एन्फा र परिषद्बीचको लडाइँ लम्बिने देखिन्छ। 'माघ १९ संयोग मात्र हो। संघको निर्वाचन विधानअनुरुप समय सकिएपछि फिफा, एएफसी र तत्कालीन परिषद्को रोहवरमा भएको हो', अध्यक्ष थापाले कात्तिक २६ गते परिषद्लाई ज्ञापनपत्र बुझाउने क्रममा भने।

तर, फुटबलको राम्रो जानकारको रुपमा पनि चिनिने शिक्षा तथा खेलकुदमन्त्री मंगलसिद्धि मानन्धर आफूहरूले कुनै संघसँग विवाद नखोजेको, मात्र लोकतान्त्रिक मूल्य मान्यतालाई खेलकुदमा स्थापित गर्न खोजेको बताउँछन्। 'मुलुकमा यत्रो परिवर्तन भएको छ, त्यसलाई अरूले मात्र नभई खेलकुदले पनि आत्मसात गर्नु पर्छ भन्ने मान्यता हो। हामीले वहाँहरूलाई 'ताजा जनादेश' लिएर आउनु होस् भनेका मात्र हौं', मन्त्री मानन्धरले *समय*सँग भने। तर, विदेशीहरूको रोहवरमा निर्वाचन भएर मान्यता


एन्फा अध्यक्ष गणेश थापा

**लगातार १३ वर्ष एन्फा अध्यक्ष रहेका थापा अहिले पनि विदेशी प्रभाव र आफ्नो संघमा आबद्ध राजनीतिक दलका कार्यकर्ताहरूको समर्थन लिएर परिषद्सँग दोस्रो लडाइँ लड्ने मुडमा देखिन्छन् ।**

पाइसकेको परिप्रेक्ष्यमा निर्वाचित कार्यसमितिलाई नै तदर्थ समितिमा राख्ने परिषद्को निर्णय त्रुटिपूर्ण भएको बताउँदै थापाले पत्रकार सम्मेलनको आयोजना गर्दै भने -'हामीले तदर्थवाद स्विकारे पनि फिफा र एएफसीले आफैंले चुनाव गराएको संघलाई तदर्थ समितिको रुपमा स्विकार्दैनन् ।'

परिषद्ले एन्फाको निर्वाचन बदर गर्ने निर्णय गरे पनि अध्यक्ष थापा नै रहेको एन्फाको पछिल्लो नेतृत्वलाई नै तदर्थवादमा राखेर पुनः निर्वाचन गराउने निर्णय गरेको छ । 'यो बिल्कुलै राजनीतिक निर्णय हो । यसबाट हामी पछि हट्न सक्दैनौं', परिषद्का सदस्य-सचिव श्रेष्ठ भन्छन् ।

सबै संघहरूको विषयमा एउटै निर्णय हुँदा अरू सबै संघले परिषद्को निर्णय स्वीकार गर्नु तर एन्फाले अस्वीकार गर्नुमा फिफा र एएफसीभन्दा पनि फुटबल विकासको नाममा नेपालमा भित्रिने गरेको करोडौं रुपैयाँको चलखेल भएको जानकारहरू बताउँछन् । 'यो स्पष्टै छ । नत्र देशमा लोकतन्त्र स्थापना भएका बेला, संघमा आबद्ध जिल्लाहरूबाट 'ताजा जनादेश' लिएर आउनुहोस् भन्दा फिफा र एएफसीलाई आपत्ति हुने कारण नै छैन', राखेप कोषाध्यक्ष तथा पूर्व अन्तर्राष्ट्रिय फुटबलर अजर मानन्धर भन्छन् । एन्फाको पछिल्लो निर्वाचन २०६२ साल भदौ १७ गते होटल याक एन्ड यतीमा भएको थियो । त्यति बेला कार्यसमितिका सबै निर्विरोध निर्वाचित भएका थिए । करिब ५ करोड वार्षिक बजेट भएको एन्फा आर्थिकरुपले नेपाली खेलकुदकै सबैभन्दा बलियो संघ मानिन्छ । ■

# कहाँ छ अख्तियार ?

आर्थिक अनियमिततामा नेतादेखि व्यापारीसम्मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही गरेका प्रशस्तै उदाहरणहरू छन् । तर, जब खेल क्षेत्रको कुरा आउँछ, अख्तियार प्रायः मौन देखिने गर्दछ । खेलकुदमा लामो समय बिताएका व्यक्तिहरूको अख्तियारसँग गुनासो पनि यही रहने गर्दछ । खेल जानकारहरू नेपाली खेलकुदमा करोडौं रुपैयाँको अनियमितता हुँदा पनि अख्तियार मौन रहेकोमा दुखेसो पोख्छन् । 'बाहिरबाट झट्ट हेर्दा यो क्षेत्रमा केही देखिँदैन । तर, भित्र छिरेर हेर्ने हो भने यहाँ अथाह सम्पत्ति छ, जसको हिसाब किताब नै देखिँदैन', नेपाल ओलम्पिक कमिटीका सदस्य तथा अधिवक्ता उपेन्द्र केसरी न्यौपाने बताउँछन् ।

नेपालमा मार्सल आर्टमा वर्षमा करोडौं रुपैयाँ उठ्ने तर त्यो रकममा अनियमितता हुने गरेका थुप्रै प्रमाण बेलाबेलामा सार्वजनिक भइसक्दा पनि अख्तियारले अहिलेसम्म कुनै पनि संघका पदाधिकारीउपर कारबाही गर्न सकेको छैन । यतिमात्र होइन, अन्तर्राष्ट्रिय मान्यताको आधारमा विभिन्न संघहरूमा आर्थिक अनुदानको रुपमा मोटो रकम भित्रिने गरे पनि, यसको स्पष्ट हिसाब नदेखाएर करोडौं रुपैयाँ भ्रष्टाचार हुने गरेको छ ।

खेलकुद जानकारहरू नेपाली खेलकुदको विकास र विस्तारका लागि स्थापना भएको र सबै संघहरूलाई आफ्नो अंकुशमा राख्दै आइरहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) संघहरूको हिसाब-किताब व्यवस्थित राख्ने मामिलामा उदासीन भएका कारण संघहरूमा आर्थिक अनियमितता हुने गरेको आरोप लगाउँछन् । संघमा 'हाइ प्रोफाइल' व्यक्तिहरू बस्ने परिपाटी र विधान मिचेर काम गर्दा समेत परिषद् मुकदर्शक बनेर बस्ने पुरानै ढर्राले अनियमिततालाई प्रोत्साहन मिलिरहेको उनीहरूको तर्क छ ।

'परिषद्को लापरवाहीका कारण आर्थिक अनियमितता हुने गरेको उदाहरण हामीसँग थुप्रै छन् । त्यसमा पनि अख्तियार मौन बसिदिनुले खेलकुदमा ब्रह्मलुट मचाउने पदाधिकारीहरूको संख्या बढ्दै गइरहेको छ', खेलकुद विकास विभाग प्रमुख कमल खनाल भन्छन् । उनी अख्तियारले व्यक्ति हेरेर मुद्दा छिनोफानो गर्ने गरेको दुखेसो पोख्छन् ।


'परिषद्का कर्मचारी धर्ममान बज्राचार्यको चिठी पेस गरेकै आधारमा जागिर गयो । तर, २०५७ सालमा शिक्षा तथा खेलकुद मन्त्रालयले एन्फाको विषयमा छानबिन समिति गठन गरेर यस संघमा करोडौं रुपैयाँ आर्थिक हिनामिना भएको छ भन्ने प्रमाणसहित निराला आयोगको रिपोर्ट सार्वजनिक गरेर अख्तियारमा मुद्दा दायर गर्दा पनि अख्तियारले छानबिन प्रक्रिया अगाडि बढाएन', खनाल गुनासो गर्छन् ।

यति मात्र होइन, उनी मार्सल आर्टको नाममा मासिक रुपैयाँ उठाउने गरिए पनि यसको हिसाब-किताब राम्रोसँग नराखेर भ्रष्टाचार गरिएको बताउँछन् । 'परिषद्मा कार्यक्रम नै स्वीकृत नगरी सदस्य-सचिववाट खर्च गर्ने चलन छ । परिषद्को बोर्ड मिटिङ नै नबसी संघहरूलाई दिने भनिएको अनुदान क्लबहरूलाई बाँडेर हिसाब-किताब नै देखाउने गरिँदैन', परिषद्बाटै हुने गरेको अनियमितताको विषयमा खनाल भन्छन् ।

खेलकुदमा हुने गरेका आर्थिक भ्रष्टाचारमा अख्तियार मौन रहेका कारण पछिल्लो समय यस क्षेत्रमा ब्रह्मलुट झनै बढेको छ । मार्सल आर्टबाट मासिकरुपमा उठाइने शुल्क, ग्रेडिङ, डान सर्टिफिकेट, परिषद्मातहत काठमाडौंमा रहेको दुईवटा स्विमिङ पुलबाट उठने गरेको रकम र परिषद्को भौतिक पूर्वाधारबाट उठ्ने गरेको रकमको हिसाब गर्ने हो भने मात्र परिषद्लाई वार्षिक ५० करोडभन्दा बढी आम्दानी हुने गरेको परिषद्का कर्मचारीहरू बताउँछन् । तर, यसको हिसाब अहिलेसम्म न परिषद्सँग छ न त संघहरूसँगै । ■

# बालबालिकाको खुराक

**कार्तिकेय घिमिरे** बालसाहित्य लेख्छन्, पछिल्लो समय उनी बाल अधिकारकर्मीको रुपमा परिचित छन्। पछिल्लो पटक उनको 'पिरिरिज प्याट्रिओटिज्म' नामक बालकथा संग्रह सार्वजनिक भएको छ, जसमा २५ थान कथा संगृहित छन्। यसअघि नै उनका दर्जनभन्दा बढी किताब सार्वजनिक भएका छन्। त्यसो त उनले ketaketi.org नामक वेभ साइटमार्फत अनलाइन पत्रकारिता गरेर बालसाहित्यको प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। कार्तिकेयमा बालकथा लेख्ने विशिष्ट शैली छ, उनी आफ्ना कथामा बालमनोविज्ञानको प्रचुर प्रयोग गर्न माहिर छन्। प्रस्तुत संग्रहमा रहेका कथामा उनले विविध विषयवस्तु पस्कने जमर्को गरेका छन्, बालअधिकार, नैतिक मूल्यमान्यता, देशभक्ति, विश्वबन्धुत्व, मानवतालगायत विषयमा सन्देश सम्प्रेषण भएको पाइन्छ, यी कथा पढेपछि।




बाल्यावस्था साँच्चिकै कल्पनाशीलताले भरिएको हुन्छ, यो किताबका कथाले बालबालिकासँग सम्बन्धित समग्र पक्षलाई उजागर गरेका छन्। घिमिरेले बालबालिकाको मनोबल र व्यक्तित्व विकास बढाउने खालका विषयलाई पनि समेटेका छन् कथामा। 'यु अल क्याप'मा शारीरिक रुपले अपांग भए पनि बौद्धिकरुपले सक्षम बच्चाको कथा समेटिएको छ, जुन बालबालिकाको लागि अनुकरणीय बन्न सक्छ।


घिमिरेले सामाजिक विषयवस्तुलाई व्यंग्यात्मकरुपले पनि पस्केका छन्, आफ्ना कथामा, ती कथामा व्यंग्यको माध्यमबाट सामाजिक सन्देश पनि प्रवाह गरिएको पाइन्छ। 'फ्रग्स डेमोक्रेसी' र 'चिटी प्लेड होली' कथामा एकतालाई जोड दिइएको छ, एकता हुन नसक्दा पर्ने असरबारे प्रकाश पारिएको छ। 'पिरिरिज प्याट्रिटिज्म', 'द टेम्पल अफ हर्ट', 'युनिटी'लगायत कथामा हरेक मानिसले निर्वाह गर्नुपर्ने कर्तव्य र जिम्मेवारी चित्रण गरिएको छ। कार्तिकेयका कतिपय कथामा पारिवारिक माया, ममता, मित्रताका साथै सांस्कृतिक विषयलाई पनि उत्तिकै महत्त्वका साथ अभिव्यक्त गरिएको पाइन्छ। 'दसैं', 'भाइटीका', 'लड्डुज अफ लफ'मा यस्तै जीवन्त मायाप्रेम अभिव्यक्त गरिएको पाइन्छ। सारमा भन्नुपर्दा घिमिरेका सबै कथा पठनीय छन्, बालबालिकाको लागि गहकिलो खुराक सावित भएका छन्। नेपाली बालकथाका किताबहरू थोरै मात्रामा अंग्रेजीमा प्रकाशन भएको परिप्रेक्ष्यमा यो कृतिले बालसाहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ।

वरिष्ठ साहित्यकार डायमन्ड शमशेर राणा लेख्छन्, 'घिमिरेको कथा लेखन शैली प्रशंसनीय छ, उनका कथाले केवल मनोरञ्जनमात्र दिँदैनन्, पाठकमा उत्सुकता जगाउँछन्।' ■

# व्यंग्यमा जीवनका भोगाइ

*गलामा पासो, कानमा मुन्द्री, काँधमा*
*कालो जुल्फी।*
*बात के गर्नु, हरदम तातो हातमा*
*लामो सुल्फी।*
*हो तिम्रो यो रूपै अनौठो।*
*यो शिक्षाको तुरुपै अनौठो।*

**यी माथिका** पंक्तिहरू नेपालको सन्दर्भमा शिक्षा क्षेत्रमा ठ्याक्कै मिल्छ। पत्रकार धर्मेन्द्र झा अर्थात् साहित्यिक फाँटमा उनी आफूलाई धर्मेन्द्र विह्वल भनेर चिनाउन चाहन्छन्। डेढ दशकभन्दा लामो आफ्नो पत्रकारिताको अनुभवका क्रममा भोगेका वास्तविक घटनालाई लेखकले 'कौशलका परिहास'मार्फत व्यंग्यात्मक ढंगबाट पोखेका छन्। केही समय अघिसम्म आफू संलग्न दैनिक पत्रिकामा साहित्यिक नामबाटै यस्तै नेपाली समाजका विकृतिलाई प्रहार गर्न उनका कलम घोटिन्थे। लेखकले नेपालको समसामयिक राजनीतिदेखि शैक्षिक विकृति र नेपाली रहनसहनमा देखिएका आधुनिकताका साथै साहित्यिक क्षेत्रमा भित्रिएका विकृतिलाई समेत साहित्यिक रंगरोगन गरेर प्रहार गर्न सफल भएका छन्। उनको प्रस्तुति जोकोहीले पनि बुझ्न सक्ने खालका छन्, यसलाई पनि पुस्तकको विशेषता मान्न सकिन्छ। लेखकले बोतलको प्रजातन्त्र शीर्षकमा प्रजातन्त्रप्रतिको नेपाली बुझाइप्रति पनि गहिरो चिन्ता पोखेका छन्। लेखकले एसएमएस आतंकमार्फत नेपालमा मौलाउँदै गएको मोवाइल संस्कृति र त्यसको दुरुपयोगको पनि व्यंग्य गरेका छन्। पुस्तकले हास्यव्यंग्यका पाठकलाई रामै खुराक पस्किएको छ।




तराईमूलका लेखक भए पनि कौशलका परिहासमा नेपाली ठेट शब्दहरू बडो सरलरुपमा प्रस्तुत गर्न सफल भएका छन्, विह्वल। चेतनाको हिसाबले आम नेपाली जुन स्तरमा छन्, त्यो स्तरको अन्य क्षेत्रमा विकास नभएका कारण नेपालीहरूले अरूको देखासिखीको नाममा आफैंलाई बर्बाद गर्ने संस्कृतिप्रति लेखकले चिन्ता व्यक्त गरेका छन्। साहित्यमा सबैभन्दा कठिन विधा हास्यव्यंग्यलाई मान्नेहरूको जमात धेरै नै छ। लेखकको मातृभाषा मैथली भए पनि उनले यस पुस्तकमा देखाएको ग्रामीण नेपाली शब्द समायोजन भने प्रशंसनीय छ। ■




किताब : साँढेको दाइँ
लेखक : विवश पोखरेल
पृष्ठ : ७०
मूल्य : रु ५०/-
प्रकाशक : ज्योति साहित्य प्रतिष्ठान



किताब : पद्मसिंह विश्वकर्माको अविछिन्न जीवनगाथा
लेखक : सरोज दिलु
पृष्ठ : ७०
मूल्य : रु ५०/-
प्रकाशक : जन उत्थान प्रतिष्ठान



किताब : विधवा भाउजूहरूको देश
लेखक : विष्णु सुवेदी
पृष्ठ : ७९
मूल्य : रु ४०/-
प्रकाशक : विवेकसिर्जनशील प्रकाशन प्रालि




किताब : नानीकी आमा
लेखक : रामप्रकाश पुरी
पृष्ठ : २२८
मूल्य : रु १६०/-
प्रकाशक : सर्म-धन अध्ययन प्रतिष्ठान

# अचम्म मित्रता

■ रत्नमणि नेपाल

**एकप्रकारको निद्राबाट** ब्यूँझिएर बिहान सुरु हुनासाथ सहरका आम मानिसलाई अखबारका शीर्षकले झसंग पारे । सदाझैं तर अलिक कलात्मक शैलीमा छापिएका ती शीर्षकहरूले चलिरहेको शान्तिवार्ताबारे केही बोलिरहेका थिए । शान्तिवार्तालाई व्यग्रताका साथ नियालिरहेका आम मानिसलाई अखबारको समाचारले झनै व्यग्र बनायो । शीर्षकमा लेखिएको थियो -'शान्तिवार्ता अनिश्चित, असहमतिको दूरी बढ्यो'

पदमजी पातलो आधा बाउला भएको टि-सर्ट लाएर अखबार हेर्दै थिए । उनी एकदमै आत्तिएकोजस्तो देखिए । उनी घरबाट फुत्तै निस्किए । काठमाडौंमा चिसो सुरु भइसकेको थियो, तर उनले न सर्ट फेर्न भ्याए, न स्वेटर-ज्याकेट खोज्न नै ।

कृष्णजी कौसीमा बिहानको पोसिलो घाम ताप्दै अखबार नै हेरिरहेका थिए । उनले बाक्लो ज्याकेट, ढाकाको टोपी र गलामा मफलर गुँथेका थिए ।

पदमजी एकतलामाथि उक्लिएर त्यही कौसीमा पुगे । 'काठमाडौंमा चिसो हुने मौसम कात्तिकको अन्तिम साता हो । तिमीले त अहिल्यै माघ लागे जस्तोगरी कपडा लगाएका छौ', उनले भने ।

कृष्णजी बोले, 'यसचोटि जाडो सुरु भइसकेको छ, गएको साता पानी पऱ्यो ।'

पदमजी छेवैको कुर्सीमा बसे । उनले भने, 'अखबारले आजभोलि मान्छेको बिहान त्यतिकै खाइदिन्छन् ।'

'सामान्यतया बिहानको समय काट्न अखबारले मद्दत गर्छ', कृष्णजीले भने ।

'यो सब तिमीहरूको नाटकमात्र हो, सब देखावटी हो । तिमीहरू अखबारमा विश्वास गर्दैनौ । अखबार पढे जस्तोगरी तिमीहरू घाम ताप्छौ । तिमीहरूले अखबारलाई अन्त्य गर्न छापाखाना फोड्यौ, आगो लगाउन हुल्याहाहरूलाई उकास्यौ । तिमीहरू आन्दोलनदेखि आत्तिएका थियौ', पदमजी एक्कासि चर्किए ।

कौसीमा उनीहरू दुईजना बाहेक अरू कोही पनि आएनन् । वरिपरिका घरहरूमा पनि कोही नभएकोजस्तो देखिन्थ्यो । दुई तीनवटा कागहरू भने उडेका थिए ।

पदमजीले भने, 'तिमीहरूले झूटको खेती गर्न निकै मिहिनेत गरेका थियौ । तिमीहरू अवसरवादी हौ । राष्ट्रियता र आतंक तिमीहरूका प्रिय शब्द बनेका थिए । तिमीहरूले राष्ट्रवादका नाममा मान्छेलाई अलमल्याउन खोजेका थियौ । आतंकको भय देखाएर आतंक बचाउन खोजेका थियौ । तिमीहरूको बुद्धि कुरूप र विद्रूप भइसकेको थियो । जसले तिमीहरूलाई जे पनि आतंक र राष्ट्रियताजस्तो देखाउँथ्यो । वास्तवमा तिमीहरूका लागि आतंक, शान्ति र राष्ट्रवाद एउटै थिए ।'

'होइन, त्यस्तो थिएन', कृष्णजीले मलीन प्रतिवाद गरे ।

'तिमी आफ्नो नांगो चरित्रलाई शान्ति र प्रजातन्त्रको नयाँ परिभाषाले छोप्न चाहन्थ्यौ । तिमी २०३६ र ०४५ सालका आफ्ना कर्तुतलाई राष्ट्रवादी लगानी भनेर प्रमाणित गर्न चाहन्थ्यौ । तिमीलाई गोलीकाण्डमा मुछिँदाको फाइल गायब बनाउनु थियो । तिमी चोर थियौ तर राष्ट्रका लागि चोरेको भन्ने देखाउन चाहन्थ्यौ । तिमी खुनी थियौ तर शान्तिका लागि खून गरेको भन्ने प्रमाणित गर्न चाहन्थ्यौ । तिमीले हारिसकेका थियौ तर आफूलाई विजेता देखाउन राष्ट्रवादी गीत बजाएर सेनाको अघिअघि हिँड्थ्यौ । तिमीहरू घोर अराष्ट्रवादी हौ ।'

कृष्णजी बेलाबेला कौसीबाहिर आँखा लगाउँथे । अग्ला घरहरूले छेल्न नसकेका सीमित ठाउँबाट एक सानो आकाश देखिन्थ्यो । पदमजी चलमलाइरहन्थे । उनी एकछिन दाहिने खुट्टा देब्रेमाथि राख्थे अनि एकछिनमा फेरिहाल्थे । उनलाई निकै हतारो परेको जस्तो देखिन्थ्यो ।

'तिमीहरूले कति सोझा सीधा मान्छे मारेका छौ, त्यो हामीलाई थाहा छ । तिमीहरू कसरी पैसा कमाउँछौ भन्ने पनि हामीलाई थाहा छ । तिमी कसरी राष्ट्रवादी हुन पुग्यौ, तिम्रो राष्ट्रवाद के हो, हामी प्रस्ट जान्दछौं । तिमीहरूको इतिहास अपराध, झूट, षड्यन्त्र र भ्रमको इतिहास हो ।'

पदमजीले एकछिन रोकिएर भने, 'घरबाट निस्किने कुनै वातावरण तिमीहरूलाई थिएन । डराएर तिमीले मलाई कतिचोटि फोन गऱ्यौ । तिम्री स्वास्नी मेरोमा कतिपटक धाइन् । तिमीले एकदिन राति पाँचपटक फोन गरेका थियौ । पहिलो पटक सोध्यौ - सडकका मान्छे को हुन् ? दोस्रो पटक भन्यौ - हाम्रो तेइस हजार मान्छे मार्ने योजना छ । तेस्रो पटक सोध्यौ - मन्त्री खाने विचार छ ? चौथो पटक भन्यौ - तिमीहरूको बाह्रबुँदे सम्झौताको भारत र अमेरिकाले विरोध गरिसके । रक्सी खान आऊ । पाँचौंपटक सोध्यौ - के छ तिमीहरूको योजना ?'

कृष्णजीले पदमजीका कुरामा त्यति ध्यान दिएकोजस्तो देखिएन । उनले हातमा पत्रिका बोकेका थिए । बेलाबेला त्यसले हम्किन्थे उनी । पदमजी कुर्सीबाट उठौंलाझैं गर्थे । उनी स्थिर थिएनन् । एकछिनमा उनी झट्टै उठे । 'म अब यहाँ बस्तिनँ' उनले भने । फटाफट भुइँतलामा झरेर उनी बाटो लागे ।

अखबारहरू समाचार छापिरहेकै थिए । आइतवारको तुलनामा सोमवारका समाचारहरू एकदमै फरक हुन्थे । त्यसकारण प्रत्येक दिनका समाचार उत्तिकै महत्त्वपूर्ण हुन्थे । बिहान हुनासाथ आम मानिस अखबारतिर तानिन्थे । बिहान एकपल्ट प्रायः अखबारका शीर्षक नहेर्दा मानिसहरूलाई दिनभरि जीउ चिलाइरहन्थ्यो । पत्रिकाको व्यापार राम्रै भएको थियो । प्रायः मानिसहरू सम्पादकीयमा अन्तरनिहित बौद्धिक तर्क नबुझिने हुनाले केवल शीर्षकका निम्ति मूल्य तिर्थे ।

त्यो दिनको शीर्षक थियो - शान्तिवार्ता सकारात्मक दिशातर्फ, जेठमा संविधानसभा हुने...

पत्रिका बाँड्नेले बाटोबाट फालेर आफ्नो घरको कौसीमा खसाइदिएको पत्रिकामा सरसर्ती नजर लगाउनासाथ कृष्णजीलाई चियाको समेत वास्ता भएन । चिया नपिई दाँत समेत नमाझ्ने त्यो ५१ वर्षको मान्छे घरको गेटबाट बाहिर निस्कियो । गेटबाहिर निस्कनासाथ पछि फर्केर गेट बन्द गर्ने बानी थियो उसको । त्यसलाई पनि आज उसले बिर्सियो । सधैं एउटा हात राम्रैसँग हल्लाएर हिँड्ने त्यो मान्छेले दुइटै हात बेग्लै ढंगले पाइन्टका गोजीमा खाँदिको थियो ।

कृष्णजी सरासर पदमजीको घरमा पुगे । पदमजी छोटो टेबलमा लत्रिरहेको पत्रिकामा परैबाट आँखा लगाइरहेका थिए । छेवैमा चियाको कपबाट तातो बाफ मास्तिर उडिरहेको थियो ।

कृष्णजीले कुर्सीमा बस्दै भने, 'पत्रिकै पढेर तिमीले पनि सारा कुरा बुझ्नु पर्ने भए तिमी किन आन्दोलनमा गयौ ?'

पदमजीले कृष्णजीतिर फर्किंदै भने, 'आन्दोलनमा जानुपर्थ्यो । निरंकुशतालाई समर्थन गर्न हामी कसरी सक्थ्यौं ? आन्दोलन र समाचार अलग अलग कुरा हुन् ।'

'होइन, आन्दोलन र समाचार एउटै कुरा हुन् । तिमीहरू आन्दोलनले नै सबैकुरा हुन्छ भन्थ्यौ । त्यसो भन्नु एउटा समाचार शिवाय केही पनि थिएन । समाचार तिमीहरूलाई आन्दोलन गर्ने एउटा

बहानामात्र थियो । वास्तवमा न समाचारमा सत्यता थियो न आन्दोलनमा । धेरै नेपालीहरूको महत्त्वपूर्ण समय अनावश्यक रुपमा खेर गयो ।'

'तिमीजस्तो मान्छेले त्यसो भन्न मिल्दैन', पदमजीले सामान्य प्रतिरोध गरे ।

'तिमीहरू घोर अवसरवादी हौ । आन्दोलन नभएको थियो भने पनि तिमीहरू समाचार बनाउँथ्यौ र कुनै अर्के आन्दोलनको उद्घोष गर्थ्यौ । पहिले प्रजातन्त्रको सरकारमा सांसद र मन्त्री हुँदा तिमीले भ्रष्टाचार गरेको इज्जत जोगाउन तिमी आन्दोलनकारी भएका थियौ । तिमीलाई आयोगले थुन्छ र बर्बाद होइन्छ भन्ने डर थियो । भारत र अमेरिकाको दलाल बनेर आन्दोलन उकास्यौ र आफूलाई निष्कलंक प्रमाणित गर्‍यौ ।'

पदमजी केही पनि बोलेनन । उनले केवल सुन्ने धैर्य मात्र गरे ।

'तिमीहरू प्रजातन्त्र नामक भ्रमको खेती गरिरहेका छौ । अहिले अब तिमीहरूको वीउ फेरिएर गणतन्त्र भएको छ । त्यही गणतन्त्रको वीउ रोपेर तिमीहरू आफूलाई जनताको नजरमा चोख्याउन चाहन्छौ । आन्दोलनमा तिमीहरू चोखिन गएका हौ । तिमीहरू कति पानीमा छौ भन्ने कुरा जनतालाई थाहा छ ।'

पदमजीले लगभग चिया पिइसकेका थिए । उनले कृष्णजीलाई चियाका बारेमा सोधेनन् । पदमजीले यस पटक हेर्दा कृष्णजीको अनुहार एकदमै आत्तिएको र रातो पनि थियो । उनी बोले 'तिमीले त्यसो भन्न मिल्दैन । नब्बे प्रतिशत जनता सडकमा थिए । ती सबै भ्रममा थिएनन् ।'

'समाचार भ्रम थियो । अखबार भ्रम थियो । त्यही समाचार बोकेर निस्किएका मान्छे पनि भ्रममै थिए । वास्तवमा केही पनि भएको थिएन, तर त्यही कुरा अखबारले लेखे । अखबार र समाचारलाई विश्वास गर्ने मान्छेहरू सडकमा अनाहकमा निस्किएका थिए । तिमीहरू त्यही चाहन्थ्यौ ।'

'स्थिति त्यस्तो थिएन । तिमी त्यसै बर्बराउँदै छौ', पदमजीले प्रतिवाद गर्न खोजे, तर निकै मलीन स्वरमा । त्यो घरमा अरू मान्छे भएको संकेत कति बेला कति बेला सुन्न सकिन्थ्यो । एउटा विदेशी कुकुर एकपटक बैठक कोठामा पसेको थियो । त्यो कुकुर पहिला पदमजीलाई अनि कृष्णजीलाई सुँघेर सरासर बाहिरिएको थियो ।

कृष्णजी बडो अव्यवस्थित ढंगले कुर्सीमा बसेका थिए । उनका दुइटै खुट्टा कुर्सीमाथि नसमेटिएर गोलीगाँठो तलको भाग फुत्त फुत्त बाहिर निस्किएको थियो । पदमजी भने शान्तसाथ बसेका थिए । उनी बेला बेला पत्रिकामा आँखा पनि लगाउँथे ।

कृष्णजी फेरि बोले, 'तिम्री स्वास्नीले दिउँसोको खाजा र चिया बिरलै यो घरमा खाइन् होला । व्यापारीहरू त तिमीहरूलाई ठाडै बेवास्ता गर्थे । मसँगै तिमीले तीनचोटि बीसबीस हजार रुपैयाँ लिइसकेका थियौ । रातभरि निद्रा नलागेर तिमीले मलाई आधा रातमा कतिचोटि फोन गर्‍यौ । आन्दोलनमा जथाभावी गोली चलाउन आदेश देऊ भनेका थियौ ।'

उनीहरूको यो संवादले आधा घन्टा नाघिसकेको थियो । पदमजी सामान्य र धैर्य देखिन्थे । कृष्णजीले धेरैपल्ट आफ्नो बसाइ फेरिसकेका थिए । चालीस मिनेटपछि कृष्णजी आएकै बाटो हतारहतार फर्किए ।

पत्रिका पसलमा मान्छेहरूको घुइँचो थियो ।

बुधवारको शीर्षक थियो - वार्ताले सकारात्मक निकास दिनेमा सरकार आशावादी । सँगसँगै अर्को शीर्षक पनि थियो - यस्तै रवैयाले निकास निस्कँदैन ।

मानिसहरू त्यस दिनको समाचारबाट वास्तवमै भ्रमित भएका देखिन्थे । वार्ता जसरी भए पनि मिल्छ भन्ने र वार्ता कुनै हालतमा मिल्दैन भन्ने दुईथरि झुन्डबीच घट्टेकुलोमा चर्काचर्की पनि भयो । कति मान्छेले संकेत नराम्रो छ भनेर टिप्पणी गरे ।

त्यसै दिन सात बज्न दस मिनेट बाँकी छँदा पदमजी र कृष्णजीले फोनमा कुरा गरे । उनीहरू अनामनगरको बेकरी क्याफेमा समयमै भेला भए । दुवैले चिसो छेक्ने ज्याकेट लगाएका थिए । दुई कप कफीको अर्डर भयो । दुवैमा चिनी कम राख्न अनुरोध गरियो ।

एफएम रेडियोमा कुनै नेताको अन्तर्वार्ता प्रसारण भइरहेको थियो । पसलको मालिक अखबार घुमाई घुमाई पढिरहेको थियो ।

कफी टेबलमा आइपुग्नुअघि नै कृष्णजीले भने, 'तिहारमा यसचोटि ठूलै खेल भयो । यस्तो त पहिले कहिल्यै भएको थिएन । एक दिनमा डेढ लाखसम्मको हारमार भयो । मेरै गयो डेढलाख ।'

पदमजीले भने, 'तिहार मेरो कहिल्यै राम्रो भएको छैन । समग्रमा चारपाँच लाख सकिन्छ । खासमा खानपान र जुवामा बढी जान्छ ।'

उनलाई बीचैमा काट्तै कृष्णजी बोले, 'ठिकै छ, परम्परा मनाउने कुरा हो । हामी नेपालीको महान् चाड । फूलको चाड, उज्यालोको चाड ।'

टेबलमा कफी आइपुगेको थियो । दुवैले हल्का ढंगले कप समाए । कफीको पहिलो चुस्की लिँदै पदमजीले सोधे, 'सबै नेपालीका चाड हुन् र दसैंतिहार ? कसैले मनाउँछन्, कसैले मनाउँदैनन् ।' कृष्णजीले अनभिज्ञता प्रकट गर्दै भने, 'ए ! हो र ! होइन होला त्यस्तो । नेपालीहरू सबैले मनाउँछन् होला । हँ ?'

पदमजी अल्मलिएकाजस्ता देखिए । उनी सामान्य चलमलाए । उनले भने, 'चिसो निकै बढेजस्तो छ । बिहान बेलुका त झनै ।'

कृष्णजी कप उठाएको स्थितिमा थिए । 'जाडो खासमा रमाइलै हुन्छ', उनले भने ।

एकछिन दुवै चुप रहे । पदमजीले मौनता चिर्दै भने, 'मेरी छोरीले पनि बीस हजार हारिछ । केटाकेटी ।' उनी कफीको पैसा तिर्न उठे । मालिक पत्रिकामा एकोहोरो भएजस्तो देखिन्थ्यो । ऊ सम्पादकीय पेज पढिरहेको पदमजीले देख्नासाथ उनले उसलाई चाँडो पैसा लिन भने । उसले एक हातले पत्रिका समातेर अर्को हातले पैसा लियो ।

बिहीवार बिहान पनि मानिसहरूका आँखा पत्रिकाका शीर्षकमै थिए । शुक्रवार पनि त्यस्तै स्थिति थियो शनिवार पनि तर पदमजी र कृष्णजीको मित्रताको बारेमा अनुमान लगाउनु मानिसहरूका लागि एकदमै गाह्रो काम हो । ■

## कविता

# कुकुर डोर्‍याइरहेको बूढो मान्छे



■ खड्ग सेन ओली

खरी झरेको मादलको धोत्रो ताल हो कि
क्षतबिक्षत पारिएको लोकभाकाजस्तो
कता कता,
खहरेले बगाएर अप्ठेरोमा अँचेटेको नाङ्गो उत्तिसजस्तो
अझै नजिक पुगेर हेर्छु
शरीरभरि निला ईट्टा छापेर मुस्कुराउने आफनै हजुरबाजस्तो
कुकुर डोर्‍याइरहेको बूढो मान्छे !

म लेखिरहेको छैन
पटक पटक रेबिजको धारिलो चुम्बन सामू पराजित
उन्का आफन्तहरुको कहालीलाग्दो प्रेमकथा
अथवा दर्जनौपल्ट एम्बुसमा परेर पनि
उनकै शरीरमा झुण्डिरहको दौरा–सुरुवाल
र, जीउमा यत्रतत्र कुँदिएका रक्ताम्य प्रेमलिपिको आलो बास्ना
म केहि लेखिरहेको छैन

अर्कोतिर
छमछम संगीतसँगै
उस्का आँखामा तैरिरहेको भयानक दुःस्वप्न
वा तीखा दाँतका कुनामा अल्झेको नुनिलो इतिहास
वा उस्ले नङग्रामा जतनसाथ लुकाइराखेको
जङ्गली सभ्यताका अर्धकट्टी अवशेषहरु
केहि लेखिरहेको छैन म यो कवितामा
उस्को आज्ञाकारी व्यक्तित्वभित्र  आसीन घातक आत्मीयता
वा जिब्रोबाट हर्दम चुहिरहने विषालु र्‍याल
म केहि लेखिरहेको छैन

रेबिजले ग्रस्त एउटा भलादमी कुकुरको
नसानसामा बगिरहेको हिंस्रक ढुकढकी
वा मेरै हजुरबाजस्तो बुढो मान्छेको निस्पृह नाडीघडीको कविता
म केहि लेखिरहेको छैन
बस् हेरिरहेछु
कुकुर डोर्‍याइरहेको बूढो मान्छे !

खरी झरेको मादलको धोत्रो ताल हो कि
क्षतविक्षत पारिएको....................

# नाटकै नाटक

■ घिमिरे युवराज (तस्वीर : तेज बस्नेत)



हेनरिक इब्सनको जन्म सन् १८२८ मा स्टेकम्यान्स भन्ने सहरमा भएको थियो। सन् २००६ मा उनी बितेको सय वर्ष पुगेछ। यसै अवसरमा इब्सनको नाममा संसारभरि थुप्रै कार्यक्रम भइरहेका छन्। उनलाई सम्झँदै उनका कविता, नाटक र जीवनीमाथि रंगमञ्चमा अनेकौं प्रयोग भइरहेको छ।

यसै अवसरमा नेपालमा पनि आरोहण गुरुकुलले इब्सन अन्तर्राष्ट्रिय महोत्सव मनायो। कार्तिकको १५ गतेदेखि २५ गतेसम्म चलेको यस महोत्सवमा नेपाल, बंगलादेश, भारत, नर्वे र पाकिस्तानको सहभागिता रहेको थियो। महोत्सवमा दसवटा नाटकको मञ्चन र एउटा सांगीतिक प्रस्तुति थियो। हरेक दिन एउटै नाटकको दुईवटा प्रदर्शन गरियो। हरेक दिन दर्शकको भीड लाग्थ्यो। केही नाटकमा त ठाउँ नपुगेर दर्शक फर्किए।

महोत्सवमा सबै नाटक इब्सनका थिए। आरोहणले महोत्सवको पहिलो दिन 'द मास्टर बिल्डर'को नेपाली रुपान्तरण महान शिल्पीको मञ्चन गर्‍यो। सुनील पोखरेलको निर्देशन तथा अभिनय रहेको यस नाटकमा वीरेन्द्र हमालले सुन्दर मञ्च बनाएका छन्। शिल्पीकार चरित्र रहेको यस नाटकमा 'जोमेट्रिक सेट'को अर्थ लाग्यो। पूर्वाभ्यासको कमी र पात्रहरूको उस्तै छनोटले होला यो नाटक हेर्दा पुतलीको घरको 'पोस्ट प्रोडक्सन' जस्तो लाग्थ्यो। राघव मल्लको भूमिकामा महेश शाक्य र कान्ताको भूमिकामा पशुपति राईको अभिनय कमजोर थियो। डाक्टर हाडाको कुनै चरित्र वा स्वभाव नाटकमा देखिँदैन।

एउटै नाटक 'एन इनिमी अफ द पिपुल'लाई तीनवटा बेग्लाबेग्लै समूहले मञ्चन गरे। यही नाटकलाई पाकिस्तानको अजोका थिएटरले 'दुस्मन' बनायो। भारतबाट आएका दुई प्रस्तुतिमध्ये सहिलनाट देहरादुनले जनशत्रु र ऋत्विक बहरामपुरले देशद्रोही बनाएर मञ्चन गरे। यी तीनै नाटक भाषागत तथा सांस्कृतिक र भौगोलिक हिसाबले रुपान्तरण गर्न खोजिएको थियो। यी तीन नाटकमध्ये सबैभन्दा बढी 'स्कोर' पायो बंगाली प्रस्तुति देशद्रोहीले। देहरादुनको प्रस्तुति धेरै आलोचित रह्यो। उक्त प्रस्तुतिमा अभिनय र रुपान्तरणको कुनै सिर्जना थिएन। कलाकारहरू केवल नाटकको संवाद बोलिरहेका थिए। पाकिस्तानको प्रस्तुतिमा पनि कलात्मकताभन्दा बढी राजनीतिक अभिप्राय बढी देखिन्यो। ऋत्विकको प्रस्तुतिमा मेलो ड्रामाको हावी देखिए पनि मञ्च र भेषभूषाको परिकल्पना तथा डाक्टरको भूमिका निर्वाह गर्ने कलाकारको अभिनय तारिफयोग्य थियो।



भारतबाट आएको अर्को प्रस्तुति नाट्यभूमि देहरादुनको प्रेतोच्छाया 'द घोस्ट'को बंगाली रुपान्तरण हो। यस नाटकमा पनि अभिनयको हिसाबले मेलो ड्रामाको हावी भए पनि मञ्च, प्रकाश तथा संगीतको संयोजन सुन्दर थियो। आरोहणले आफ्नो चलेको प्रस्तुति पुतलीको घरलाई फेरि महोत्सवमा मञ्चन गरेर मनग्गे तारिफ पायो।

यस पटक इब्सन महोत्सवमा मनग्गे प्रयोग भए। बंगलादेशको चर्चित समूह सेन्टर फर एसियन थिएटरले इब्सनका नाटकलाई फरक तरिकाले प्रस्तुति गर्‍यो। मञ्चमा इब्सन आफैं उपस्थित थिए र उनी आफ्ना नाटकका चरित्रहरूसँग संवाद गर्थे। नाटकमा कोरस र गीत-संगीतको प्रयोग सुन्दर थियो। भाषा नबुझे पनि मञ्चको शिल्प र सिर्जनात्मक प्रस्तुतिले दर्शकलाई लोभ्याइरह्यो। पर्दा र स्याडोको प्रयोगले नाटकलाई अझै स्तरीय बनाएको थियो।

कलकत्ताका प्रणव मुखर्जीले इब्सनलाई खाना खान बोलाए। उनको अंग्रेजी प्रस्तुतिको नाम थियो 'इन्भाइटिङ इब्सन फर अ डिनर विथ इब्सन'। आफ्नै लेखनमा उनले इब्सनसँगको गफ, उनका नाटकको रुपान्तरण र त्यसको स्थितिका विषयमा सहज प्रस्तुति बनाएका थिए। महोत्सवमा चर्चामा रहेका अन्य दुई प्रस्तुति हुन् वीरेन्द्र हमालको प्रस्तुति 'खुसीको मृत्यु' र सुकर्मको सांगीतिक प्रस्तुति। 'खुसीको मृत्यु' इब्सनको तीनवटा कविताको संयुक्त प्रस्तुति हो। यस प्रस्तुतिमा निर्देशक हमालले संस्कृतिको प्रयोग र दृश्य संयोजनमा मेहनत गरेका छन्। तर, कविताको वाचन र त्यसको सौन्दर्य विलाएको छ। गति संयोजन र दृश्यको सबलताले धेरैले यस प्रस्तुतिको तारिफ गरे। सितार वादक डा. ध्रुवेशचन्द्र रेग्मी, तबला बादक प्रमोद उपाध्याय र सारङ्गी बादक श्याम नेपालीले जोखिमको काम गरे। सुकर्मका यी तीन हस्तीले इब्सनका तीन नाटक हेडा ग्याब्लर, द मास्टर बिल्डर र अ डल्स हाउस सार माथि सांगीतिक प्रस्तुति गरे। सिंगै तीनवटा नाटकलाई कसरी संगीतमा व्यक्त गर्ने ? यो चुनौतीको विषय थियो तर उनीहरूको शास्त्रीय र लोकको मिश्रणले भरिएको प्रस्तुतिले नाटकको कथालाई बाल्यो। नाटक हेरेका दर्शकले सुकर्मको प्रस्तुतिको लय र अर्थ समाइहाल्थे। नाटक नहेरेका दर्शकका लागि पनि संगीतको आफ्नै स्वाद थियो।

महोत्सवका अन्य सौन्दर्यहरू पनि थिए। भाजुमान कला कोठामा उत्तम नेपाली, किरण मानन्धर, मुकेश मल्ल आदिका चित्रहरू प्रदर्शनीमा राखिएको थियो। पुस्तक प्रदर्शनी र हस्तकलाका सामग्रीहरूले पनि महोत्सवको चहलपहल बढाएको थियो। यो एघार दिन लामो महोत्सव नेपाली रङ्गमञ्चका लागि ऐतिहासिक घटना बन्यो। महोत्सवमा मञ्चित अनेकौं नाटकले नेपाली रङ्गकर्मीहरूलाई 'स्कुलिङ'को काम गर्‍यो। रङ्गमञ्चमा प्रयोग र अन्तरक्रिया यस महोत्सवको सबैभन्दा ठूलो उपलब्धि बन्यो।

## किताब छापिए

इब्सन अन्तर्राष्ट्रिय नाटक महोत्सवको अवसर पारेर आरोहण गुरुकुलले तीनवटा गहकिला पुस्तक प्रकाशन गर्‍यो। प्राध्यापक अभि सुवेदीद्वारा लिखित 'नेपाली थिएटर एज आइ सी इट' नामक किताबले नेपाली रङ्गमञ्चको इतिहासलाई कोट्याउँछ भने शिव रिजालको किताब 'नेपाली रङ्गमञ्चः स्रोत साधन र सिर्जना' नेपाली रङ्गमञ्चको समसामयिक व्याख्या हो। अर्को गहकिलो किताब हो 'इब्सन वियोण्डः टाइम एण्ड स्पेस'। संसारका प्रसिद्ध रङ्ग समीक्षकहरूले इब्सनका नाटक र इब्सनमाथि गरेको समालोचनाको सङ्ग्रह हो यो। यस पुस्तकलाई प्रकाश सुवेदी, जीवेश रायमाझी र बलबहादुर थापाले सम्पादन गरेका छन्। यी तीनमध्ये दुई किताब 'नेपाली थिएटर एज आइ सी इट' र 'इब्सन वियोण्डः टाइम एण्ड स्पेस'लाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विमोचन गरेका थिए।

## उद्घाटनको रौनक

राजनीतिक अस्तव्यस्तताको त्यो घडीमा पनि प्रधानमन्त्री कोइराला नाटक महोत्सव उद्घाटनका लागि आउनु सबैका लागि एउटा चहलपहलको विषय थियो। कोइरालाले उद्घाटनपछि भने, 'यस पटकको लोकतान्त्रिक आन्दोलनमा रङ्गकर्मीहरूले गरेको योगदानले मलाई यहाँसम्म तानेर ल्याएको हो।' पाँच देशको उक्त बृहत् अन्तर्राष्ट्रिय नाटक महोत्सवको उद्घाटन प्रधानमन्त्रीद्वारा गरिनु महोत्सव र रङ्गक्षेत्रका लागि महत्त्वपूर्ण घडी थियो। उद्घाटन समारोहको सभापतित्व गरेका थिए, संस्कृतिविद् सत्यमोहन जोशीले। अतिथिहरू थिए भारतीय राजदूत शिवशंकर मुखर्जी र नर्वेका राजदूत तोरे तोराङ। यो महत्त्वपूर्ण जमघटले सर्वसाधारण र संचारमाध्यमलाई नाटकघरतिर गजबैले ध्यान खिच्यो।

## सेतो कपाल र महोत्सवको शोभा

वृद्धहरूको उपस्थिति नाटक महोत्सवको ठूलो शोभा थियो। सतासी नाघेका सत्यमोहन जोशीले नाटक छोडेनन्। रङ्गकर्मी प्रचण्ड मल्लले महोत्सवका सबै नाटक भ्याए। हातमा चुरोट च्याप्दै र चिया सुर्काउँदै मल्लले महोत्सवभरि गतिविधिको अवलोकन गरे। वृद्ध भए पनि उनमा एउटा विचित्रको उत्साह थियो। उनले नाटकका छलफल, मञ्चन र क्रियाकलापमा उत्तिकै सहभागिता जनाए। प्राध्यापक अभि सुवेदीले त गुरुकुलको डाँडोलाई विश्वविद्यालयको एउटा खण्ड बनाए। सेतै कपाल फुलेका आधा तालु उडेका यी विद्वान् गुरुकुलको डाँडोमा उभिएपछि युवाहरूले घेर्थे। परिसरमै कक्षा सुरु हुन्थ्यो। उनले नाटकका अनेकौ प्रसंग जोड्थे र इतिहास बोल्थे। एकातिरको सानो चिटिक्कको सम नाटकघर र अर्कोतिर उभिएका नाटककार गोपालप्रसाद रिमालको सालिकका बीचमा ती दुवैका इतिहास बोलेर इब्सनलाई सम्झाउँथे अभि सुवेदी।

कलाकार हरिहर शर्मा अर्को स्वभाव लिएर त्यहाँ उपस्थित हुन्थे। शर्माको गमक्कको स्वभाव घरीघरी इब्सनलाई सम्झाउँथ्यो। उनी सम नाटकघर अगाडि उभिन्थे र इब्सनको 'द मास्टर बिल्डर'को व्याख्या गर्थे। त्यो नाटक खेल्ने उनको धोको हो। यिनै उमेर खाएका अनुहारसँगै युवा पुस्ताको भीड पनि उत्तिकै थियो। स्कुल, कलेजका विद्यार्थीहरू यस महोत्सवका विशेष दर्शक थिए। ■



# बाबुको बिडो थाम्दै





**संगीत त बाबु भक्तराजले** पाएको वरदान हो भन्ने उनीहरूको सोच थियो । त्यसैले पनि बाबुको रियाज कोठामा जान औधी डर लाग्थ्यो उनीहरूलाई । त्यसमाथि पनि आफू पढ्ने अरुणिमा बोर्डिङ स्कुलका अंग्रेजी शिक्षक भएका कारण बाबुदेखि डराउनु सत्यराज र स्वरुपराजको लागि नियमितता नै थियो ।

भक्तराज आचार्यले गीत गुनगुनाउन्जेलसम्म घरमा आवतजावत गर्नेको भीड हेरी नसक्नु हुन्थ्यो । स्कुल जाँदा सबैले 'ऊ भक्तराबाजेका छोरा' भन्थे, कसैले गायक नै हौला नि हैन ? भनेर प्रश्न तेस्याउँथे । तैपनि, उनीहरूलाई यो गायन क्षेत्रप्रति कुनै चासो लाग्दैनथ्यो । बरु राम्रो फुटबल खेलाडी बन्थ्यौं कि भन्ने लाग्थ्यो । उतिखेर राम्रो फुटबल खेल्नेमा हाम्रै नाम अगाडि आउँथ्यो', सत्यराज सम्झिन्छन् ।

जुन काम गरौंला भनेर कहिल्यै सोचिएन, त्यही आइपऱ्यो भक्तराजका दुई छोराको काँधमाथि । २०५० सालमा भक्तराज आचार्यको जिब्रोमा क्यान्सर भएको थाहा भयो । तुरुन्तै अप्रेसन गर्नुपर्ने भयो । आर्थिक गर्जो टार्न पहिलोचोटि वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको स्टेजमा जिब्रोमा क्यान्सरले गर्दा फेरि कहिल्यै गाउन नसक्ने गरी थला बसेका बाबुको बिडो थाम्दै गायक भक्तराजको सहयोगका लागि 'जति चोट दिन्छौ देऊ मायालु' गीत गाएर गायनयात्रा सुरु गरे, सत्यराज र स्वरुपराजले ।

बाबुको उपचारको लागि सहयोग जुटाउनु थियो । 'अनायसै दुई भाइ गायक बन्यौं, धेरैले राम्रो छ भनिदिए, बाबुको बिडो थाम्ने भए दुई छोराले भने अनि गायक बन्ने मधुरो सपनातिर अग्रसर हुन थाल्यौं', उनीहरू एकसाथ भन्छन् ।

तैपनि गायक मात्रै बन्ने लाइन भने लगेका थिएनन् । सत्य र स्वरुपराजले बाबु गायक बन्दा घरको आर्थिक अवस्था नजिकैबाट नियालेका थिए । तर, भक्तराज थलापेरपछि घरभित्र सधैंजसो देख्न पाइने सांगीतिक चहलपहल शून्य हुँदै गयो । 'अब हामीले पनि बरु गाउनै पर्ला बुबाको बिडो मात्रै थाम्न भए पनि भनेर लागियो । योबाहेक कुनै ठूलै गायक बन्ने लक्ष्य भने थिएन', विगत सम्झँदै सत्य र स्वरुप भन्छन् ।

अहिले सत्य र स्वरुपराजको परिचय भक्तराज आचार्यको छोराको रुपमा मात्र छैन । शास्त्रीय गीतमा बाबुको बिडो थाम्दै सुरु भएको दुई भाइको सांगीतिक यात्राले नयाँ उचाइ लगेको छ । उनीहरू भन्छन्, 'अब बल्ल भक्तराजका दुई छोराबाट सुरु भएको हाम्रो परिचय सत्य र स्वरुपराजमा आइपुगेको छ ।'

घरभित्रको सांगीतिक वातावरणले उनीहरूलाई कहिल्यै छोएन । बरु बोर्डिङ स्कुलको पढाइ र सहरभित्रको जीवनशैलीका कारण पाश्चात्य संस्कृतिको प्रभाव पर्न थालेको थियो उनीहरूको जीवनशैलीमा । 'बरु कता कता मनमा हिरो बन्ने रहर पलाएर आउँथ्यो, तर गाउनेतिरको चासो कहिल्यै आएन । घरमा आपत् आइपर्दा मात्र गायक बनेका थियौं', अहिले उनीहरूको परिचय आधुनिकताभित्र शास्त्रीय संगीतलाई खोजिरहेका दुई गायकको रुपमा छ ।

■ ज्योति देवकाटा/काठमाडौं




Mrs. Bharati Shrestha

SARADA EMPORIUM

A showroom of Modern Ladies Suits & Ladies Dresses

SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807







के तपाईंले कपाल गुमाउनु भएको छ ?
निराश नहुनुहोस् ।
हामी दुरुस्तै बनाइदिन सक्छौं !!

कपाल नभएर स्वभाविक उमेर भन्दा बढी देखिंदा कस्तो लाग्ला ? अवश्य पनि नराम्रो । अब चिन्ता लिनु पर्दैन । न त कुनै **Surgery** न त कुनै **Side Effect !** कम्प्युटर डिजाइनअनुरुप कपाल पुनर्स्थापनपद्धतिबाट पहिलेको जस्तो कपाल पाउनुहोस् । नुहाउन, सुत्न, स्विमिङ खेल्न, खेलकुद गर्न आदि कत्ति पनि समस्या नहुने ।

" Hair Replacement Technology बाट मैले आफ्नो गुमाएको कपाल पाए धन्यवाद छ के३३ हेयर होटल लाई "
सुधांशु जोशी (फिल्म अभिनेता)

पहिलेको मूल्य रु. ~~१८,०००~~
अहिलेको मूल्य रु. १३,५००

सम्पर्क { काठमाडौं 4462207, 4462208, 4462209
पोखरा : 061-541480

Visit Our Web Site: www.k33nepal.com

MINOXIDIL (Hair Regrowth Solution) Also Available

के ३३ हेयरहोटल
कोटेश्वर, बालकुमारी पुलसँगै
पो.ब.नं.: 23534, मो. 9851011315
इमेल: info@k33nepal.com

के ३३ हेयरहोटल
रानीपौवा-११, पोखरा
सिद्धार्थ बोर्डिङ स्कूलको पछाडि, स्विमिङ पुलसँगै
इमेल: sales@k33nepal.com

होम डेलिभरी फ्रि

के तपाई आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ?
यदि तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने
आजै भेलफर्म सौना बेल्ट प्रयोग गरौं ।

रू. २४९५ मात्र साथै AB King Pro को Rs. 6500/-
साथै टिभीमा देखाइने अन्य सामानहरु

ग्लोबल टिभी प्रोडक्ट सप
पुतली सडक (शंकरदेव क्याम्पस अगाडि),
फोन नः ४२४२०६१, चावहिल २००२७९९
बुटवल फोन नः ०७१५४५७९३,
नारायणघाट फोन नं.: ९८४५०४२९२९







यो बेल्टले तपाईंलाई ५५ मिनेटको प्रयोगमै २ से.मी. पेट घटाउँछ ।

# लाहुरेका नमुना छोराहरू


**धरानका लाहुरेका** छोराहरू 'ड्रग्स' खाएर बिग्रिए भन्ने हल्ला बाहिरतिरै खुबै चल्ने गरेको छ। तर बाहिर चर्चा नभए पनि धरानकै दुईजना लाहुरेका छोराहरू ३५ वर्षीय कमल तिगेला लिम्बू र ३३ वर्षीय विजय लिम्बू भने धरानका युवाहरूलाई लागूपदार्थ दुर्व्यसनबाट मुक्त गर्न खुरुखुरु काम गरिरहेका छन्। लिम्बू जातिको सामाजिक संस्था किराँत याक्थुङ चुम्लुङअन्तर्गतको पुनर्जीवन केन्द्र सञ्चालन गरेर उनीहरूले ११ वर्षदेखि काम गर्दै आएका हुन्। उनीहरूमध्ये केन्द्रको कार्यक्रम निर्देशक रहेका कमल तिगेला त राष्ट्रिय क्षति न्यूनीकरण सञ्जालको हालै सम्पन्न राष्ट्रिय सम्मेलनबाट केन्द्रीय अध्यक्षमा निर्वाचित भएका छन्।

उनीहरूले एक हजारभन्दा बढीलाई लागूपदार्थबाट छुटकारा दिएर पुनःस्थापित जीवनलाई सृजनशील बनाउन सहयोग पुऱ्याएका छन्। केन्द्रमा प्रबन्ध निर्देशक विजय भन्छन्, 'अझै पनि धरानमा चार हजार जति लागूपदार्थका प्रयोगकर्ताहरू रहेका छन्। उनीहरूमध्ये सबैलाई लागूपदार्थबाट मुक्त गर्न नसके पनि धेरैलाई मुक्त गराउने हाम्रो लक्ष्य हो।'

फ्रिडम सेन्टरका फादर ग्याफनेबाट ११ वर्षअघि लागूपदार्थ प्रयोगकर्ताहरूको उपचार र मनोवैज्ञानिक उपचार पद्दतिसम्बन्धी प्रशिक्षणबाट प्रशिक्षित कमल र विजयले सबैभन्दा पहिले चतरालाइनमा दुइटा साना कोठा लिएर लागूपदार्थ प्रयोगकर्ताहरूको उपचार सुरु गरेका थिए, तर लागूपदार्थ प्रयोगकर्ताहरूको ठूलो भीडलाई सम्हाल्नका लागि ती साना दुई कोठा पर्याप्त भएन। उनीहरूले एउटा छुट्टै भवनको आवश्यकता देखे। 'त्यसमा पनि लागूपदार्थ प्रयोगकर्ताको उपचारका लागि गोपनीय र विश्वासको वातावरण आवश्यक हुन्छ, त्यसैका लागि हामीले आफ्नो एउटा छुट्टै भवनको आवश्यकता देख्यौं', कमल भन्छन्।

उनीहरूले आफ्नो सोच मूर्त बनाउन सहयोगीहरूको खोजी गर्न थाले। सोही क्रममा उनीहरूलाई धरान नगरपालिकाले दुई कट्ठा जग्गा उपलब्ध गराउने भयो। यसैगरी ब्रिटिस वेलफेयरले भवन निर्माण गरिदिने आश्वासन दियो भने स्थानीय बासिन्दाहरूले भरमग्दुर सहयोग गर्ने वचन दिए। फलस्वरुप ४५ लाख रुपैयाँ बराबरको आफ्नै भवनमा आवासीय उपचार केन्द्र चलाउन सम्भव भयो। ४० शय्याको उक्त उपचार केन्द्र विनाअवरोध सञ्चालन भइरहेको छ।

त्यसो त धरानमा लागूपदार्थ प्रयोगकर्ताहरूको उपचार सुरु गर्दा उनीहरूलाई पत्यार गर्नेको संख्या अत्यन्तै न्यून थियो। अहिले पनि आफूहरूलाई उत्साहित बनाउनुको साटो निरास बनाउनेको व्यवहारलाई उनीहरूले बिर्सेका छैनन्। 'तर, मलेसियाको एक कार्यशालामा सहभागी हुन जाँदा त्यहाँ हामीले बनाएको भवनलाई समुदाय परिचालनको उत्कृष्ट नमुना भनेर प्रशंसा गरिँदा भने हामीलाई केही गरेको महसुस भयो', उनीहरू भन्छन्। ■



विजय र कमल



तेज बस्नेत

# परेशको धुम

**परेश लोहनी,** राष्ट्रिय क्रिकेट टोलीका प्रारम्भिक ब्याट्सम्यान। उनी नेपालले अन्तर्राष्ट्रियस्तरमा खेलेको एकदिवसीय र त्रि-दिवसीय खेलमा सर्वाधिक रन बटुल्ने ब्याट्सम्यान हुन्। राष्ट्रिय प्रतियोगितामा लगातार दुईवटा शतक जमाउँदै नेपाली क्रिकेटमा उदाएका परेश यसै साता सिंगापुरविरुद्ध कीर्तिपुरमा बनाएको एक सय तीन रनको शतकीय इनिङका कारण चर्चामा छन्। नेपाली क्रिकेटमा उनलाई आलोचना गर्नेको भीड छैन, उनी छिटै आफ्नो नियन्त्रण गुमाउँछन्। कहिलेकाहीं आफ्नो तौलका कारण पनि उनी चर्चामा रहने गर्छन्। उनको खेल्ने शैली मन नपराउनेहरूको भीड पनि नेपाली क्रिकेटमा धेरै छ। यद्यपि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उनको ब्याटिङ प्रदर्शन राम्रो रहे पनि परेश प्रायः चर्चा बाहिर नै रहने गर्छन्।

पछिल्लोपल्ट हङकङविरुद्ध काठमाडौंमै र संयुक्त अरब इमिरेटविरुद्ध युएईमा खेलिएको एसिसी प्रिमियर लिग प्रतियोगितामा उनको खराब प्रदर्शनका कारण आलोचित बन्न पुगेका थिए।

'आलोचनासँग मलाई डर लाग्दैन। म सधैं राम्रो प्रदर्शन गर्न लालायित रहने गर्छु', परेश भन्छन्। उनले गत वर्ष त्रि-दिवसीय क्रिकेटअन्तर्गत नै सिंगापुरविरुद्ध सिंगापुरमै अविजित एक सय एक रन बनाएर चर्चा बटुलेका थिए।

परेश नेपालका एकमात्र यस्ता ब्याट्सम्यान हुन्, जसले त्रि-दिवसीय खेलमा दुई शतक बनाइसकेका छन्। उनी सन् २००० मा युएईमा भएको तेस्रो एसिसी ट्रफीदेखि अनवरत राष्ट्रिय टोलीमा सहभागी रहँदै आइरहेका छन्। त्रि-दिवसिय क्रिकेटमा उनले सात सय ८५ रन बनाइसकेका छन्। 'मेरो उद्देश्य हजार रन बनाउने हुनेछ', एसिसी प्रिमियर लिगअन्तर्गत मलेसियासँग क्वालालम्पुरमा खेल्ने तयारीमा रहेका २६ वर्षीय ब्याट्सम्यान भन्छन्। ■



युवराज घिमिरे

# 'शून्य सहिष्णुता'को राजनीतिका पात्रहरू नयाँ अवतारमा

झट्ट हेर्दा कात्तिक २२ गतेको सहमति गत वर्ष दिल्लीमा भएको बाह्रबुँदे सहमतिको अपेक्षित परिणति जस्तो देखिन्छ, तर यो त्यति मात्र हैन । यो सहमति एघार वर्षको द्वन्द्व, आतंक र त्यसले पैदा गरेको अनिश्चितता एकातिर र सकारात्मकरूपमा भन्दा त्यो आन्दोलनले उठाएका मुद्दाहरूलाई सम्बोधन गरिनै पर्ने परिस्थितिको सिर्जनाबाट निर्देशित नतिजा पनि हो ।

विगत ११ वर्षका अरू राजनीतिक प्रवृत्तिले पनि बीचका राजनीतिक समीकरण, द्वन्द्व र वर्तमान सहमतिलाई प्रभावित गरेका छन् । रणनीतिकरूपमा माओवादी र सात दलले बीचको तिक्तता नकोट्याउनु असल नियतभन्दा अप्ठ्यारा मुद्दालाई गुन्द्रीमुनि घुसार्ने नेपाली राजनीतिक चरित्रको निरन्तरता मात्र हुनेछ । भावी राजनीतिको दिशा निर्दिष्ट गर्दा केही प्रवृत्तिलाई केलाउनै पर्ने हुन्छ र त्यसमा राजनीतिक दलहरू र माओवादीबाट न्यूनतम इमानदारी र आत्मसमीक्षाको साहस पनि प्रदर्शन हुनु आवश्यक छ ।

२०५८ असोज १८ गते नेपालको वर्तमान राजनीतिक इतिहासको एउटा निर्णायक मोड थियो । माओवादी आन्दोलनलाई आतंकवादको प्रतीक मान्दै त्यसलाई दमन गर्न राजाको सक्रिय नेतृत्वलाई त्यस दिन अन्तर्राष्ट्रिय जगत् खासगरी भारत, चीन, बेलायत र अमेरिकाले प्रत्यक्ष समर्थन गरेका थिए । अर्थात् 'आतंकवाद'विरुद्ध 'शून्य सहिष्णुता'को नीतिलाई राजाले अपनाएको र अन्तर्राष्ट्रिय जगत्ले अनुमोदन गरेको प्रमाण थियो, त्यो । राजालाई त्यो हैसियत प्रदान गर्नमा दलहरू र माओवादी पनि निकै हदसम्म जिम्मेवार थिए । राजा ज्ञानेन्द्रले दाङ ब्यारेकमा माओवादी आक्रमणपछि संसद्मा गिरिजाप्रसाद कोइराला, माधव नेपाल लगायत बहुमतले शेरबहादुर देउवा सरकारद्वारा माओवादीविरुद्ध सेना परिचालनको निर्णयलाई नै निरन्तरता दिएका थिए । यद्यपि, आतंकविरुद्धको लडाइँका नाममा उनले विस्तारै प्रजातान्त्रिक शक्तिहरूलाई किनारा लगाउन सत्ताको प्रयोग पनि त्यसै दिन सुरु गरेका थिए । माघ १९ मा उनको त्यो योजना र महत्त्वाकांक्षाले पूर्णता पाएको थियो ।

'शून्य सहिष्णुता'को राजनीति राजाले जस्तै माओवादीले पनि अख्तियार गरेका थिए, खास गरी दुई प्रमुख दलहरू - नेपाली कांग्रेस, एमालेका साथै कांग्रेस प्रजातान्त्रिकविरुद्ध पनि । शून्य सहिष्णुताको त्यो राजनीतिभित्रै बनेको समीकरणपछि दुई पक्ष राजाविरुद्ध गोलबद्ध भएका हुन् । र, प्रजातान्त्रिक पद्धतिलाई थाती राखेर वा प्रजातन्त्रकै विरुद्ध गएर आतंकवादविरुद्धको लडाइँ अगाडि बढाउने राजाको कदमलाई अन्तर्राष्ट्रिय जगत्ले अस्वीकार गरेको हो ।

नेपालको सन्दर्भमा माओवादीलाई उनीहरूको अतीतको 'शून्य सहिष्णुता'को राजनीतिका बाबजुद भारत सरकारले दलहरूसँग समझदारी गराएर प्रजातान्त्रिक संस्कार अपनाउन प्रोत्साहित गरेको छ । तर आफ्नै मुलुकभित्र करिब १८० जिल्लाभित्रको माओवादी समस्यालाई उसले 'कानुन व्यवस्था'का रूपमा लिएर त्यसलाई पराजित गर्ने मुख्य जिम्मा त्यहाँको सुरक्षानिकायलाई सुम्पिएको छ । त्यहाँका माओवादी शक्तिहरू अझै शक्तिशाली राजनीतिक शक्तिका रूपमा स्थापित हुन नसक्दा पनि सरकारले उनीहरूलाई अपराधीका रूपमा प्रस्तुत गर्न सफल भएको छ । र, नेपालका माओवादीको मुख्यधार राजनीतिकरणले भारतीय सरकारको त्यहाँका माओवादीप्रतिको रवैयालाई प्रभावित गर्ने देखिँदैन र निश्चय पनि भारत नेपालको वर्तमान शान्ति प्रक्रियामा माओवादीको सकारात्मक भूमिकाको अपेक्षा राख्छ । तर उनीहरूको आचरण, आचारसंहिताको परिपालना र बन्दुकको राजनीतिक छोड्ने इच्छाका स्वीकार्य प्रमाणहरू पनि ऊ चाहन्छ । सम्भवतः प्रचण्ड र बाबुराम भट्टराईले राजदूत शिवशंकर मुखर्जीसँगको आफ्नो नियत र शान्तिप्रतिको प्रतिबद्धतालाई शंका नगर्न आग्रह गरेका थिए । शान्तिप्रति प्रतिबद्धता भएमा आगामी दिनमा असल नियतको प्रमाण र आचरण प्रस्तुत गर्न माओवादीलाई कठिन हुनेछैन ।

कात्तिक २२ को सहमति नेपाली राजनीतिमा मेलमिलाप र सम्झौताको एउटा नयाँ प्रयोगको प्रतिबद्धता पनि हो । त्यो शून्य सहिष्णुताको राजनीति त्याग्ने सार्वजनिक प्रयास पनि हो । राज्यले केही संख्यामा सेनाका बन्दुकहरू राष्ट्रसंघीय निगरानीमा राख्ने लचिलो रवैया देखाएर बन्दुक थन्किँदा विश्वासको वातावरण बन्न सक्छ भन्ने सोच पनि अगाडि सारेको छ ।

माओवादीहरूले प्रस्तावित उपशिविरहरू सात मुख्य शिविरभन्दा टाढा राख्ने माग राखेर राष्ट्रसंघ र अन्तर्राष्ट्रिय जगत्लाई उनीहरूको नियतमाथि शंका गर्ने अवसर दिएका छन् । हतियारमाथिको उनीहरूको पहुँच यथावत् रहेमा राजनीतिक प्रतिस्पर्धीहरूप्रति उनीहरू सहिष्णु भएको सन्देश जानेछैन ।

माओवादीहरूले प्रस्तावित उपशिविरहरू सात मुख्य शिविरभन्दा टाढा राख्ने माग राखेर राष्ट्रसंघ र अन्तर्राष्ट्रिय जगत्लाई उनीहरूको नियतमाथि शंका गर्ने अवसर दिएका छन् । हतियारमाथिको उनीहरूको पहुँच यथावत् रहेमा राजनीतिक प्रतिस्पर्धीहरूप्रति उनीहरू सहिष्णु भएको सन्देश जानेछैन ।

अन्तरिम संसद्मा उपस्थित हुने करिब ८० माओवादी सांसदको सदनभित्रको आचरण कस्तो होला ? समानान्तर रूपमा सत्य आयोगको गठन तथा आचारसंहिताको इमानदार पालन सुनिश्चित भएमा त्यसले संसद्भित्र उनीहरूको आचरणलाई अवश्य पनि सकारात्मकरूपमा प्रभावित गर्नेछ । राजनीतिक असहिष्णुता प्रदर्शन गर्ने थलोका रूपमा संसद्को दुरूपयोग भएमा शून्य सहिष्णुताको राजनीतिले निरन्तरता पाई नै रहनेछ । र, राजालाई सत्ताबाट अलग गरिएको पृष्ठभूमिमा पनि त्यो राजनीतिले निरन्तरता पाएमा त्यसको ठूलो दोष माओवादीलाई नै जानेछ ।

अहिलेको प्रक्रिया स्वभावतः मेलमिलाप र मध्यमार्गको हो । 'शून्य सहिष्णुता'को राजनीतिलाई प्रतिद्वन्दीविरुद्धको भौतिक कारबाहीका रूपमा भन्दा सामाजिक, आर्थिक र राजनीतिक असमानताविरुद्धको मेलमिलापमा आधारित नीतिका रूपमा स्थापित गर्नु आजको चुनौती हो र शून्य सहिष्णुताको नयाँ राजनीतिको साझा निसाना हिंसा तथा आतंक पनि बन्नै पर्छ । ■